# नेपाली साहित्यको विकासमा धादिङ साहित्य समाजको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभागको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**भैरब खान ठकुरी**
**वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर**
**नेपाली विभाग**
२०६७

# नेपाली साहित्यको विकासमा धादिङ साहित्य समाजको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभागको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोध निर्देशक**
**भवनाथ सडौला**
**सहप्राध्यापक**

शोधार्थी
**भैरब खान ठकुरी**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
**भरतपुर, चितवन**
त्रि.वि. दर्ता नं. : ४१९३८-९५


२०६७

# त्रिभुवन विश्व विद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
## नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनका छात्र भैरब खान ठकुरीले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **नेपाली साहित्यको विकासमा धादिङ साहित्य समाजको योगदान** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**<u>शोध मूल्याङ्कन समिति</u>**

| | | | |
|---|---|---|---|
| १) | **प्रा.डा. नारायणप्रसाद खनाल** | (विभागीय प्रमुख) | ........................ |
| २) | **सह प्रा. भवनाथ सडौला** | (शोध निर्देशक) | ...................... |
| ३) | | (बाह्य परीक्षक) | .......................... |

मिति : २०६७/०९/२७

# शोध निर्देशकको मन्तव्य

**नेपाली साहित्यको विकासमा धादिङ साहित्य समाजको योगदान** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, नेपाली विभाग स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि छात्र भैरब खान ठकुरीले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म पूर्ण रुपमा सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग समक्ष सिफारिससाथ अनुरोध गर्दछु ।

मिति : २०६७/०९/२२

..........................

**भवनाथ सडौला**

सहप्राध्यापक

# कृतज्ञताज्ञापन

**नेपाली साहित्यको विकासमा धादिङ साहित्य समाजको योगदान** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु सहप्राध्यापक भवनाथ सडौलाको निर्देशनमा तयार पारेको हुँ । आफ्नो कार्य व्यस्तताका बीच पनि यो शोधपत्र तयारीका सन्दर्भमा स्नेहपूर्वक निर्देशन तथा विविध ज्ञानबर्द्धक सल्लाह र सुझाव दिएर सहयोग गर्नु हुने श्रद्धेय गुरुप्रति म सदा ऋणी छु । प्रस्तुत शीर्षकमा शोधपत्र लेख्ने अवसर प्रदान गर्नु हुने विभागीय प्रमुख प्रा.डा.नारायणप्रसाद खनाल तथा नेपाली विभागप्रति म सदा कृतज्ञ छु । यसै क्रममा अमूल्य सहयोग गर्नु हुने क्याम्पस प्रमुख प्रा.डा. गणेशप्रसाद खराल, सहप्राध्यापक डा. लक्ष्मणप्रसाद गौतम, उपप्राध्यापकहरू दीननाथ शर्मा, एकनारायण पौडेलप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । धादिङ साहित्य समाजका अध्यक्ष डिल्लीरमण शर्मा अर्याल र सचिव नवीनबन्धु पहाडीले यस समाजका महत्त्वपूर्ण दस्तावेजहरू, निर्णय पुस्तिका, उपस्थिति पुस्तिका, दुर्लभ तस्वीर तथा समाजका ऐतिहासिक तथ्याङ्कहरू उपलब्ध गराएर अतुलनीय योगदान पुऱ्याउनु भएको छ । यस अवसरमा उहाँहरूप्रति म हृदयतः आभार व्यक्त गर्दछु । त्यसै गरी धादिङ साहित्य समाजका अन्य आजीवन सदस्यहरूप्रति कृतज्ञ छु । लेखनको क्रममा आवश्यक सल्लाह प्रदान गर्नु हुने वीरेन्द्र बहुमुखी क्याम्पसका सहायक  प्रशासकहरू शिवप्रसाद पोखरेल र विजयराज पण्डितप्रति पनि कृतज्ञ छु । त्यस्तै क्याम्पसका सहयोगी भीमबहादुर थापाले लगाउनु भएको गुनलाई पनि सम्झिन चाहन्छु । तथ्याङ्क सङ्कलनको क्रममा विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाहरू, जिल्ला स्थित विभिन्न साहित्यिक संस्था र तिनका पदाधिकारीहरूबाट प्राप्त सहयोगप्रति आभारी छु । यसैगरी कम्प्युटर सेटिङ गरिदिने भाई नवीन खान ठकुरीलाई धन्यवाद दिन चाहन्छु । उपयुक्त घरायसी वातावरण बनाई शोध कार्यको लेखनमा सहयोग पुऱ्याउने मेरी जीवनसङ्गी जुना खान ठकुरीप्रति साधुवाद व्यक्त गर्दछु । शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग भरतपुर समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६७/०९/२०

शोधार्थी

**भैरब खान ठकुरी**

त्रि.वि. दर्ता नं. : ४१९३८-९५

# सङ्क्षेपीकृत शब्द सूची

| | | |
|---|---|---|
| अप्र. | : | अप्रकाशित |
| उ.मा.वि. | : | उच्च माध्यामिक विद्यालय |
| एफ.एम. | : | फ्रिक्वेन्सी अफ मोडुलेसन |
| एम.ए. | : | मास्टर्स अफ आर्ट्स |
| का.का.स. | : | कार्यकारिणी समिति |
| का.स. | : | कार्य समिति |
| कि.मि. | : | किलोमिटर |
| कै. | : | कैफियत |
| को.ले.नि.का. | : | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| गै.स.स. | : | गैर सरकारी संस्था |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| जि.स.व. | : | जिल्ला सरकारी वकिल |
| जि.स.व.का. | : | जिल्ला सरकारी वकिलको कार्यालय |
| डा. | : | डाक्टर |
| धा.सा.स. | : | धादिङ साहित्य समाज |
| प्र. | : | प्रसाद |
| प्रा. | : | प्राध्यापक |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| प्र.जि.अ. | : | प्रमुख जिल्ला अधिकारी |
| प्र.मा.वि. | : | प्रस्तावित माध्यमिक विद्यालय |
| बि.क. | : | विश्वकर्मा |
| मा.न्या. | : | माननीय न्यायधीस |
| रा.वा. | : | राष्ट्रिय वाणिज्य |
| शि. | : | शिक्षक |
| सम्पा. | : | सम्पादक |
| सह प्रा. | : | सहप्राध्यापक |
| स्व. | : | स्वर्गीय |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |

# विषय-सूची

## परिच्छेद : एक


**१. शोध परिचय** १-६

१.१ विषय परिचय १
१.२ समस्या कथन १
१.३ शोध कार्यको उद्देश्य २
१.४ पूर्व कार्यको विवरण र समीक्षा २
१.५ शोध कार्यको औचित्य ५
१.६ शोध कार्यको सीमाङ्कन ५
१.७ सामग्री सङ्कलन विधि ६
१.८ शोधविधि ६
१.९ शोधपत्रको रूपरेखा ६


## परिच्छेद : दुई


**२.धादिङ जिल्लाको सङ्क्षिप्त परिचय** ८-१५

२.१ पृष्ठभूमि ८
२.२ नामाकरण ८
२.३ भौगोलिक अवस्थिति र सिमाना ८
२.४ राजनीतिक विभाजन ९
२.५ हावापानी तथा तापक्रम ९
२.६ नदीनाला ९
२.७ वनजङ्गल तथा वन्यजन्तु ९
२.८ धार्मिक एवं पर्यटकीय स्थल १०
२.९ जनसङ्ख्या १०
२.१० धर्म ११
२.११ जाति ११
२.१२ भाषा ११
२.१३ सामाजिक जनजीवन ११
२.१४ यातायात १२
२.१५ कृषि तथा पशुपालन १२
२.१६ शिक्षा १३
२.१७ स्वास्थ्य १३
२.१८ सञ्चार १३
२.१९ उद्योग तथा व्यवसाय १४
२.२० गैरसरकारी संस्थाहरू १४
२.२१ निष्कर्ष १५

# परिच्छेद : तीन

## ३. धादिङ जिल्लाको सङ्क्षिप्त साहित्यिक इतिहास र साहित्यिक सङ्घ संस्थाहरू १६-३१


**३.१ धादिङ जिल्लाको साहित्य सृजन परम्परा** **१६**
३.१.१ नेपाली साहित्यको प्राथमिक काल र धादिङको साहित्य सृजन परम्परा १६
३.१.२ नेपाली साहित्यको माध्यमिक काल र धादिङको साहित्य सृजन परम्परा १७
३.१.३ नेपाली साहित्यको आधुनिक काल र धादिङको साहित्य सृजन परम्परा १८
**३.२ पत्रपत्रिकामा साहित्य** २०
३.२.१ धादिङ आवाज २१
३.२.२ जनमुक्ति मार्ग २१
३.२.३ प्रभात किरण साप्ताहिक २१
३.२.४ नेत्रावती साप्ताहिक २२
३.२.५ हाइवे खबर साप्ताहिक २२
**३.३ रेडियोमा साहित्य** **२२**
३.३.१ रेडियो धादिङ २३
३.३.२ रेडियो लोकतन्त्र २३
३.३.३ रेडियो बिहानी २४
**३.४ धादिङमा स्थापित पुरस्कार** **२४**
**३.५ धादिङका साहित्यिक सङ्घ संस्थाहरूको परिचय** **२५**
३.५.१ विशुद्ध साहित्यिक सङ्घ संस्थाहरू २५
३.५.१.१ दर्ता भई सक्रिय रहेका साहित्यिक सङ्घ संस्थाहरू २५
क) धादिङ साहित्य समाज (२०५४) २५
ख) त्रिवेणी साहित्य समाज (२०५५) २६
ग) पृथक् अभियान नेपाल (२०६४) २७
३.५.१.२ दर्ता नभएका तर सक्रिय रहेका सहित्यिक सङ्घ/संस्थाहरू २७
क) स्रष्टा अभियान धादिङ २८
ख) भानु प्रतिष्ठान, धादिङ २८
३.५.१.३ दर्ता भएर निष्क्रिय रहेका साहित्यिक सङ्घ संस्थाहरू २८
क) गोधुली साहित्य समाज २८
ख) पाविल साहित्य परिवार २९
३.५.२ साहित्यिक गतिविधि गर्ने अन्य सङ्घ संस्थाहरू ३०
३.५.२.१ जनता पुस्तकालय ३०
३.५.२.२ कर्मचारी मिलन केन्द्र, धादिङ ३०
३.६ निष्कर्ष ३१

# परिच्छेद : चार


## ४. धादिङ साहित्य समाजको अध्ययन ३३-६६

**४.१ धादिङ साहित्य समाजको परिचय ३३**
४.१.१ पृष्ठभूमि ३३
४.१.२ संस्थापकहरूको भेला र स्थापना ३३
४.१.३ नामकरण तथा संस्था दर्ता ३४
४.१.४ उद्देश्यहरू ३४
४.१.५ सदस्यता ३६
४.१.५.१ साधारण सदस्य ३७
४.१.५.२ आजीवन सदस्य ३९
४.१.५.३ संरक्षक सदस्य ४०
४.१.५.४ सल्लाहकार सदस्य ४१
४.१.५.५ मानार्थ सदस्य ४१
४.१.६ प्रथम कार्य समिति (तदर्थ समिति) ४१
४.१.७. साधारण सभा र नेतृत्व ४२
४.१.७.१ पहिलो अधिवेशन ४२
४.१.७.२ दोस्रो अधिवेशन ४३
४.१.८ आर्थिक अवस्था र सम्पत्ति ४४
**४.२ विभिन्न गतिविधिहरू ४४**
४.२.१ पृष्ठभूमि ४४
४.२.२ मुख्य निर्णय तथा सम्पादित कार्यहरू ४५
४.२.३ मुखपत्र बिसौनीको प्रकाशन ४९
४.२.३.१ पहिलो अङ्क ५०
४.२.३.२ दोस्रो अङ्क ५०
४.२.३.३ तेस्रो अङ्क ५१
४.२.३.४ चौथो अङ्क ५२
४.२.३.५ पाँचौं अङ्क ५२
४.२.३.६ छैठौं अङ्क ५३
**४.२.४ धासासबाट प्रकाशित पुस्तकको विवरण ५६**
४.२.४.१ लेखक र सम्पादक ५७
४.२.४.२ संरचना र शीर्षक ५७
४.२.४.३ विषयवस्तु ५७
४.२.५ धासासबाट स्थापित पुरस्कार ५८
**४.३.५ धादिङ साहित्य समाजमा आबद्ध प्रमुख स्रष्टाहरू ५८**
४.३.१ डिल्लीरमणशर्मा अर्याल ५८
४.३.२ बद्री दाहाल ‘भष्मासुर’ ६०
४.३.३ नवीनबन्धु पहाडी ६०
४.३.४ नवराज लम्साल ६१
४.३.५ बाबुकाजी सिलवाल ६१
४.३.६ प्रयास सौरभ श्रेष्ठ ६२
४.३.७ हेमराज अर्याल ६३

४.३.८ दीपेन्द्रसिंह थापा ६३
४.३.९ दामोदर नलाङी ६४
४.३.१० हरि खनाल ६४
४.३.११ सीता अधिकारी ६५
४.३.१२ तिलु गुरुङ ६५
४.४ निष्कर्ष ६६

## परिच्छेद : पाँच

**५. नेपाली साहित्यमा धादिङ साहित्य समाजको योगदान** ६८-७३
५.१ पृष्ठभूमि ६८
५.२ उद्देश्यका आधारमा भएका कामहरू ६८
५.३ जिल्लामा स्थापित साहित्यिक सङ्घ संस्थाका सापेक्षतामा यसले खेलेको भूमिका ७०
५.४ धासासको शक्ति र सीमा ७१
५.५ निष्कर्ष ७३

## परिच्छेद : छ

**६. उपसंहार** ७४-७७

## सन्दर्भ सूची

सन्दर्भ पुस्तक सूची ७८
सन्दर्भ पत्रिका सूची ७९
सन्दर्भ व्यक्ति सूची ८०

## परिशिष्ट

व्यक्तिगत विवरण फारम ८१
धादिङ जिल्लाको नक्सा ८२
धादिङ साहित्य समाजको विधान ८३
धादिङ साहित्य समाजको पहिलो बैठकको निर्णय ९०
संस्था दर्ताको प्रमाणपत्र ९२
भानु प्रतिमा अनावरण कार्यक्रममा विभिन्न व्यक्तिले दिएका शुभकामना सन्देश ९३
धादिङ साहित्य समाजबाट प्रकाशित पुस्तक ९६
धादिङ साहित्य समाजबाट प्रकाशित मुखपत्र बिसौनी ९७

# तालिका सूची

तालिका नं. १ धासासका प्रकाशन **बिसौनी**का सङ्क्षिप्त परिचय ५५

# परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

वि.सं. २०५४ मा स्थापना भएको **धादिङ साहित्य समाज** धादिङ जिल्लाको पहिलो र पुरानो साहित्यिक संस्था हो । स्थानीय नव प्रतिभाको खोजी, भाषा, कला, साहित्य र संस्कृतिको खोजी, अध्ययन, अनुसन्धान, संरक्षण र सम्बर्द्धन तथा पुराना साहित्यिक स्रष्टाहरूको सम्मान गर्ने उद्देश्यले स्थापित यस संस्थाले नेपाली साहित्यको विकासमा पनि उल्लेख्य योगदान पुऱ्याएको छ । स्थापना कालको दोस्रो वर्षदेखि मुखपत्रका रूपमा **बिसौनी** पत्रिका वार्षिक रूपमा प्रकाशित गर्दै हालसम्म निरन्तरता दिएको छ । साहित्यिक व्यक्तित्वहरू भानुभक्त आचार्य, मोतिराम भट्ट, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा जस्ता स्रष्टाका जयन्तीको अवसर पारेर यसले विभिन्न साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । त्यस्तै साहित्यिक प्रतिभाहरूको सम्मानार्थ हालै यसले **दैवज्ञ स्रष्टा सम्मान** नामक रु. १,५०,०००/– को अक्षय कोष स्थापना गरेको छ । आवधिक निर्वाचन, संस्थागत विकास, नेतृत्व विकास, आदिको माध्यमबाट पनि यो संस्था आफ्नो पहिचानलाई अझै लोकप्रिय र सुदृढ बनाएर धादिङ मात्र नभई देशकै महत्त्वपूर्ण संस्थाको रूपमा परिचित छ । यति महत्त्वपूर्ण यो स्थानीय साहित्यिक संस्था आफैमा अनुसन्धेय विषयको रूपमा रहेको छ तर आज सम्म पनि यस संस्थाले नेपाली साहित्यमा गरेको योगदानको बारेमा कहि कतैबाट शोधखोज र अनुसन्धान भएको नदेखिएकाले **नेपाली साहित्यको विकासमा धादिङ साहित्य समाजको योगदान** विषय यस शोधकार्यका लागि चयन गरिएको छ । यसर्थ यस शोधपत्रमा धादिङ जिल्लाको सङ्क्षिप्त परिचयका साथै धादिङ साहित्य समाजले गरेका कार्यहरूमाथि अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

धादिङ साहित्य समाजले गरेको विविध साहित्यिक क्रियाकलाप र नेपाली सहित्यको विकासमा धादिङ साहित्य समाजले कति योगदान गरेको छ भनी अध्ययन गर्नु प्रस्तुत शोधपत्रको मुख्य समस्या रहेको छ । यिनै समस्या र यससँग सन्दर्भित भएर आउने विभिन्न समस्याहरू यस प्रकार छन् :

क. धादिङको भौगोलिक अवस्था कस्तो छ र यहाँको साहित्यिक गतिविधिहरू के कस्ता छन् ?

ख. धादिङ साहित्य समाजको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य, दर्ता, नेतृत्व आदिको अवस्था कस्तो छ ?

ग. धादिङ साहित्य समाजले सम्पादन गरेका प्रमुख कार्यहरू के कस्ता छन् ?

घ. धादिङ साहित्य समाजमा को को लेखकहरू समावेश छन् र यसका प्रकाशनहरू के के छन् ?

ङ. नेपाली साहित्यमा धादिङ साहित्य समाजको योगदान कस्तो रहेको छ ?

यिनै प्रमुख समस्याहरूको बारेमा यस शोधपत्रमा अध्ययन गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य नेपाली साहित्यको विकासमा **धादिङ साहित्य समाजको योगदान**को अध्ययन गर्नु रहेको छ । बुँदागत रूपमा यसका खास उद्देश्यहरू यस प्रकार रहेका छन् :

क. धादिङको भौगोलिक अवस्था तथा यहाँको साहित्यिक गतिविधिहरूको बारेमा प्रकाश पार्नु ।

ख. धादिङ साहित्य समाजको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य, दर्ता, नेतृत्व आदिको बारेमा प्रकाश पार्नु ।

ग. धादिङ साहित्य समाजले सम्पादन गरेका प्रमुख कार्यहरूका बारेमा उल्लेख गर्नु ।

घ. धादिङ साहित्य समाजमा आबद्ध लेखकहरू र यसका प्रकाशनहरूको जानकारी गराउनु ।

ङ. नेपाली साहित्यको विकासमा धादिङ साहित्य समाजको योगदानको बारेमा चर्चा गर्नु ।

यिनै उद्देश्यको परिपूर्तितर्फ यो शोधकार्य केन्द्रित छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

धादिङ साहित्य समाजले आफ्नो मुखपत्र ६ अङ्कसम्म प्रकाशन गरेको छ । आफ्नो मुखपत्र लगायत अन्य पत्रपत्रिकाहरूमा यस संस्थाको बारेमा प्रकाश पारिएको पाइन्छ । यस संस्थाको सम्बन्धमा भए गरेका चर्चा परिचर्चा निम्नानुसार रहेका छन् :

क) विश्वराज अधिकारीले धादिङ साहित्य समाजको मुखपत्रको रूपमा वि.सं.२०५५मा प्रकाशित **बिसौनी**को पहिलो अङ्कमा रहेको *धादिङ साहित्य समाजको चिनारी* लेख मार्फत तत्कालीन कोष तथा लेखा नियन्त्रण कार्यलयका प्रमुख तीर्थराज अधिकारीको क्रियाशीलतामा र डिल्लीरमण शर्माको संयोजकत्वमा धादिङ साहित्य समाजको गठन भएको र तत्पश्चात् यसले राष्ट्रिय कवि सम्मेलन लगायत विभिन्न क्रियाकलाप सम्पन्न गरेको उल्लेख गरेका छन् ।

ख) नवीनबन्धु पहाडीले धादिङ साहित्य समाजबाट वि.सं. २०५८ मा प्रकाशित **बिसौनी**को अङ्क ५, पृष्ठ १६ मा रहेको *स्मृतिको पन्नाभित्र राष्ट्रिय कवि सम्मेलन* लेखमार्फत धादिङ साहित्य समाज र त्यसको गतिविधि तथा समाजद्वारा आयोजित राष्ट्रिय कवि सम्मेलनको चर्चा गरिएको छ । धादिङ साहित्य समाजले २०५७ चैत्र ४ गते राष्ट्रिय कवि सम्मेलनको आयोजना गरेको थियो, जसमा अधिराज्य भरका विभिन्न जिल्लाबाट प्रतिनिधित्व भएको थियो । प्रसिद्ध प्रगतिवादी साहित्यकार रमेश विकलको प्रमुख आतिथ्यमा सञ्चालित उक्त राष्ट्रिय कवि सम्मेलनमा १५० भन्दा बढी कविताहरू वाचन गरिएका थिए । उक्त सम्मेलन गरेर यस्तो अभूतपूर्व कार्य गर्न सफल धादिङ साहित्य समाजलाई सबैले प्रशंसा गरेको र नवीनबन्धु पहाडीबाट कार्यपत्र प्रस्तुत गरिएको कुरा यहाँ उल्लेख गरिएको छ ।

ग) कवि शङ्कर सुवेदीको २०५९ सालमा प्रकाशित कविताहरूको सङ्ग्रह **‘आमा’** कृतिलाई शुभेच्छा दिने क्रममा डिल्लीरमणशर्मा अर्यालले धादिङ साहित्य समाजको *अध्यक्षको परिचय*बाट कविको प्रशंसा गरेका छन् । कवि शङ्कर सुवेदी धादिङ साहित्य समाजको नियमित बिसौनी (कवि गोष्ठी) मा कविता लेखेर सुनाउँदा सुनाउँदै उनको प्रतिभा स्फुरण भयो भनेर उल्लेख गरेका छन् ।

त्यस्तै शङ्कर सुवेदीले यस कविता सङ्ग्रहको *अभिव्यक्तिका पुष्पाञ्जली* शीर्षकमा धादिङ साहित्य समाजको काव्यिक वातावरणले मेरो सुषुप्त कवि भावनालाई तरङ्गित बनाएको विचार उल्लेख गरेका गरेका छन् । त्यस्तै धादिङ साहित्य समाजका स्रष्टाहरू डिल्लीरमणशर्मा अर्याल, बद्री दाहाल, नवीनबन्धु पहाडी, राजेन्द्रप्रताप शाहप्रति आभार प्रकट गरेका छन् ।

घ) वि.सं. २०६१ सालमा ने.वि.सङ्घ धादिङद्वारा प्रकाशित **ज्ञानज्योति** नामक पत्रिकाको पृष्ठ २५ मा रामचन्द्र लम्सालले *धादिङको गरिमा र साहित्यिक सम्पदा* लेखमा धादिङ र नेपाली साहित्य सृजन परम्पराको उल्लेख गर्दै धादिङ साहित्य समाजसँग आबद्ध धेरै स्रष्टाहरूको प्रतिभाको मूल्याङ्कन गरेका छन् । साथै धादिङका साहित्यिक स्रष्टाहरू आफ्नै कार्यक्षेत्रमा दृढसङ्कल्पका साथ जुटेर साहित्यिक धरातललाई फराकिलो पार्दै लगेको उल्लेख गरेका छन् ।

ङ) शिशिर शर्माको सम्पादकत्वमा पृथक अभियान नेपालबाट वि.सं. २०६५ असोजमा प्रकाशित **धादिङका कवि प्रतिभा** नामक कविता सङ्ग्रहको सुरूमै *पुस्तकबारे केही शब्द* शीर्षकमा रामचन्द्र लम्सालले धादिङेली साहित्यको सम्बन्धमा गहन अभिव्यक्ति प्रकट गरेका छन् । त्यसमा उनले धादिङको सङ्क्षिप्त भौगोलिक परिचय दिँदै नेपाली साहित्यको प्राथमिक, माध्यमिक र आधुनिक तीनै कालका धादिङका साहित्यकारहरूको चिनारी दिएका छन् जसमध्ये दैवज्ञकेशरी अर्याल, विद्यारण्यकेशरी अर्याल प्राथमिक कालका र वीरेन्द्रकेशरी अर्याल, कृष्णप्रसाद रेग्मी, भवानी खतिवडा माध्यमिक कालका प्रतिभाहरू हुन् भनेर उल्लेख गरेका छन् । त्यस्तै आधुनिक कालका साहित्यकारहरूमा केशवराज पिंडाली, केवलपुरे किसान, गोपीकृष्ण अधिकारी, कृष्ण गौतम, रमेशचन्द्र अधिकारी, रामचन्द्र लम्साल, रामहरि दाहाल, बासुदेव अधिकारी लगायत **धादिङ साहित्य समाज**सँग आबद्ध डिल्लीरमणशर्मा अर्याल, बद्री दाहाल 'भस्मासुर', नवीनबन्धु पहाडी, दामोदर नलाडी, हरि खनाल आदिले धादिङको साहित्यलाई उचाइमा पुऱ्याउँदै लगेको उल्लेख गरेका छन् ।

यसरी विभिन्न पत्रपत्रिका, पुस्तक आदिमा प्रकाशित लेख तथा समाचारहरूमा धादिङ साहित्य समाजको स्थापना प्रसङ्ग, यसले सम्पादन गरेका कार्यहरू, मुखपत्र **बिसौनी**को प्रकाशन, राष्ट्रिय स्तरको कार्यक्रमको संयोजन आदिको बारेमा उल्लेख गरिएको पाइएपनि यसको आधिकारिक र विस्तृत अध्ययन भने भएको पाइँदैन । यसर्थ यसका बारेमा अध्ययन गरी नेपाली साहित्यको विकासमा यसले पुऱ्याएको योगदानको विश्लेषण गर्नु आवश्यक देखिएकाले यसको अध्ययन गरिएको छ ।

## १.५ शोध कार्यको औचित्य

विभिन्न पत्रपत्रिका एवं पुस्तकहरूमा धादिङ साहित्य समाजले खेलेको भूमिकाको प्रशंसा गरिएको छ साथै यसले आफ्नो मुखपत्र **बिसौनी**लाई ६ अङ्कसम्म प्रकाशन गरिसकेको छ । त्यतिमात्र नभई हालै यसले १,५०,०००/ को अक्षयकोष खडा गरी **'दैवज्ञ स्रष्टा सम्मान'** नामक पुरस्कारको स्थापना गरेको छ । राष्ट्रिय व्यक्तित्वहरू पृथ्वीनारायण शाह, भानुभक्त आचार्य, मोतिराम भट्ट, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटाका जयन्तीहरूमा विविध साहित्यिक कार्यक्रमहरू सम्पादन गर्दै आएको भएपनि यस संस्थाको बारेमा हालसम्म कसैले पनि आधिकारिक र व्यवस्थित अध्ययन गरेको पाइँदैन । त्यसैले यसको अध्ययनबाट नेपाली साहित्यको विकासमा समाजले पुऱ्याएको योगदान के कति छ भन्ने बारेमा स्पष्ट हुने तथा यसको थप शोध तथा अनुसन्धान गर्ने व्यक्तिहरूलाई थप सहायता प्राप्त हुनेछ । यसैले नै यस शोधपत्रको औचित्य पुष्टि हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधपत्रमा धादिङ जिल्लाको सामान्य परिचय दिई यहाँको साहित्यिक सिर्जनाको अवस्था, धादिङ साहित्य समाजको स्थापनादेखि वर्तमानसम्मको महत्त्वपूर्ण गतिविधिका बारेमा संक्षिप्त रूपमा प्रकाश पारिएको छ । त्यस्तै धादिङ साहित्य समाजको मुखपत्र **बिसौनी** र अन्य प्रकाशनका बारेमा यथार्थ जानकारी गराउदै यससँग आबद्ध लेखकहरूको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ । साथै धादिङ साहित्य समाजले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको बारेमा प्रकाश पारिएको छ ।

यस शोधपत्रमा यसका प्रकाशनको विश्लेषणात्मक अध्ययन हुने छैन । त्यसै गरी यससँग आबद्ध लेखकहरूको विस्तृत जीवनी तथा साहित्यिक प्रवृत्तिको विस्तृत अध्ययन नगर्नु यसको सीमा हुनेछ ।

## १.७ सामग्री सङ्कलन विधि

यस शोध कार्यमा शोध विषयसँग सम्बन्धित आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गर्दा पुस्तकालयीय पद्धति र क्षेत्रीय अध्ययन पद्धतिको अवलम्बन गरिएको छ । साथै विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरू, अभिलेख

पुस्तिका, निर्णय पुस्तिका, समाजका गतिविधिहरूको तस्वीरहरूको सूची तयार गरी अध्ययन कार्यमा सामग्री सङ्कलन गरी विश्लेषण तथा व्यवस्थापन गरिएको छ ।

## १.८ शोधविधि

सङ्कलन गरिएका सामग्रीलाई निगमनात्मक विधिबाट अध्ययन गरिएको छ । अध्ययनका क्रममा वर्णनात्मक, विश्लेषणात्मक र कालक्रमिक विधिलाई अवलम्बन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई ६ परिच्छेदमा मूल शीर्षक र आवश्यकता अनुसार उपशीर्षक राखी व्यवस्थित ढङ्गले यसरी तयार पारिएको छ :

### परिच्छेद एक : शोध परिचय

यस परिच्छेदमा शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । यस क्रममा विषय परिचय, समस्या कथन, शोध कार्यको उद्देश्य, पूर्व कार्यको विवरण र समीक्षा, शोध कार्यको औचित्य, शोध कार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि, शोधपत्रको रूपरेखा आदि रहेका छन् ।

### परिच्छेद दुई : धादिङ जिल्लाको सङ्क्षिप्त परिचय

यस परिच्छेदमा धादिङ जिल्लाको सामान्य परिचयलाई प्रस्तुत गरिएको छ । यसक्रममा ऐतिहासिक पृष्ठभूमि, नामकरण, सिमाना, भौगोलिक अवस्था, राजनीतिक विभाजन, तापक्रम, नदीनाला तथा झरना, जलवायु, वनजङ्गल तथा वन्यजन्तु, प्रमुख धार्मिक तथा पर्यटकीय स्थल, जनसङ्ख्या, धर्म, जाति, भाषा, जातजाति, सामाजिक जनजीवन, यातायात, कृषि तथा पशुपालन, शिक्षा, सञ्चार, स्वास्थ्य, उद्योग तथा व्यवसाय, गैरसरकारी संस्थाहरू आदि उपशीर्षकका बारेमा उल्लेख गरिएको छ ।

### परिच्छेद तीन : धादिङ जिल्लाको सङ्क्षिप्त साहित्यिक इतिहास र साहित्यिक सङ्घ संस्थाहरू

यस परिच्छेदमा धादिङ जिल्लाको साहित्यिक गतिविधिलाई प्रस्तुत गरिएको छ । यस क्रममा पृष्ठभूमि, साहित्य सिर्जन परम्परा, धादिङमा स्थापना भएका साहित्यिक सङ्घ संस्थाहरू र तिनीहरूले सञ्चालन गरेका साहित्यिक गतिविधिहरू जस्ता उपशीर्षकमा सङ्क्षिप्त प्रकाश पारिएको छ ।

**परिच्छेद चार : धादिङ साहित्य समाजको अध्ययन शीर्षक अन्तर्गत धादिङ साहित्य समाजको परिचय** उपशीर्षकमा धादिङ साहित्य समाजको स्थापनाको पृष्ठभूमि, प्रथम बैठक, संस्थापकहरूको भेला, उद्देश्यहरू, दर्ता, नेतृत्वचयन तथा अधिवेशन, आर्थिक अवस्था तथा सम्पति आदिको बारेमा सामान्य परिचय प्रदान गरिएको छ भने **विभिन्न गतिविधिहरू** शीर्षक अन्तर्गत धादिङ साहित्य समाजका मुख्य निर्णय तथा सम्पादित कार्यहरू, मुखपत्र **बिसौनी**को सङ्क्षिप्त परिचय, यसले प्रकाशन गरेका पुस्तकको बारेमा विभिन्न उपशीर्षक बनाएर परिचयात्मक विवरण प्रस्तुत गरिएको छ । यसै गरी **धादिङ साहित्य समाजमा आबद्ध प्रमुख स्रष्टाहरू** शीर्षकमा धादिङ साहित्य समाजमा आबद्ध प्रमुख स्रष्टाहरूको बारेमा परिचय दिइएको छ ।

**परिच्छेद पाँच : नेपाली साहित्यको विकासमा धादिङ साहित्य समाजको योगदान**

यस परिच्छेदमा धादिङ साहित्य समाजले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

**परिच्छेद छ : उपसंहार**

यस परिच्छेदमा शोधपत्रको परिच्छेद दुई देखि पाँच सम्मको विषयवस्तुलाई सारको रूपमा छोटकरीमा प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भ सामग्री सूची र परिशिष्ट समावेश गरिएको छ र शोधकार्यलाई पूर्णता दिइएको छ ।

# परिच्छेद : दुई

# धादिङ जिल्लाको सङ्क्षिप्त परिचय

## २.१ पृष्ठभूमि

चेपाङ, तामाङ, बाहुन र क्षेत्री जातिको बसोबास रहेको धादिङ जिल्ला बाग्मती अञ्चलको महत्त्वपूर्ण जिल्लाको रूपमा परिचित छ । नेपालको मध्य भागमा अवस्थित धादिङ जिल्ला भौगोलिक, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय हिसाबले महत्त्वपूर्ण छ । उत्तरको हिमालय पर्वतदेखि दक्षिणको महाभारतसम्म फैलिएको नेपालको एक मात्र जिल्लाको रूपमा परिचित धादिङ जिल्ला प्रसिद्ध गणेश हिमालको काखमा अवस्थित छ ।[१] बुढीगण्डकी, त्रिशूली र आँखू जस्ता नदीनाला गङ्गाजमुना झरना, सल्यानटारजस्ता फाँटहरूले गर्दा यो जिल्ला प्राकृतिक रमणीयताको दृष्टिले पनि परिचित बनेको छ । इतिहास केलाउँदै जाँदा राष्ट्र निर्माता पृथ्वीनारायण शाहँग मैदीकोट, सल्यानकोट, कानाकोट, केवलपुर जस्ता ठाउँहरूको प्रसङ्ग जोडिएको पाइन्छ ।[२]

## २.२ नामकरण

धादिङ नेपालका दुर्लभ जातिहरूमध्ये एक चेपाङ (प्रजा) जाति बसोबास रहेको जिल्ला हो । चेपाङहरू यहाँका मूल आदिवासी हुन् । चेपाङहरू ज्वालामुखीलाई देवता मान्ने गर्दछन् । उनीहरूको भाषामा 'धा' भनेको देवता र 'दिङ' भनेको आगोको ज्वाला भन्ने हुन्छ । चेपाङहरू पहिलेदेखि नै यहाँ बसोबास गर्दै आएको र यस जिल्लाको चैनपुर गा.वि.स.मा ज्वालामुखी देवीको मन्दिर पनि रहेकोले चेपाङ भाषाबाट नै यस जिल्लाको नाम धादिङ रहन गएको हो भन्ने जनश्रुति रहेको पाइन्छ ।[३]

## २.३ भौगोलिक अवस्थिति र सिमाना

मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत वाग्मती अञ्चलको पश्चिममा रहेको पहाडी जिल्ला धादिङ २७°४०' उत्तरी अक्षांशदेखि २८°१७' उत्तरसम्म

---

१. **धादिङ जिल्लाको संक्षिप्त परिचय**, जिल्ला विकास समिति धादिङ, सूचना तथा अभिलेख केन्द्र, (२०६६), पृष्ठ उल्लेख नभएको ।

२. ऐजन ।

३. **जिल्ला विकास योजना**, जिल्ला विकास समिति धादिङ (२०६४/६५) पृष्ठ १ ।

र ८४°३५′ पूर्वी देशान्तरदेखि ८०°१७′ पूर्वी देशान्तरको बीचमा रहेको छ । कुल क्षेत्रफल १,९२,४८४ हेक्टर (१९२४.९ वर्ग किमी.) रहेको यस जिल्लाको पूर्वमा काठमाडौं, नुवाकोट र रसुवा जिल्ला, पश्चिममा गोरखा जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा मकवानपुर तथा चितवन जिल्लाहरू रहेका छन् ।[४] यस जिल्लाको सबैभन्दा अग्लो स्थान पाविल हिमाल ७,११० मि. र होचो स्थान जोगीमारा ३०० मि. अग्लो रहेको छ । यस जिल्लाको सदरमुकाम धादिङबेसी ६४० मि. उचाइमा रहेको छ ।[५]

## २.४ राजनीतिक विभाजन

धादिङ जिल्लामा राजनीतिक विभाजन अनुसार ३ निर्वाचन क्षेत्र, १३ इलाका, ५० गाउँ विकास समिति र २ नगर विकास समिति रहेका छन् । यसमध्ये ५ वटा गा.वि.स. लाई नमुना गाउँ विकास समिति घोषणा गरिएको छ ।[६]

## २.५ हावापानी तथा तापक्रम

यहाँको हावापानी सम उष्ण, समशीतोष्ण र शीतोष्ण खालको रहेको छ । होचो भू–भाग सामान्यतया बेसी एवम् टारहरूमा सम उष्ण हावापानी पाइन्छ भने तल्ला पहाडी भू–भागमा समशीतोष्ण र माथिल्लो पहाडी भू–भागमा शीतोष्ण हावापानी पाइन्छ ।[७]

## २.६ नदीनाला

यस जिल्लाको पश्चिम सिमानामा बुढी गण्डकी बगेको छ । त्यसैगरी त्रिशूली नदी, आँखू नदी, थोप्पल खोला, महेश खोला, आँसी खोला, कोशी खोला, प्रमुख नदीनालाहरू हुन् । यहाँ २५ वटा ठूला र १,७४३ भन्दा बढी साना खोला, खोल्साहरू रहेका छन् । त्यस्तै यहाँ मनोरम गङ्गा जमुना झरना समेत रहेको छ ।[८]

## २.७ वनजङ्गल तथा वन्यजन्तु

धादिङ जिल्लामा कुल ८९,६९७ हेक्टर क्षेत्रफल वनजङ्गलले ओगटेको छ । त्यस्तै २५,४०४ हेक्टर क्षेत्रफल झाडीको रूपमा रहेको छ ।

---

४. **जिल्ला विकास योजना**, पूर्ववत्, पृष्ठ १ ।

५. **धादिङ जिल्लाको संक्षिप्त परिचय**, पूर्ववत्, पृष्ठ उल्लेख नभएको ।

६. ऐजन ।

७. ऐजन ।

८. **जिल्ला वस्तुगत विवरण धादिङ**, शाखा तथ्याङ्क कार्यालय मकवानपुर (२०६३), पृष्ठ ३ ।

वनक्षेत्रमध्ये ४९८ सामुदायिक वनले २१,४२७ हेक्टर, कबुलियत वनले ८११ हेक्टर, निजी वनले ९ हेक्टर र राष्ट्रिय वनले ६७,४५० हेक्टर क्षेत्रफल ओगटेको छ । यहाँको वनको मुख्य काठहरूमा साल, सल्ला, अस्ना, कटुस, चाँप, चिलाउने, साज, गुराँस, लोठ सल्ला, खर्सु, सिमल, बर्रो, सिरिस आदि हुन् ।[९] यस जिल्लामा पाइने वन्य जन्तुहरूमध्ये मुख्य रूपमा चितुवा, भालु, मृग, हरिण, बाँदर, ढेंडु, खरायो, दुम्सी, घोरल आदि हुन् । त्यस्तै चराचुरुङ्गीहरूमा डाँफे, मुनाल, कालिज, तित्रा, भ्याकुर, काग, कोइली, चिल, ढुकुर, भँगेरा, जुरेली आदि हुन् ।[१०]

## २.८ धार्मिक एवं पर्यटकीय स्थल

धादिङ जिल्लाभित्र महत्त्वपूर्ण धार्मिक एवं पर्यटकीय स्थलहरू पनि रहेका छन् । यहाँको धार्मिक एवं पर्यटकीय स्थलहरूमा खाल्टे गा.वि.स.को चमेरा गुफालाई प्रकृतिको अद्वितीय वरदानको रूपमा लिइन्छ । त्यस्तै नलाङको सिद्धलेकमा महादेवको पूजा अर्चना गरिन्छ । यहाँबाट धादिङ जिल्लाको सल्यानटार बाहेक सबै ४९ वटा गा.वि.स.देख्न सकिन्छ । अन्य महत्त्वपूर्ण स्थलहरूमा चैनपुरको ज्वालामुखी, कल्लेरीको गुप्तेश्वरी गुफा, फूलखर्कको गङ्गाजमुना झरना, सल्यानकोटको त्रिपुरा सुन्दरी मन्दिर, नौबिसेको खर्के डाँडा, ढोलाको मण्डलीमाई, सुनौला बजारको भैरवी मन्दिर र जोगीमाराको शङ्खादेवी मन्दिर प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल हुन् ।[११]

## २.९ जनसङ्ख्या

वि.सं.२०५८ मा गरिएको जनगणनाअनुसार धादिङ जिल्लाको कुल जनसङ्ख्या ३,३८,६५८ रहेको छ । त्यस मध्ये पुरुषको जनसङ्ख्या १,६५,८६४ र महिलाको जनसङ्ख्या १,७२,७९४ रहेको छ । कुल घरधुरी ६२,७५९ रहेको यस जिल्लामा प्रतिपरिवार ५.३९ जना पर्न आउँछ । प्रतिवर्ग कि.मी.१७६ जनघनत्व रहेको यस जिल्लाको जनसङ्ख्या बृद्धिदर १.९७% रहेको छ ।

उमेरको हिसाबले हेर्दा धादिङ जिल्लाको जनसङ्ख्या २०५८ अनुसार १६ वर्ष भन्दा कम उमेरको जनसङ्ख्या १,४५,८२१ रहेको छ ।[१२] धादिङ जिल्लाको वि.सं.२०६६ को अनुमानित जनसङ्ख्या ३,९७,५५८ मानिएको छ ।[१३]

---

९. **जिल्ला वस्तुगत विवरण धादिङ**, पूर्ववत्, पृष्ठ ४४ ।

१०. ऐजन, पृष्ठ ४५ ।

११. **जिल्ला विकास योजना**, पूर्ववत्, पृष्ठ ४ ।

१२. ऐजन, पृष्ठ ६ ।

१३. **धादिङ जिल्लाको संक्षिप्त परिचय**, पूर्ववत्, पृष्ठ उल्लेख नभएको ।

## २.१० धर्म

'नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न धर्म निरपेक्ष समावेशी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो ।[१४] नेपालमा विभिन्न धर्म तथा धर्मालम्बीहरू भएजस्तै धादिङ जिल्लामा पनि विभिन्न धर्म मान्ने मानिसहरू छन् । यहाँ हिन्दु, बौद्ध, क्रिश्चियन, इस्लाम तथा अन्य धर्म मान्ने मानिसहरू छन् । वि.सं. २०५८ को जनगणना अनुसार हिन्दु धर्म मान्ने मानिसहरू ७३.८९% त्यस्तै अन्य धर्महरूमा बौद्ध २२.४८%, क्रिश्चियन ३.३८%, इस्लाम ०.१८% र अन्य ०.०७% रहेका छन् ।[१५]

## २.११ जाति

धादिङ जिल्लामा विभिन्न जातजातिहरू बसोबास गर्दछन् । तीमध्ये सबभन्दा धेरै बसोबास तामाङ जातिको रहेको छ । २०४८ सालको जनगणना अनुसार बाहुन, क्षेत्री, तामाङ, नेवार, मगर, चेपाङ, कुमाल, ठकुरी, गुरुङ, सन्यासी, सार्की, दमाई, राई, गरी ६९ जातजातिको बसोबास रहेको पाइन्छ ।[१६]

## २.१२ भाषा

धादिङ जिल्लामा राष्ट्रभाषा नेपालीबाहेक विभिन्न जातिगत भाषाहरूको प्रयोग भएको पाइन्छ । जिल्लाको उत्तरी भागमा बसोबास गर्ने तामाङहरू तामाङ भाषा बोल्दछन् भने दक्षिणी भागमा चेपाङहरू चेपाङ भाषा बोल्दछन् । मुख्य रूपमा यहाँ नेपाली, तामाङ, मगर, चेपाङ, गुरुङ, नेवार, कुमाल, घले आदि भाषा बोलिन्छ । २०५८ को जनगणना अनुसार यहाँ नेपाली ७२.२% तामाङ १९.४% मगर २.४% चेपाङ २.२% गुरुङ १.९% नेवार ०.८% कुमाल ०.४% आदि भाषा बोल्ने मानिसहरू रहेका छन् ।[१७]

## २.१३ सामाजिक जनजीवन

धादिङ जिल्ला सामाजिक सम्पदाले पनि धनी छ । नेपालको कुल जनसंख्याको १.५% जनसंख्या बसोबास रहेको यस जिल्लामा तामाङ जातिको बाहुल्य छ । त्यस्तै बाहुन, क्षेत्री, नेवार र

---

१४. **नेपालको अन्तरिम संविधान** २०६३, पाँचौ संशोधन, हिमाली प्रकाशन काठमाडौं (२०६५), पृष्ठ २ ।

१५. **जिल्ला वस्तुगत विवरण धादिङ**, पूर्ववत्, पृष्ठ ४८ ।

१६. ऐजन, पृष्ठ ४५ ।

१७. **जिल्ला गैर सरकारी संस्था प्रोफाइल,** गैर सरकारी संस्था महासङ्घ नेपाल, जिल्ला शाखा धादिङ (२०६४), पृष्ठ २ ।

चेपाङ जाति लगायत अन्य विभिन्न जाति गरी ६९ जातिको यहाँ बसोबास छ । यी विविध जातजातिहरू लगायत यस जिल्लाको आदिवासी चेपाङका बीच रहिआएका विभिन्न धर्म, संस्कृति, परम्परा र चाडपर्वबाट सिर्जित विविध संस्कार र सामाजिक रहनसहनबीचको विविधताभित्र एकता रहेको पाइन्छ ।[१८] यहाँको मुख्य चाडपर्वहरूमा दसैं, तिहार, ल्होसार, बुद्ध जयन्ती हुन् । प्रायः सबै जातिका आफ्नै चालचलन र संस्कार रहेका छन् ।

## २.१४ यातायात

पहाडी जिल्ला भएकोले धादिङमा यातायातको खास विकास भएको छैन तापनि नेपालको प्रमुख राजमार्ग पृथ्वी राजमार्ग यही जिल्ला भएर गएको छ । पृथ्वी राजमार्गको कुल लम्बाइमध्ये ६७ कि.मि. यस जिल्लामा पर्दछ । त्यस्तै त्रिभुवन राजपथ पनि यस जिल्लाबाट नै गएको छ । यी बाहेक अन्य सडकहरूमा कच्ची सडक १२५० किमि. ग्राभेल सडक ७० किमि. ओटा सिल सडक २६ किमि. रहेको छ । यहाँको ५० वटा गा.वि.स. मध्ये ४५ वटा गा.वि.स. मा सडक पुगेको छ ।[१९]

## २.१५ कृषि तथा पशुपालन

धादिङ जिल्ला कृषि तथा पशुपालनको हिसाबले पनि महत्त्वपूर्ण रहेको छ । यहाँको कृषियोग्य भूमि ७३,३४५ हेक्टर रहेको छ । त्यसअन्तर्गत खेतीयोग्य जमिन ३५३०० हेक्टर छ । आ.वर्ष ०६४/०६५ मा यस जिल्लामा १,९५,५५२ मे. टन कृषि उत्पादन भएको थियो । त्यसमध्ये अन्न ८८,६२४ मे. टन, तरकारी ९३, १९५ मे. टन र फलफुल १७४७५ मे.टन छ ।[२०] यस जिल्लाको प्रमुख बालीहरूमा खाद्यान्न अन्तर्गत धान, मकै, गहुँ, कोदो, जौ, फापर हुन् भने तरकारी बाली अन्तर्गत आलु, मास, भटमास, अदुवा, करेला, घिरौला, गोलभेडा, भिण्डी, खुर्सानी, लौका आदि हुन् ।[२१] पशुपालनका दृष्टिले पनि धादिङ जिल्ला परिचित रहेको छ । २०५८ को कृषि गणनाअनुसार यस जिल्लामा गाई गोरु १,२७,०८९, भैसीराँगा ८५,०५८, बाखा २,२३,७६०, भेडा १,७१३, सुँगुर १०,४१४, हाँस कुखुरा ४,२७,०६९ ओटा रहेका छन् ।[२२]

---

१८. **जिल्ला वस्तुगत विवरण धादिङ**, पूर्ववत्, पृष्ठ ८ ।

१९. **धादिङ जिल्लाको संक्षिप्त परिचय**, पूर्ववत्, पृष्ठ उल्लेख नभएको ।

२०. ऐजन ।

२१. **धादिङ जिल्लाको वस्तुगत विवरण**, पूर्ववत्, पृष्ठ उल्लेख नभएको ।

२२. ऐजन ।

## २.१६ शिक्षा

धादिङ जिल्लाको शैक्षिक स्थिति मध्यम खालको छ । यहाँको साक्षरता प्रतिशत ४२.७२% रहेको छ । पुरुष साक्षर प्रतिशत ५३% र महिला साक्षर प्रतिशत ३३% रहेको छ । जिल्लाभरि बालविकास केन्द्रको संख्या ४५५, प्राथमिक विद्यालय ४२४, निम्न माध्यमिक विद्यालय ८५, माध्यमिक विद्यालय ६५ र उच्च माध्यमिक ३३ रहेको छ । त्यस्तै क्याम्पसको संख्या ७ छ । संस्थागत रूपमा सञ्चालित बाल विकास केन्द्र ३६ प्राथमिक २२, नि.मा.वि. ४, मा.वि. ७ र उच्च मा.वि. ३ रहेको छ । २०६६ को झलक १ अनुसार प्रा.वि. तहमा ६७,८३२ जना, नि.मा.वि.तहमा २३,२३७ जना , मा.वि. तहमा १०,६०६जना र उ.मा.वि. तहमा ३०९५ जना विद्यार्थी रहेका छन् । [२३]

## २.१७ स्वास्थ्य

धादिङ जिल्ला स्वास्थ्य सेवाको हिसाबले पनि मध्यम छ । यहाँ त्यति धेरै स्वास्थ्य सेवा प्रदायक संस्थाहरू छैनन् । यहाँका मानिसहरू स्वास्थ्य सेवा प्राप्त गर्नको लागि छिमेकी जिल्ला काठमाडौं तथा चितवन जाने गर्दछन् ।

जिल्लाभित्र सरकारी अस्पताल १ र निजी अस्पताल ३ रहेका छन् । त्यस्तै यहाँको राजमार्गमा प्रायः दुर्घटना भइरहने हुँदा राजमार्ग सामुदायिक आकस्मिक अस्पताल पनि रहेको छ । त्यस्तै प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी १६, उपस्वास्थ्य चौकी ३३, आयुर्वेद औषाधालय १७ आयुर्वेद स्वास्थ्य केन्द्र ५ वटा रहेका छन् ।[२४]

## २.१८ सञ्चार

धादिङ जिल्ला सञ्चारको हिसाबले बिस्तारै अगाडि बढिरहेको छ । जिल्लामा नमस्ते, सि.डि.एम.ए. तथा एनसेलको विभिन्न ठाउँमा टावरहरू निर्माण भएकोले सञ्चारको सुविधा उपलब्ध भइरहेको छ । तुलनात्मक रूपमा एनसेलको भन्दा नेपाल टेलिकमको सुविधा प्रयोग गर्नेहरूको संख्या अत्यधिक छ । जिल्लामा जिल्ला हुलाक कार्यालय १, इलाका हुलाक कार्यालय १२ र अतिरिक्त हुलाक कार्यालय ३७ वटा रहेका छन् । त्यस्तै जिल्लामा **रेडियो धादिङ**, **रेडियो लोकतन्त्र** र **रेडियो बिहानी** गरी ३ वटा रेडियो स्टेशनहरू रहेका छन् ।

---

२३. **शैक्षिक झलक धादिङ**, जिल्ला शिक्षा कार्यालय धादिङ, (२०६६), पृष्ठ उल्लेख नभएको ।

२४. **धादिङ जिल्लाको संक्षिप्त परिचय**, पूर्ववत्, पृष्ठ उल्लेख नभएको ।

जिल्लाबाट प्रकाशित हुने साप्ताहिक पत्रिका ४ वटा रहेका छन् । जिल्लाको ५० वटै गा.वि.स.मा टेलिफोन सेवा विस्तार भएको छ ।[२५]

## २.१९ उद्योग तथा व्यवसाय

धादिङ जिल्लामा पहाडी भू–भाग भएकोले यहाँ उद्योग तथा व्यवसाय मध्यमस्तरको रहेको छ तथापि पृथ्वी राजमार्ग आसपासमा हाल ठुलाठुला उद्योगहरू पनि स्थापित हुन थालेका छन् । यस हिसावले धादिङ जिल्ला औद्योगिक गतितर्फ बिस्तारै लम्किँदै छ । यस जिल्लामा दर्ता भएका उद्योग २०७६ वटा छन् । तीमध्ये घरेलु उद्योग ७६४ वटा, साना उद्योग प्राइभेट फर्म १३१२ वटा रहेका छन् । यसमध्ये सञ्चालनमा हाल ७०४ वटा मात्र रहेका छन् ।[२६]

बैक तथा बित्तीय क्षेत्रतर्फ यस जिल्लामा राष्ट्रिय वाणिज्य बैकको २ वटा शाखा रहेका छन् । कृषि विकास बैंकको ४ वटा शाखा छन् भने नेपाल बैक लिमिटेडको शाखा सदरमुकाममा मात्र छ । त्यस्तै जिल्लामा ५ वटा विकास बैंक रहेका छन् ।[२७]

## २.२० गैरसरकारी संस्थाहरू

धादिङ जिल्लाभर क्रियाशील गैर सरकारी संस्थाहरूले यहाँको जनताको आर्थिक अवस्था सुदृढ बनाउँदै लगेका छन् । गैर सरकारी संस्थाहरूले जि.वि.स.तथा स्थानीय गा.वि.स. सँग समन्वय गरेर विभिन्न कार्यहरू गरिरहेका छन् । ४८ वटा गैरसरकारी संस्था आबद्ध भएको गैसस महासङ्घ स्थापना भएको छ । हालसम्म जिल्ला प्रशासन कार्यालय, धादिङमा ७४० वटा गैसस दर्ता भएका छन् । तीमध्ये २०६४ सम्ममा १२५ वटा संस्थाहरूले मात्र नवीकरण गराएका छन् । समाजकल्याण परिषद्मा भने २५ वटा गैससहरू मात्र आबद्ध भएका छन् । धादिङका यी क्रियाशील गैससहरूले गरिबी निवारण कार्यक्रमका अलवा स्वास्थ्य तथा सरसफाइ एच. आइ. भि./एड्स, महिला सशक्तीकरण कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् ।[२८]

---

२५. **धादिङ जिल्लाको संक्षिप्त परिचय**, पूर्ववत्, पृष्ठ उल्लेख नभएको ।

२६. ऐजन, पृष्ठ उल्लेख नभएको ।

२७. ऐजन, पृष्ठ उल्लेख नभएको ।

२८. **जिल्ला गैरसरकारी संस्था प्रोफाइल धादिङ**, पूर्ववत्, पृष्ठ ३ ।

## २.२१ निष्कर्ष

विभिन्न जातजातिको मिश्रित थलोको रूपमा रहेको धादिङ जिल्ला धार्मिक, पर्यटकीय एवं प्राकृतिक सम्पदाले महत्त्वपूर्ण जिल्ला हो । नेपालको मध्य भागमा अवस्थित यस जिल्लाले विभिन्न ऐतिहासिक पृष्ठभूमि बोकेको छ । यातायात, शिक्षा, स्वास्थ्य, सञ्चार, उद्योग जस्ता विकासका पूर्वाधारहरू र विभिन्न धर्म, भाषा, संस्कृति, रीतिरिवाज मान्ने सम्प्रदायका मानिसहरूको बसोबास भएको यो जिल्ला हिमाल, पहाडका साथै तराइसँग जोडिएका भित्री मधेश प्रदेशलाई छुने नेपालको एक मात्र जिल्ला हो । यहाँको सामाजिक, सांस्कृतिक जनजीवनमा विविधता भएपनि भावनात्मक एकताको रूपमा यो जिल्ला परिचित छ ।

# परिच्छेद : तीन

# धादिङ जिल्लाको सङ्क्षिप्त साहित्यिक इतिहास र साहित्यिक सङ्घ संस्थाहरू

## ३.१ धादिङ जिल्लाको साहित्य सृजन परम्परा

नेपालको मध्यभागमा अवस्थित धादिङ जिल्लाको साहित्य सृजन परम्परा लामो रहेको छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका समकालीन चक्रपाणि अर्ज्यालका कान्छा छोरा दैवज्ञकेशरी अर्ज्यालबाट नै धादिङको साहित्य सृजन परम्परा सुरू भएको देखिन्छ । त्यहाँबाट सुरू भएको साहित्य सृजन परम्परामा हालसम्म थुप्रै प्रयासहरू भएका छन् । त्यसैले धादिङको यो साहित्य सृजन परम्परालाई नेपाली साहित्यको कालविभाजनसंग तुलना गरेर हेर्दा सरल र उपयुक्त देखिन्छ ।

### ३.१.१ नेपाली साहित्यको प्राथमिक काल र धादिङको साहित्य सृजन परम्परा

नेपाली साहित्यको प्राथमिक काल वि.सं.१८२६ देखि १९४० सम्म मानिन्छ । यस अवधिमा नेपाली समाज एकीकरण अभियानमा जुटेको थियो । एकीकरण अभियानसँगै राष्ट्रका केही विद्वतवर्गहरू साहित्यसाधनातिर पनि आकर्षित भएको पाइन्छ । यसै परिप्रेक्ष्यमा राष्ट्र निर्माता पृथ्वीनारायण शाहका समकालीन पं. चक्रपाणि अर्ज्यालका कान्छा छोरा दैवज्ञकेशरी अर्ज्यालले धादिङको सुनखानी भन्ने ठाउँमा आफूले पाएको बिर्ता जग्गा हेरचाह र व्यवस्था गर्न त्यहीँ बसोबास गरी साहित्यसाधनामा जुटेको पाइन्छ । इतिहास शिरोमणि बाबुराम आचार्यद्वारा लिखित **पुराना कवि र कविता** मा यिनको परिचय दिँदै भनिएको छ , “वि.सं.१८६३ मा दैवज्ञकेशरी काठमाडौंबाट निकाला भएका कारण सुनखानी गाउँमा आफ्नो बिर्ता जग्गामा गएर बसेका थिए, त्यहीँ विद्यारण्य केशरीको जन्म भएको थियो ।”  यसबाट के प्रमाणित हुन्छ भने यिनी र यिनका वंशज विद्यारण्यकेशरी आदिको बसोबासस्थल धादिङको सुनखानी रहेको थियो । यसका अतिरिक्त सुनखानी गाउँको सिरानमा रहेको धादिङ जिल्लाको प्रसिद्ध ज्वालामुखी देवीको मन्दिरमा चढाएको घण्टामा समेत यिनको नाम उल्लेख छ । त्यस्तै सुनखानी नजिकको जग्गा गोविन्द उपाध्यायलाई कुशविर्ता गरी श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट प्रदान गरिँदा यिनको नाम पनि उल्लेख छ । यी तथ्यबाट दैवज्ञकेशरी अर्ज्याल धादिङको सुनखानीमा बसेका थिए

भन्ने प्रमाणित हुन्छ । यहीँ बसेर यिनले धादिङको साहित्य सृजन परम्पराको सुरूवात गरे । दैवज्ञकेशरीबाट रचना गरिएको **गोरक्ष योगशास्त्र** (१८७७) र **अश्वशुभाशुभ परीक्षा** नामक दुईवटा कृति नै धादिङका पहिला कृतिहरू हुन् । विभिन्न खोज तथा अनुसन्धानमा दैवज्ञकेशरी अर्ज्यालभन्दा पूर्ववर्ती साहित्यकार नभेटिएकोले यिनी नै धादिङका प्रथम साहित्यकार हुन् ।

यसपछि वि.सं. १८६३ मा जन्मिएका उनैका छोरा विद्यारण्यकेशरी अर्ज्यालले सुनखानीमा बसेर **युगल गीत**, **द्रौपदीस्तुति** र **वंशीचरित्र** रचना गरेको पाइन्छ । यिनले नेपाल अंग्रेज युद्ध तथा जङ्गबहादुरको राणाशासन समेत भोगेको हुँदा यिनका कवितामा तत्कालीन युद्ध र राजनीतिको घातप्रतिघातबाट उत्पन्न सङ्कटमय अवस्थाको प्रतिबिम्ब पाइन्छ । यिनी धादिङको प्राथमिककालीन साहित्य परम्परालाई अगाडि बढाउने अर्का प्रतिभा हुन् ।[२९]

## ३.१.२ नेपाली साहित्यको माध्यमिक काल र धादिङको साहित्य सृजन परम्परा

नेपाली साहित्यको माध्यमिक कालको सुरूवात वि.स. १९४१ देखि भएको मानिन्छ । माध्यमिक कालमा धादिङको साहित्य सृजना उर्वर किसिमले अगाडि बढेको देखिन्छ । धादिङ पिँडा गा.वि.स. का विष्णुहरिका छोरा हरिहर लामिछानेले १९३८ तिर बनारस रामघाटमा नेपालीहरूलाई सेवा र शिक्षा दिन गोरखा पुस्तक सङ्कलन केन्द्र खोलेका थिए भन्ने जानकारी पाइएको छ । उनले बनारसमा खोलेको पुस्तक सङ्कलन केन्द्रमा सङ्कलित पुस्तक बेच्न नरदेवी इन्द्रचोकमा १९४० मा शारदा प्रकाशन पुस्तकालय सञ्चालनमा काकाका छोराहरू दानराज र देवराज लामिछानेको पनि सक्रियता पाइएको छ ।

दानराज लामिछानेले १९४०/४२ तिर नक्सालको एक स्थानमा **इन्द्रप्रभा लिथोप्रेस** स्थापना गरी केही पुस्तकहरू प्रकाशन गराएको चर्चा पाइन्छ ।[३०] यसले नेपाली साहित्य परम्परामा प्रेस स्थापना तथा पुस्तक प्रकाशनमा धादिङको पनि योगदान रहेको पुष्टि हुन आउँछ ।

देवराज लामिछाने मोतीमण्डलीका संसर्गी कवि थिए । उनले सुन्दरी लगायत माध्यमिक कालका थुप्रै पत्रपत्रिकामा छद्म नामले प्रशस्त कविताहरू छपाएका थिए भनिन्छ ।

---

२९. रामचन्द्र लम्साल, *धादिङको गरिमा र साहित्यिक सम्पदा,* **ज्ञानज्योति**, धादिङ : नेपाल विद्यार्थी सङ्घ (वर्ष ८, अङ्क ३, २०६१) पृष्ठ २५ ।

३०. नवीनबन्धु पहाडी, *गरिमामय माटोका सन्ततिद्वारा सिर्जित धादिङको साहित्यिक इतिहास,* **स्पन्दन**, धादिङ : त्रिवेणी साहित्य समाज (रजत विशेषाङ्क, २०६२) पृष्ठ १ ।

यसका साथै धादिङको साहित्यक फाँटमा होमनाथ खतिवडा, कुञ्जविलास गौतम, भवानीप्रसाद खतिवडा, वीरेन्द्रकेशरी अर्ज्याल, पं. कुलचन्द्र गौतमजस्ता प्रसिद्व प्रतिभा देखापर्दछन् । यसमध्ये वि.सं. १९५६ मा कुलचन्द्र गौतमको **पुरुषार्थकल्पबल्ली** र वि.सं. १९६० मा होमनाथको **रामाश्वमेध काण्ड** प्रकाशित भएको पाइन्छ । विद्यारण्यकेशरीका ठाहिंला भाइ कुलचक्र केशरीका छोरा सुब्बा वीरेन्द्र केशरी अर्ज्याललले नेपाली भाषा र साहित्यलाई परिष्कार, परिमार्जन र ऐक्यरूप प्रदान गर्न भाषा व्याकरण र साहित्य शास्त्रीय मान्यता भएको कृति रचना गरे भने अरू विभिन्न शीर्षक दिएर केही रचनाहरू **सुन्दरी** पत्रिकामा पनि छपाएको पाइन्छ । प्रेरणा खरेल (केसी.) ले वि.सं. २०५८ मा प्रकाशित गरेको **वीरेन्द्रकेशसरी अर्ज्यालको व्याकरणको परिचय** नामक कृतिमा यिनलाई कवि, नाटककार, शिक्षक, सम्पादक, पत्रकार, काव्यशास्त्री, समालोचक, तन्त्रशास्त्रका साधक तथा व्याकरणकार मानिएको छ । यिनी राजा जय पृथ्वीबहादुर सिंहका गुरु थिए । **सुन्दरी**, **सूक्तिसिन्धु** र **श्लोकसंग्रह** आदि पत्रपत्रिकामा यिनका प्रशस्त कविताकृतिहरू छापिएको पाइन्छ । त्यस्तै **दुर्गाभक्ति तरङ्गिणी** नाटक (१९७३), **अशोकसुन्दरी**, नाटिका (१९७४), आदि कृतिसँग पनि यिनको नाउँ जोडिएको पाइन्छ । यसका साथै धादिङका माध्यमिककालीन प्रतिभाहरूमा केदारनाथ खतिवडा, कृष्णप्रसाद रेग्मी रहेका छन् ।[३१]

### ३.१.३ नेपाली साहित्यको आधुनिक काल र धादिङको साहित्य सृजन परम्परा

नेपाली साहित्यको आधुनिक काल वि.सं. १९७५ बाट सुरू भएको मानिन्छ । यस सन्दर्भमा धादिङको साहित्य परम्परालाई हेर्दा आधुनिक कालका साहित्यकारहरूमध्ये पहिलो लहरमा केशवराज पिंडाली, कृष्णप्रसाद चापागाईं, केवलपुरे किसान, शेषराज रेग्मी, पं. खडानन्द कोइराला आदिका रचनाहरू प्रकाशित भएका छन् । यी साहित्यकारहरूमध्ये वि.सं. १९९३ मा केशवराज पिंडाली **'गुन्टेचरी'** शीर्षक कथा लिएर नेपाली साहित्यमा देखापरेका छन् । यो कथा नेपाली साहित्यको आधुनिक जग बसाल्ने **शारदा** (१९९२) पत्रिकामा त्यतिवेला प्रकाशित भएको पाइन्छ । यसैक्रममा कृष्णप्रसाद चापागाईंको वि.स. २००८ सालमा **रसभरी चमचम** र **टुक्रादुक्री** कथा सङ्ग्रह प्रकाशित भएको छ भने वि.सं. २००८ सालदेखि २०५८ सम्म केवलपुरे किसानका **बाघ आयो**, **नेपाल नछो**, **समातेर पछार**, **छिः छिः**, **सङ्घर्षको ठिक गर**, **बोको खस्यो**, **आँसुको पोखरी** जस्ता ९ वटा कृतिहरू प्रकाशित भएका छन् ।

---

३१. रामचन्द्र लम्साल, पूर्ववत्, पृष्ठ २६ ।

निबन्धको क्षेत्रमा केशवराज पिंडालीको वि.सं. २०१७ सालमा **खै-खै** हास्य व्यङ्ग्यात्मक निबन्धसङ्ग्रह प्रकाशित भएको देखिन्छ ।[३२] धादिङको साहित्ययात्रामा माथि उल्लिखित स्रष्टाहरूका साथै पछिल्लो चरणमा थुप्रै प्रतिभाहरूले कलम चलाएका छन् ।
यसमध्ये डिल्लीरमणशर्मा अर्यालको वि.सं. २०२० मा **श्रीरङ्गस्तुति** (खण्डकाव्य) प्रकाशित भएको थियो भने वि.सं. २०४६ देखि अर्यालले विशेषतः नेपाली कविताको क्षेत्रमा अनवरत साधना गरिरहेका छन् । उनको **वेदनिधि** (शोककाव्य २०४६), **थोपल** (खण्डकाव्य २०५७), **गङ्गाजमुना** (कविता सङ्ग्रह २०५८), **नेपाल दर्शन** (खण्डकाव्य २०६७) आदि गरी २१ वटा कृतिहरू प्रकाशित भएका छन् । यही क्रममा कृष्ण गौतम, जैनेन्द्र जीवन, घनश्याम कँडेल, सिद्धिनाथ गौतम, टी.एन. गोपीकृष्ण अधिकारी, बलदेव अधिकारी, शङ्कर शाह , देवेन्द्रप्रताप शाह आदि उल्लेखनीय मानिन्छन् । कृष्णगौतम समालोचना विधातर्फको प्रमुख स्रष्टा हुन् । उनका **देवकोटाका प्रबन्ध काव्य, प्राच्य महाकाव्य, आधुनिक आलोचना अनेक रूप अनेक पठन** लगायतका समालोचनात्मक तथा  केही आख्यानात्मक कृतिहरू पनि प्रकाशित भएका छन् । त्यस्तै घनश्याम कँडेलको **देवयानी** (खण्डकाव्य २०३९), **केही अन्वेषण : केही विश्लेषण** (समालोचना २०४०), **जीवनका सन्दर्भहरू** (कविता संग्रह २०५१), **उज्यालोतिर** (गीतिकाव्य २०५५), **आँसुका अक्षर** (शोककाव्य २०६०) लगायतका कृतिहरू प्रकाशित भएका छन् । टी.एन. गोपीकृष्ण अधिकारीका **आर्यावर्त** (महाँकाव्य), **गङ्गा** (महाकाव्य), **भावना खण्डकाव्य** (खण्डकाव्य), **हिमाल पारि** (खण्डकाव्य), **ज्यूँदा सहिद रामहरि शर्मा** (महाकाव्य), **गोविन्द** (महाकाव्य), **पासाङ ल्हामु** (खण्डकाव्य), **चाणक्य नीति** (छाँयानुवाद) प्रकाशित भएका छन् । त्यस्तै बलदेव अधिकारीका निबन्ध सङ्ग्रह **तोरीको फूल** (२०४२), **पूतना र प्रजातन्त्र** (२०४२), **दाम्पत्य** (२०४३), **गाउँलेको घाउ** (२०५६), **मेरो राजा** (२०५८), **त्रिफला** (२०५९), **म तिम्रो यमदूत, तिमी मेरो यमदूत** (२०५९) लगायत अन्य विभिन्न कृतिहरू प्रकाशित रहेका छन् ।[३३] धादिङकै साहित्यमा साधनारत अन्य प्रतिभाहरूमा अप्सरा अधिकारी, कमल रिजाल, कल्पना अधिकारी, केशव दुवाडी, कृष्णप्रसाद मैदेली, खडानन्द कोइराला, गीता कार्की, गणेश ढुङगाना, गोविन्द भट्ट, दीपेन्द्र रिजाल,दीपेन्द्र सिंह थापा, तिलमाया गुरुङ, दामोदर नलाङी, नवराज लम्साल, नवीनबन्धु पहाडी नरनाथ लुईटेल, नवीनप्रकाशजंग शाह, प्रवीण श्रेष्ठ, बोधराज पाठक,

३२. डिल्लीरमणशर्मा अर्याल, *लेखकपरिचय,* **नेपाल दर्शन** (खण्डकाव्य), धादिङ : लेखक स्वयं, २०६७, पृष्ठ उल्लेख नभएको ।

३३. शिशिर शर्मा, (सम्पा.) **धादिङका कवि प्रतिभा**, धादिङ : पृथक अभियान नेपाल, २०६५, पृष्ठ ।

बालकृष्ण थपलिया, बद्री दाहाल 'भष्मासुर', बालकृष्ण लेकाली, भानुभक्त अधिकारी , भीमसेन सडौला, मुरारी अधिकारी, मुरारी शर्मा, मोहन तिमिल्सिना, रश्मी राज्यलक्ष्मी शाह, राममणि दुवाडी, राजेश गौतम,  रघु परियार, रमेश अधिकारी, , रमेशचन्द्र अधिकारी, रामहरि लम्साल, रामहरि दाहाल, रामचन्द्र लम्साल, रमेश गौतम, राजकृष्ण कँडेल, राजेन्द्रप्रताप शाह, वासुदेव अधिकारी, विश्वनाथ थपलिया,शिव अधिकारी, शिवहरि अर्ज्याल, शरद अधिकारी, शङ्कर सुवेदी, शालिग्राम अर्याल, शिव शर्मा, सीता अधिकारी,  हेमराज अर्याल आदि रहेका छन् ।[३४]  यीमध्ये कतिपयले काठमाडौंलाई आफ्नो कर्मथलो बनाएका छन् भने धादिङका भएपनि चितवनलाई कर्मथलो बनाएर साहित्य सृजना गर्ने साहित्यकारहरूमा राजकृष्ण कँडेल, बालकृष्ण थपलिया आदि छन् । यसरी धादिङको साहित्य सृजन परम्परालाई नेपाली साहित्यको काल विभाजनसँगै तुलना गरी अध्ययन गरिएको छ ।

## ३.२ पत्रपत्रिकामा साहित्य

धादिङको साहित्य सिर्जना विभिन्न पत्रपत्रिकामा पनि प्रशस्त समेटिएको देखिन्छ ।  २०३६ सालमा भैरवी मा.वि. सुनौला बजारका विद्यार्थीहरूले पहिलो साहित्यिक पत्रिका **'भैरवी'** प्रकाशन गरेका थिए ।[३५] त्यहीँबाट सुरू भएको पत्रपत्रिकामा साहित्य प्रस्तुत गर्ने कार्य हालसम्म पनि कायम छ । मुख्यतः विभिन्न साहित्यिक सङ्घ संस्थाहरूले प्रकाशित गर्ने आफ्नो मुखपत्रमा साहित्यलाई मुख्य स्थान दिएका हुन्छन् । यस्तै धादिङ साहित्य समाजबाट प्रकाशित हुँदै आएको मुखपत्र **बिसौनी**मा साहित्यिक रचनाहरू प्रस्तुत हुँदै आएका छन् । यी बाहेक कर्मचारी मिलनकेन्द्र धादिङले प्रकाशित गर्ने आफ्नो मुखपत्र **आँखुको सुसेलीं,** दियालो परिवारले प्रकाशित गरेको **दियालो** पत्रिका आदिमा पनि साहित्यिक रचनाहरू समेटिएका हुन्छन् । साथै पाविल साहित्य परिवारबाट प्रकाशित **उद्बोधन**, गोधूलि साहित्य समाजबाट प्रकाशित भएको **गोधूलि** हवाइ पत्रिका तथा त्रिवेणी साहित्य समाजबाट प्रकाशित **स्पन्दन** हवाइ पत्रिकामा पनि विभिन्न साहित्यिक रचनाहरू छापिने गरेको पाइन्छ । यी पत्रिकाहरू विभिन्न साहित्यिक सङ्घ संस्थाबाट प्रकाशित भएकाले साहित्यिक लेख रचना यसमा समेटिनु स्वाभाविक छ । यीबाहेक धादिङ जिल्लाबाट समाचारमूलक पत्रिकाको रूपमा ५ वटा पत्रिका साप्ताहिक रूपमा प्रकाशन हुने गरेका छन् । यी पत्रिकाहरूमा पनि धादिङको साहित्य सिर्जनालाई स्थान दिइएको पाइन्छ ।

३४. नवीनबन्धु पहाडी, पूर्ववत्, पृष्ठ २ ।

३५. नवीनबन्धु पहाडीले दिनुभएको जानकारीबाट ।

### ३.२.१ धादिङ आवाज

धादिङ जिल्लामा नै पहिलो पटक २०५५ सालदेखि प्रकाशित हुन थालेको यो **धादिङ आवाज** साप्ताहिक हरेक आइतबार प्रकाशित हुने गर्दछ । संस्थागत नभएर विभिन्न व्यक्तिको नामबाट प्रकाशित यो पत्रिकाको सम्पादक छिट्टै फेरिरहन्छन् तापनि पत्रिकाको प्रकाशनमा भने कुनै अवरोध देखिएको छैन । यो हरेक साता नै प्रकाशित भइरहेको छ । जिल्लाको जेठो पत्रिका **धादिङ आवाज** समाचारमूलक पत्रिका हो । यस पत्रिकामा साहित्यसम्बन्धी विभिन्न लेख/रचनाहरू छापिने गरेपनि नियमित स्तम्भ भने छैन, तथापि चित्रगुप्तको चक्षु भन्ने स्तम्भमा विभिन्न व्यङ्ग्यात्मक लेखहरू नियमित रूपमा आउने गरेका छन् ।

नियमित स्तम्भ नभए पनि स्रष्टाका रचनाहरूले यस पत्रिकामा उचित स्थान पाएका छन् । ६ पृष्ठमा प्रकाशित यो पत्रिका धादिङको समाचार जगतमा महत्त्वपूर्ण स्थान राख्ने पत्रिका हो ।[३६]

### ३.२.२ जन मुक्ति मार्ग

वि.सं.२०६३ देखि प्रकाशित **जन मुक्ति मार्ग** साप्ताहिक हरेक सोमबार प्रकाशित हुने गर्दछ । प्रस्तावित ज्वाला प्रकाशन प्रा.लि. बाट प्रकाशित यस पत्रिकाको मुद्रण सरस्वती छापाखाना धादिङबेसीमा हुने गरेको छ । समाचारमूलक पत्रिकाको रूपमा प्रकाशित यस पत्रिकामा साहित्यसम्बन्धी नियमित स्तम्भ साताको सृजना भन्ने स्तम्भ रहेको छ । यस स्तम्भमा मुख्यतः कविताहरू प्रकाशित हुने गर्दछन् । विभिन्न स्रष्टाहरूबाट लेखिएका विचारहरूले यस पत्रिकामा ठाउँ पाएका छन् । यसरी यस पत्रिकाले साहित्यसम्बन्धी नियमित स्तम्भ राखेर धादिङको साहित्य परम्परालाई अगाडि बढाएको छ ।[३७]

### ३.२.३. प्रभात किरण साप्ताहिक

वि.सं. २०६३ देखि प्रकाशित **प्रभात किरण** साप्ताहिक हरेक शुक्रबार प्रकाशित हुँदै आएको छ । कार्यकारी सम्पादक सीता अधिकारी रहेको यस पत्रिकाको प्रकाशक राजेन्द्रप्रताप शाह हुन् । त्यसै गरी सम्पादकमा मुरारी अधिकारी रहेका छन् । पशुपति छापाखानाबाट मुद्रण हुने यो पत्रिका ६ पृष्ठको रहेको छ । नियमित साहित्यिक स्तम्भ नभएपनि यस पत्रिकामा विभिन्न साहित्यिक लेख रचनाहरू छापिरहन्छन् । विषेशतः समाचारमूलक पत्रिका भएकोले समाचारलाई नै यसले मुख्य स्थान दिएको छ, तथापि यसका नियमित स्तम्भकार कृष्णप्रसाद घिमिरे 'मैदेली'

३६. **धादिङ आवाज** साप्ताहिकका प्रकाशकले दिनुभएको जानकारीबाट ।

३७. **जनमुक्ति मार्ग**का सम्पादकले दिनुभएको जानकारीबाट ।

एक साहित्यकार पनि भएकोले उनका विभिन्न हास्यव्यङ्ग्यात्मक लेखहरू यस पत्रिकामा आउने गरेका छन्, जसले साहित्यिक पानाको अभावलाई पूरा गर्दछ । यसरी नियमित साहित्यिक स्तम्भ नभएपनि यस पत्रिकाले धादिङका स्रष्टाहरूको साहित्यिक रचनाहरूलाई खोजी खाजी छाप्ने गरेको पाइन्छ ।[३८]

### ३.२.४ नेत्रावती साप्ताहिक

वि.सं. २०६४ बाट प्रकाशित नेत्रावती साप्ताहिक हरेक हप्ताको बिहिबार प्रकाशित हुँदै आएको छ । प्रकाशक तथा कार्यकारी सम्पादक केशव अधिकारी र सम्पादकमा सानुबाबु तिमल्सिना रहेको यस पत्रिकाका मुद्रण सरस्वती छापाखानामा हुने गर्दछ । समाचारमूलक पत्रिकाको रूपमा प्रकाशित यस पत्रिकामा साहित्यको एउटा नियमित स्तम्भ ‘साहित्य’ भन्ने रहेको छ, जसमा नियमित जसो गोविन्द बुढाथोकीका लेखहरू आउने गर्दछन् । त्यसका अतिरिक्त विभिन्न स्रष्टाका रचनाहरू पनि यसमा छापिने गरेको पाइन्छ ।[३९]

### ३.२.५ हाइवेखबर साप्ताहिक

वि.सं. २०६६ बाट प्रकाशित हुन थालेको यो हाइवेखबर साप्ताहिक हरेक हप्ताको सोमबार प्रकाशित हुन्छ । यस पत्रिकाको कार्यकारी सम्पादक रामेश्वर कार्की र प्रकाशकमा सीताराम अधिकारी रहेका छन् । कालिका छापाखाना गजुरीबाट मुद्रण हुने यस पत्रिकामा ६ पृष्ठ रहेका छन् । साहित्यको नियमित स्तम्भ यस पत्रिकामा छैन, तापनि विभिन्न कविताहरू यसमा छापिने गरेका छन् । अब छिट्टै नै यस पत्रिकाले साहित्यको एउटा नियमित स्तम्भ राख्न लागेको कार्यकारी सम्पादक रामेश्वर कार्कीले बताएका छन् ।[४०]

## ३.३ रेडियोमा साहित्य

धादिङ जिल्लामा हाल ४ रेडियोहरू सञ्चालनमा छन् । ती ४ रेडियोहरूमध्ये सदरमुकाममा रहेका **रेडियो धादिङ**, **रेडियो बिहानी**, र **रेडियो लोकतन्त्र** हुन् भने **कृषि रेडियो धुनिबेशी** सदरमुकाम भन्दा बाहिर रहेको छ ।

---

३८. **प्रभात किरण**का अतिथि सम्पादक नवीनबन्धु पहाडीले दिनुभएको जानकारीबाट ।

३९. **नेत्रावती साप्ताहिक**का सम्पादकबाट प्राप्त जानकारी अनुसार ।

४०. **हाइवेखवर**का कार्यकारी सम्पादक रामेश्वर कार्कीले दिनुभएको जानकारीबाट ।

यस **कृषि रेडियो**ले मुख्यतः कृषि गतिविधिलाई प्राथमिकताका साथ प्रशारण गर्ने गरेको छ । त्यसबाहेक जिल्लाका तीनवटा रेडियोहरूले धादिङको साहित्यिक गतिविधिलाई पनि झल्काउने खालका विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ ।

### ३.३.१ रेडियो धादिङ

**रेडियो धादिङ**, धादिङ जिल्लाको सबभन्दा पहिलो रेडियो हो । यसको औपचारिक प्रशारण २०६४ साल भाद्र २० गतेबाट भएको हो । जिल्लामा यसको प्रशारण १०६ मेघाहर्जबाट हुन्छ र यो रेडियो आसपासका छिमेकी जिल्लाहरूमा पनि सुनिन्छ । **रेडियो धादिङ**ले जिल्लाको साहित्यिक गतिविधिलाई प्रशारण गर्ने गरेको छ । यसले नियमित रूपमा हरेक आइतबार बिहान **साहित्य सरोवर** कार्यक्रम प्रशारण गर्दै आएको छ । त्यस्तै साहित्यका अरू नियमित कार्यक्रमहरूमा **गजल** हरेक मङ्गलबार ९:२० देखि १०:०० बजेसम्म र **जीवनका पाइला** हरेक सोमबार र बुधबार ९:२० देखि १०:०० बजेसम्म प्रशारण गर्दै आएको छ । यसका साथै **रेडियो धादिङ**ले भानु जयन्ती, मोती जयन्ती, देवकोटा जयन्ती तथा आफ्नो बार्षिकउत्सव जस्ता विभिन्न अवसरहरूमा साहित्यिक गतिविधिहरू सञ्चालन र त्यसलाई प्रत्यक्ष प्रशारण गर्दै आइरहेको छ । यसले गत २०६६ भाद्र २० गते आफ्नो बार्षिकउत्सवमा राष्ट्रिय स्तरको कवि सम्मेलन आयोजना गरेको थियो ।[४१] यसरी यस रेडियोले विभिन्न साहित्यिक कार्यक्रमहरू सञ्चालन गरेर धादिङको साहित्यलाई माथि उठाएको छ ।

### ३.३.२ रेडियो लोकतन्त्र

वि.सं. २०६२/०६३ को जनआन्दोलनताक आन्दोलनका गतिविधिहरूलाई प्रचार प्रसार गर्न अनौपचारिक रूपमा धादिङ जिल्लाको सदरमुकाम वरिपरि सुन्न सक्ने गरी सुरु भएको रेडियो नै पछि **रेडियो लोकतन्त्र**को रूपमा स्थापित भएको हो । २०६४ सालबाट विविध कार्यक्रमहरूका साथ प्रशारण भएको यस रेडियोमा विभिन्न साहित्यिक कार्यक्रमहरू पनि बज्ने गरेको थियो । ९३.४ बाट प्रशारण हुने गरेको यो रेडियो सदरमुकाम वरिपरिका गा.वि.स.हरूमा मात्र सुनिन्छ । स्थापना सँगसँगै जिल्लामा विभिन्न सूचनामूलक कार्यक्रम र साहित्यिक कार्यक्रम सञ्चालन गर्दै यो रेडियो अगाडि बढिरहेको छ । जिल्लामा एकपछि अर्को रेडियो स्थापना हुँदै जानु तथा प्रतिस्पर्धात्मक बजार भएकोले यो रेडियो गतिशील ढङ्गबाट अगाडि बढ्न सकेको पाइँदैन ।

---

४१. **रेडियो धादिङ**का कार्यक्रम संयोजक नारायणचन्द्र सुवेदीले मिति २०६७-०५-१४ गते दिनुभएको जानकारीबाट ।

सीमित स्थानमा मात्र सुनिने र प्रशारण क्षमता बढाउन नसकेकै कारण हाल यो रेडियो बन्द हुने अवस्थामा रहेको छ ।[४२]

### ३.३.३ रेडियो बिहानी

धादिङ जिल्लामा तेस्रो रेडियोको रूपमा स्थापित **रेडियो बिहानी** ९७.६ मेगाहर्जबाट प्रशारण हुन्छ । यसको प्रशारण वि.स.२०६६ कार्तिकबाट भएको हो । यस रेडियोले विभिन्न साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यसको प्रशारण आसपासका धेरै छिमेकी जिल्लाहरूमा सुन्न सकिन्छ । जिल्लाको साहित्यिक गतिविधिलाई समेटेर कार्यक्रम प्रशारण गर्ने सन्दर्भमा यसले हरेक बुधबार राती ९ : १५ देखि १० : ०० बजेसम्म **स्रष्टा र सिर्जना** नामको साहित्यिक कार्यक्रम प्रशारण गर्दछ । जहाँ जिल्ला भित्रका तथा जिल्ला बाहिरका स्रष्टाहरूले फोन गरेर आफ्नो रचना वाचन गर्दछन् । त्यस्तै हरेक मङ्गलबार राती ९ : १५ देखि १० बजेसम्म गजलहरूको कार्यक्रम **शेरहरू** प्रशारण गर्दै आएको छ । जहाँ विभिन्न स्रष्टाहरूले प्रत्यक्ष रूपमा तथा पत्र मार्फत आफ्ना गजलहरू सम्प्रेषण गर्दछन् ।[४३] यसरी धादिङको साहित्यिक गतिविधिलाई माथि उठाउन **रेडियो बिहानी**ले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

## ३.४ धादिङमा स्थापित पुरस्कार

साहित्य सृजन परम्पराको दृष्टिले धादिङको साहित्यिक इतिहास पुरानो छ तर धादिङमा हालसम्म नियमित पुरस्कार प्रदान गर्ने संस्था वा त्यस्तो कुनै पुरस्कार स्थापना हुन नसकिरहेको परिप्रेक्ष्यमा धादिङ साहित्य समाजको अग्रसरतमा **दैवज्ञ स्रष्टा सम्मान** नामक पुरस्कार हालै मात्र स्थापना भएको छ । धादिङ साहित्य समाजको पहलमा विविध क्षेत्रबाट अर्थ सङ्कलन गरेर रू. एक लाखको पुरस्कार राशी भएको अक्षय कोष स्थापना गरिएको छ । यसैलाई परिचालन गरेर धादिङभित्रका साहित्य साधकहरूलाई सम्मान गर्दै जाने समाजको उद्देश्य रहेको छ । हालसम्म यस पुरस्कारबाट कसैलाई सम्मान गरिएको छैन । हालै मात्र यसको स्थापना गरिएको हुनाले यसलाई व्यवस्थित पारेर लैजाने सन्दर्भमा समय खर्च भएकोले कुनै पनि प्रतिभालाई सम्मान गर्न नभ्याएको हो ।

---

४२. **रेडियो लोकतन्त्र**का कार्यक्रम सञ्चालक रमेश अधिकारीले मिति २०६७/०६/१२ गते दिनुभएको जानकारीबाट ।

४३. मिति २०६७/०६/१२ गते **रेडियो बिहानी**का कार्यक्रम संयोजक बुद्धिमान वाइवाले दिनुभएको जानकारीबाट ।

अब तुरुन्तै यस पुरस्कारबाट सम्मान योग्य प्रतिभाको खोजी गर्ने कार्यक्रम धादिङ साहित्य समाजको रहेको देखिन्छ ।[४४]

## ३.५ धादिङका साहित्यिक सङ्घ संस्थाहरूको परिचय

धादिङको साहित्यिक गतिविधिलाई अगाडि बढाउन यहाँ विभिन्न समयमा विभिन्न साहित्यिक सङ्घ संस्थाहरू स्थापना भएका छन् । तीमध्ये विशुद्ध साहित्यिक सङ्घ संस्थाहरू र साहित्यिक गतिविधि गर्ने अन्य सङ्घ संस्थाहरू छन् ।

### ३.५.१ विशुद्ध साहित्यिक सङ्घ संस्थाहरू

हरेक सङ्घ संस्थाहरू निश्चित उद्देश्य तथा लक्ष्यका साथ स्थापना भएका हुन्छन् । साहित्यिक उद्देश्य राख्ने र त्यही उद्देश्यबाट निर्देशित भई आफ्ना गतिविधि सञ्चालन गर्ने सङ्घ संस्थाहरू विशुद्ध साहित्यिक सङ्घ संस्थाहरू हुन् । धादिङ जिल्लामा विशुद्ध साहित्यिक सङ्घ संस्थाहरू स्थापना भएका छन्

#### ३.५.१.१ दर्ता भई सक्रिय रहेका साहित्यिक सङ्घ संस्थाहरू

विभिन्न परिवेश र सन्दर्भमा स्थापना भई जिल्ला प्रशाशन कार्यालय धादिङमा दर्ता भएका साहित्यिक संस्थाहरू केही रहेका छन् । ती साहित्यिक सङ्घ संस्थाहरू आजसम्म क्रियाशील र निरन्तर आफ्नो उद्देश्यमा लागिरहेका छन् । तिनै साहित्यिक सङ्घ संस्थाहरूको कालक्रमिक रूपमा यसप्रकार चर्चा गरिएको छ :

**क. धादिङ साहित्य समाज (२०५४)**

स्थानीय नवप्रतिभाको खोजी, भाषा, कला, साहित्य र संस्कृतिको खोजी, अध्ययन, अनुसन्धान, संरक्षण र सम्बर्धन तथा पुराना साहित्यिक स्रष्टाहरूको सम्मान गर्ने उद्देश्यले २०५४ साल फागुन १३ गते धादिङ साहित्य समाजको स्थापना भएको हो । धादिङका कवि तीर्थराज अधिकारीको सक्रियता र कवि डिल्लीरमण शर्मा अर्यालको संयोजकत्वमा स्थापित यस समाजको औपचारिक दर्ता वि.सं.२०५७ श्रावण २३ गते भएको हो । स्थापना सँगै प्रत्येक महिनाको अन्तिम शनिवार साहित्यिक कार्यक्रम **'बिसौनी'** सञ्चालन गर्दै आएको धादिङ साहित्य समाजले वि.सं.२०५७ चैत्र ४ गते राष्ट्रिय कवि सम्मेलनको आयोजना गरेको थियो ।[४५] त्यसका अतिरिक्त साहित्यिक व्यक्तित्वहरू भानुभक्त आचार्य, मोतिराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ

४४. **धादिङ साहित्य समाज**का सचिव नवीनबन्धु पहाडीले दिनुभएको जानकारीबाट ।

४५. नवीनबन्धु पहाडी, *स्मृतिका पन्नाभित्र राष्ट्रिय कवि सम्मेलन* **बिसौनी**, धादिङ : धासास (वर्ष ४, अङ्क ५, २०५८ कार्तिक)

पौड्याल जस्ता राष्ट्रिय स्तरका साहित्यकारहरूको जयन्तीका अवसर पारेर यसले विभिन्न साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । साथै विभिन्न अवसर पारेर यसले साहित्यिक पुस्तकहरूको विमोचन गर्ने काम पनि गरिरहेको छ । स्थापना पछि यस समाजले आफ्ना गतिविधिहरूलाई प्रकाश पार्न तथा यस समाजसँग आबद्ध स्रष्टाहरूको सिर्जना पाठकसमक्ष पुऱ्याउन वि.सं.२०५५ देखि मुखपत्रको रूपमा यस समाजले **'बिसौनी'** पत्रिका प्रकाशन गरिरहेको छ ।[४६]

## ख. त्रिवेणी साहित्य समाज (२०५५)

विभिन्न कुनाकाप्चामा लुकेका प्रतिभाहरूलाई खोजेर उनीहरूलाई मलजल गर्ने, संरक्षण दिने सबै जातजाति, भाषाभाषीको साझा थलोको रूपमा काम गर्ने एउटा समाजको आवश्यकता महसुस गरेर वि.सं.२०५५ चैत्रमा धादिङे युवाहरूको सक्रियतामा त्रिवेणी साहित्य समाजको गठन भएको हो ।[४७] साहित्य सिर्जनामा रुचि राख्ने प्रवीण श्रेष्ठको अध्यक्षतामा गठित त्रिवेणी साहित्य समाजको दर्ता वि.सं. २०५९ मा भएको हो ।[४८] स्थापनाकालदेखि **'स्पन्दन'** त्रैमासिक हवाइ पत्रिका प्रकाशन गरेको यस समाजले ४५ जिल्लामा आफ्नो पत्रिका पुऱ्याउन सफल भएको छ ।[४९] विषेशतः **स्पन्दन** हवाइ पत्रिकामार्फत विभिन्न ठाउँमा रहेका साहित्यिक प्रतिभाहरूलाई समेट्दै अगाडि बढेको यस समाजले २०६२ सालमा आफ्नो स्पन्दन पत्रिकाको रजत अङ्क प्रकाशन गरेको छ । दीपेन्द्र रिजाल **'अकेला'** को प्रधान सम्पादकत्त्वमा प्रकाशित यस अङ्कको अतिथि सम्पादक नवीनबन्धु पहाडी हुन् । राष्ट्रकवि माधव घिमिरेको शुभकामना समावेश भएको यस अङ्कमा धादिङ साहित्य समाजको अध्यक्ष डिल्लीरमणशर्मा अर्यालको पनि शुभकामना रहेको छ । ५२ वटा लेख रचना समेटिएको यस पत्रिकामा नवीनबन्धु पहाडीले धादिङको साहित्यिक इतिहास खोतलेका छन् । त्यसैगरी डिल्लीरमणशर्मा अर्याल, ज्ञानुवाकर पौड्याल, बाबुकाजी सिलवाल, धनराज गिरी, राजेन्द्रप्रताप शाह, केशव अधिकारी तथा स्वामी खितखितानन्दका लेख रचनाहरू उल्लेखनीय छन् ।[५०]

---

४६. मिति २०६७-०३-१६ गते धासासका सचिव नवीनबन्धु पहाडीले शोधार्थीलाई दिनुभएको जानकारीबाट ।

४७. त्रिवेणी साहित्य समाजको अध्यक्ष प्रवीण श्रेष्ठले मिति २०६७-०४-२६ गते दिनुभएको जानकारीबाट ।

४८. त्रिवेणी साहित्य समाजको दर्ता प्रमाणपत्रबाट ।

४९. रमेश अधिकारी, *स्पन्दन : समीक्षा,* **स्पन्दन** (रजत अङ्क), धादिङ : त्रिवेणी साहित्य समाज (२०६२) पृष्ठ ५३-५४ ।

५०. **स्पन्दन,** धादिङ : त्रिवेणी साहित्य समाज, २०६५ ।

यस संस्थाले **स्पन्दन** पत्रिकालाई निरन्तर प्रकाशित गरेपनि पछि प्रकाशन गर्न छोडेको बुझिन्छ तर हालसम्म पनि यो संस्था क्रियाशील छ ।

### ग. पृथक अभियान नेपाल (२०६४)

धादिङमा शिथिल भएको साहित्यिक गतिविधिहरूलाई सक्रिय गर्ने र धादिङे स्रष्टाहरूका रचनाहरूलाई एकीकृत रूपमा प्रकाशित गर्दै लाने तथा स्रष्टाहरूलाई सम्मान गर्ने उद्देश्यले धादिङका उत्साही युवाहरूको सक्रियतामा यो पृथक अभियान नेपालको जन्म वि.सं.२०६४ साल बैशाखमा भएको हो । शिशिर शर्माको अध्यक्षतामा गठन भएको यस अभियानलाई विधिवत् रूपमा २०५५ साल कार्तिकमा जि.प्र.का. धादिङमा दर्ता गरिएको पाइन्छ ।[५१] यस अभियानको गठन सँगसँगै यसले धादिङका कवि प्रतिभाहरूको रचना सङ्कलन गरेर **'धादिङका कवि प्रतिभा'** भन्ने पुस्तक २०६५ असोजमा प्रकाशित गरेको छ । शिशिर शर्माको सम्पादकत्त्वमा प्रकाशित यस पुस्तकले धादिङका पुराना प्रतिभाका साथै नव प्रतिभालाई समेत समेटेको छ । स्व. सुवि शाहको अमर ज्योति कविताबाट सुरु भएको कविप्रतिभाको परिचय र उनीहरूका कविताको शृङ्खला तिलु गुरुङमा आएर टुङ्गिएको छ । यसरी ५३ जना कवि प्रतिभाहरूको संक्षिप्त परिचय र प्रतिनिधि कविता यसमा समावेश छ ।[५२] त्यसैगरी यस अभियानले २०६५ कार्तिकमा धादिङका डिल्लीरमणशर्मा अर्याल, केवलपुरे किसान लगायत तीन जना स्रष्टाहरूलाई सम्मान गरेको छ । २०६६ सालको कार्यक्रमअन्तर्गत यस अभियानले श्री सल्यानकोट उ.मा.वि. सल्यानकोटलाई करिब ५०० जति पुस्तक निःशुल्क उपलब्ध गराएको छ । यसका साथै धादिङका प्राकृतिक र सांस्कृतिक महत्त्वका स्थानहरूलाई समेटेर वृत्तचित्र बनाउने लक्ष्यअनुरूप हाल यसले धादिङमा **'गङ्गा जमुना झरना'** वृत्तचित्र निर्माण गरिरहेको छ । त्यस्तै अब यस अभियानले धादिङका कथाकारहरूलाई समेटेर एक पुस्तक प्रकाशन गर्न लागिरहेको छ ।[५३]

## ३.५.१.२ दर्ता नभएका तर सक्रिय रहेका साहित्यिक सङ्घ संस्थाहरू

धादिङ जिल्लामा त्यस्ता साहित्यिक सङ्घ संस्थाहरू पनि रहेका छन्, जुन विधिवत रूपमा विविध कारणले दर्ता हुन सकेका छैनन् तापनि ती सङ्घ संस्थाहरूले विभिन्न साहित्यिक अभियानहरू सञ्चालन गरेका छन् । तिनको विवरण यसप्रकार छ :

५१. २०६६-०४-२७ गते पृथक अभियान नेपालका अध्यक्ष शिशिर शर्माले टेलिफोनबाट दिनुभएको जानकारीबाट ।
५२. शिशिर शर्मा, (सम्पा.) **धादिङका कवि प्रतिभा**, धादिङ : पृथक अभियान नेपाल (२०६५) ।
५३. शिशिर शर्मा, (सम्पा.), पूर्ववत् ।

### क. स्रष्टा अभियान धादिङ

धादिङ जिल्लामा साहित्यिक जागरण ल्याउने उद्देश्यले साहित्यकार तथा धा.सा.स.का सचिव नवीनबन्धु पहाडीको संयोजकत्वमा वि.सं.२०५९ चैत्रमा स्रष्टा अभियान धादिङको गठन भएको हो ।[५४] यस अभियानका सदस्यहरूमा मुरारी अधिकारी, गोविन्द बुढाथोकी, राजेन्द्र प्रताप शाह, संझना अर्याल, सीता अधिकारी, राम नेपाली, नवराज लम्साल, हेमराज अर्याल हुनुहुन्छ । यस अभियानको गठनसँगै यसले गाउँमा रहेका र अवसर नपाएका प्रतिभाहरूको खोजी गरी उनीहरूलाई साहित्य सिर्जनामा अग्रसर गराउने काम गरेको छ । यस्तै यस अभियानले **'गन्तव्य धादिङ यात्रा'** नाम दिएर धादिङका पर्यटकीय क्षेत्रहरूलाई कविता, निबन्ध मार्फत प्रचार/प्रसार गर्ने गरेको छ । त्यस्तै संरक्षण कविता आन्दोलनसँगै मिलेर यस अभियानले धादिङ जिल्लाको जोगीमारा गा.वि.स. अन्तर्गत चेपाङहरूको बाहुल्यता रहेको जवाङमा **'चेपाङ गाउँमा कविता कार्यक्रम'** गरेको छ । मुलुक संविधान सभाको निर्वाचनतर्फ अगाडि बढेपछि यस स्रष्टा अभियानले निर्वाचन आयोगसँग मिलेर वि.सं. २०६४ मा संविधान सभामा स्रष्टा सहभागिता कार्यक्रम सञ्चालन गरेको छ । यसैगरी विभिन्न कार्यक्रमहरू यसले हालसम्म सञ्चालन गर्दै आइरहेको छ ।[५५]

### ख. भानु प्रतिष्ठान, धादिङ

भानु प्रतिष्ठानको केन्द्रीय कार्यालयले यही मिति २०६७-०३-२७ गते धादिङ साहित्य समाजका सचिव नवीनबन्धु पहाडीलाई भानु प्रतिष्ठान धादिङको संयोजक तोकी भानु प्रतिष्ठान धादिङको औपचारिक थालनी गरेको छ । यसका सदस्यहरू मनोनयन हुन बाँकी नै छ । त्यसैले हाल यसले कुनै पनि साहित्यिक गतिविधि गर्न भ्याएको छैन ।[५६]

## ३.५.१.३ दर्ता भएर निष्क्रिय रहेका साहित्यिक सङ्घ संस्थाहरू

विगतमा दर्ता भएर विभिन्न गतिविधिहरू सञ्चालन गरेका केही साहित्यिक सङ्घ संस्थाहरू हाल निष्क्रिय रहेका छन् । ती साहित्यिक सङ्घ संस्थाहरूको विवरण यस प्रकार छ :

### क. गोधूलि साहित्य समाज

धादिङ जिल्लाको बेनीघाट -८, बेनीघाट बजारका उत्साही युवाहरूको सक्रियतामा

५४. नवीनबन्धु पहाडीले दिनुभएको जानकारीबाट ।
५५. ऐजन ।
५६. ऐजन ।

वि.सं.२०५४ कार्तिक १३ गते गोधूलि साहित्य समाजको गठन भएको हो । गठनपश्चात् जि.प्र.का. धादिङमा समेत दर्ता भएको यस समाजले नेपाली भाषा साहित्यको विकास, कला संस्कृति तथा लोकगीतको संरक्षण तथा सम्बर्द्धन गर्ने जस्ता उद्देश्यहरू लिएको छ । धादिङ साहित्य समाजका आजीवन सदस्य प्रयास सौरभ श्रेष्ठको अध्यक्षतामा गठित गोधूलि साहित्य समाजको सचिव वासुदेव कँडेल हुन् । गठनपश्चात् **प्रभात** नामक भित्ते पत्रिका मासिक रूपमा प्रकाशन गर्दै आएको यस समाजले गोधूलि नामक साहित्यिक हवाइ पत्रिका प्रकाशन गरेको छ । ११ अङ्कसम्म प्रकाशित गोधूलिको पूर्णाङ्क ७ गीत विशेषाङ्क रहेको छ । त्यसैगरी यस समाजले थारू, नेवारी, राई, बान्तवा भाषामा समेत हवाइ पत्रिका प्रकाशन गरेको छ । यी सबै पत्रिकाहरूको सम्पादक एवं संयोजक प्रयास सौरभ श्रेष्ठ र सह सम्पादकमा हिकम 'दीन' मिया र केशव अधिकारी 'श्रमिक' रहेका छन् । हवाइ साहित्य समूह नेपाल तथा काँचुली साहित्यिक हवाइ पत्रिका पाल्पाबाट सम्मान समेत प्राप्त गरेको यो समाज पछिल्ला दिनहरूमा क्रमशः निष्क्रिय हुँदै गएको देखिन्छ । विशेषतः यस समाजको अध्यक्ष प्रयास सौरभ श्रेष्ठको पिताको वि.सं.२०५६ मा निधन भएपछि यो समाज पूर्णतः निष्क्रिय बन्न पुगेको पाइन्छ । [५७]

## ख. पाविल साहित्य परिवार

वि.सं. २०५६ मा धादिङ जिल्लाको दक्षिणी भेगलाई विशेष कार्यक्षेत्र बनाएर पाविल साहित्य परिवारको जन्म भएको हो । रमेश अधिकारीको अध्यक्षतामा गठित पाविल साहित्य परिवारको सचिव राजकुमार थापा हुन् । वि.सं. २०५९ मा जि.प्र.का. धादिङमा दर्ता भएको पाविल साहित्य परिवारको गठनपश्चात् प्रत्येक महिनाको अन्तिम शनिबार स्थानीय प्रतिभाहरूको खोजी गरी उनीहरूको प्रतिभा र क्षमतालाई प्रचार प्रसार गर्ने उद्देश्यले जिल्लाको दक्षिणी भागमा पर्ने पृथ्वी राजमार्ग वरिपरिका गा.वि.स.हरूमा साहित्य झर्ना कार्यक्रम सञ्चालन गर्दै आएको थियो । यस क्रममा यस पाविल साहित्य परिवारले जोगीमारादेखि नौबिसेसम्मका विभिन्न स्थानहरूमा यस्ता कार्यक्रम सम्पन्न गरेको छ । ती साहित्य झर्नामा वाचन गरिएका साहित्यिक लेख रचनाहरूलाई समेटेर यस पाविल साहित्य परिवारले आफ्नो मुखपत्र **उद्बोधन** पत्रिका प्रकाशन गरेको छ । वार्षिक रूपमा प्रकाशन हुने उक्त मुखपत्र उद्बोधनको दुई अङ्कसम्म प्रकाशन भएको छ । त्यसपछि पाविल साहित्य

---

५७. गोधूलि साहित्य समाजका संस्थापक अध्यक्ष प्रयास सौरभ श्रेष्ठले दिनुभएको जानकारीबाट ।

परिवार क्रमशः निष्क्रिय हुँदै गएको पाइन्छ । यसका पदाधिकारीहरूको आफ्नो कार्यव्यस्तता तथा परिवारबाट उनीहरूको बहिर्गमनका कारण हाल पाविल साहित्य परिवार प्रायः निष्क्रिय अवस्थामा रहेको छ ।[५८]

## ३.५.२ साहित्यिक गतिविधि गर्ने अन्य सङ्घ संस्थाहरू

गैर साहित्यिक उद्देश्यले खोलिएका केही सङ्घ संस्थाहरूले जिल्लामा विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गर्नुका साथ पुस्तकहरू प्रकाशित गरेका छन् । त्यस्तै स्रष्टाहरूलाई सम्मान गर्ने, साहित्यिक प्रतिभाहरूको भेला गर्ने जस्ता कार्यहरू सञ्चालन गर्ने गरेका छन् । यहाँ त्यस्ता केही सङ्घ संस्थाहरूको उल्लेख गर्नु मनासिब देखिन्छ ।

### ३.५.२.१ जनता पुस्तकालय

वि.सं.२०४९ मा देवराज पाठकको सक्रियतामा स्थापित जनता पुस्तकालयका अध्यक्ष मोहनकुमार श्रेष्ठ हुन् । स्थापना कालदेखि विभिन्न साहित्यिक कार्यक्रम सञ्चालन गर्दै आएको यस पुस्तकालयले **बिन्दुकेशरी** नामक स्मारिका दुई अङ्कसम्म प्रकाशित गरेको छ । सम्पादक गणेशमान श्रेष्ठको सम्पादकत्वमा प्रकाशित **स्मारिका**मा विभिन्न स्रष्टाहरूका लेख रचना प्रकाशित रहेका छन् । यसका अतिरिक्त यसले २०४९ माघ १५ गते जिल्लाव्यापी स्नातक भेला तथा माघ १६ गते साहित्यकार डिल्लीरमणशर्मा अर्यालको सभापतित्वमा धादिङ जिल्लाव्यापी साहित्य सम्मेलन सम्पन्न गरेको छ ।[५९] यसैगरी २०५५ सालदेखि यस पुस्तकालयले धादिङ साहित्य समाजको **बिसौनी** साहित्ययात्रामा वाचन भएका कविताहरूलाई **समाज** नामक भित्ते पत्रिका मार्फत प्रकाशन गर्ने गरेको छ ।[६०] यसैगरी यस संस्थाले भानुजयन्ती, लक्ष्मीजयन्ती तथा गाइजात्रा जस्ता अवसरहरूमा विभिन्न साहित्यिक भेला गर्ने गरेको छ ।

### ३.५.२.२ कर्मचारी मिलन केन्द्र, धादिङ

धादिङमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको सक्रियतामा वि.सं. २०५३ मा स्थापित कर्मचारी मिलन केन्द्र धादिङले स्थापना कालदेखि हालसम्म आफ्नो वार्षिक मुखपत्रको रूपमा **आँखुको सुसेली** नामक पत्रिका प्रकाशन गर्दै आइरहेको छ । कर्मचारीहरू बीच सामीप्यता स्थापना गर्ने र आफ्ना कार्यालयका गतिविधिहरू जनतामाझ पुऱ्याउने उद्देश्यले स्थापित यस मिलन केन्द्रले धादिङ जिल्लाका स्रष्टाहरूलाई सम्मान गर्दै आएको छ । स्रष्टा सम्मान अन्तर्गत २०६७-०४-२६

५८. पाविल साहित्य परिवारका संस्थापक अध्यक्ष रमेश अधिकारीले मिति २०६७/०४/२६ मा दिनुभएको जानकारीबाट ।
५९. बिन्दुकेशरी, **स्मारिका**, जनता पुस्तकालय धादिङ (२०५१, आश्विन) पृष्ठ ६६-६९ ।
६०. **बिसौनी**, धादिङ : धादिङ साहित्य समाज (वर्ष १, अङ्क १,२०५५) पृष्ठ उल्लेख नभएको ।

गते धा.सा.स.का अध्यक्ष एवं साहित्यकार डिल्लीरमणशर्मा अर्याललाई यस मिलन केन्द्रले रु.५००० नगद र सम्मानपत्रले कदर गरेको छ ।[६१] यस केन्द्रले प्रकाशित गर्दै आएको **आँखुको सुसेली** नामक मुखपत्रमा साहित्यिक रचनाहरूलाई यथोचित स्थान दिने गरेको छ । वि.स.२०५३ पुष १४ गते पहिलो अङ्कको रूपमा प्रकाशित **आँखुको सुसेली** हालसम्म ११ अङ्क प्रकाशित भइसकेको छ । यसको पछिल्लो अङ्क २०६७ साल बैशाख १ गते अङ्क ११ को रूपमा प्रकाशित भएको छ । डिल्लीरमणशर्मा अर्यालको *शुभकामना* कविताबाट सुरू भएको यस अङ्कमा कविता, कथा, गजल तथा विभिन्न लेखहरू रहेका छन् । प्रमुख कोष नियन्त्रक हरिनारायण निरौलाको अध्यक्षतामा रहेको यस कर्मचारी मिलन केन्द्रमा हाल ३३ जना सदस्य रहेका छन् ।[६२]

## ३.६ निष्कर्ष

मध्यमाञ्चल विकास क्षेत्रको पहाडी जिल्लाको रूपमा परिचित धादिङ जिल्लाको साहित्यिक परम्परा लामो छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको समकालीन पं. चक्रपाणि अर्ज्यालका कान्छा छोरा दैवज्ञकेशरी अर्ज्यालबाट धादिङको साहित्य परम्परा सुरू भएको हो । वि.सं. १८६३ मा काठमाडौंबाट निकाला भएपछि यिनी धादिङको सुनखानीमा आई बसेपछि त्यहीबाट साहित्य लेखन आरम्भ गरेका हुन् । यिनले रचना गरेको **गोरक्षयोगशास्त्र** (१८७७) **अश्वशुभाशुभ परीक्षा** नै धादिङको पहिलो साहित्यिक कृति हुन् । त्यहाँबाट सुरू भएको धादिङको साहित्य यात्रालाई नेपाली साहित्यको काल विभाजन अनुसारै अध्ययन गर्न सकिन्छ । दैवज्ञकेशरी अर्ज्याल, विद्यारण्यकेशरी अर्ज्याल प्राथमिककालीन साहित्यकार हुन् भने माध्यमिक कालका कुञ्जविलास गौतम, कुलचन्द्र गौतम, कृष्णप्रसाद रेग्मी, दानराज लामिछाने, भवानीप्रसाद खतिवडा, वीरेन्द्रकेशरी अर्ज्याल, होमनाथ खतिवडा, जस्ता प्रतिभाहरू हुन् । आधुनिक कालमा यस जिल्लामा धेरै प्रतिभाहरू देखा परेका छन् । तीमध्ये पहिलो पुस्तामा केशवराज पिंडाली, कृष्णप्रसाद चापागाई, केवलपुरे किसान आदि पर्दछन् भने पछिल्लो पुस्तामा डिल्लीरमणशर्मा अर्याल, कृष्ण गौतम, जैनेन्द्र जीवन, घनश्याम कडेल, टी.एन. गोपीकृष्ण अधिकारी, बलदेव अधिकारी आदि देखा पर्दछन् । त्यसभन्दा पछि देखा परेका अन्य प्रतिभाहरूमा रामहरि लम्साल, नवीनबन्धु पहाडी, बद्री दाहाल, नवराज लम्साल, रमेशचन्द्र अधिकारी, रामचन्द्र लम्साल आदि

६१. डिल्लरिमणशर्मा अर्यालले दिनुभएको जानकारीबाट ।

६२. **आँखुको सुसेली**, धादिङ, कर्मचारी मिलन केन्द्र, (वर्ष १५, अङ्क ११, २०६७) पृष्ठ ।

छन् । यसरी धादिङको साहित्यिक परम्परालाई अगाडि बढाउन यी प्रतिभाहरूका साथै थुप्रै प्रतिभाहरूले महत्त्वपूर्ण योगदान गरेका छन् । उनीहरूले आफ्ना रचना पुस्तकाकारको रूपमा प्रकाशित गरेका छन् भने कतिपय पत्रपत्रिकामा पनि प्रकाशित छन् । २०३६ सालमा भैरबी मा.वि.बाट प्रकाशित भैरबी पत्रिकाले साहित्यिक रचना छाप्ने गरेदेखि पत्रपत्रिकामा साहित्यको सुरूआत भएको र अहिले विभिन्न साहित्यिक पत्रिका तथा अन्य समाचारमूलक पत्रिकाहरूले साहित्यिक रचनाहरूलाई नियमित रूपमा छाप्दै आएको छ । जिल्लामा साहित्यिक सङ्घ संस्थाको इतिहास त्यति लामो देखिदैन । वि.सं.२०५४ तिर बेनीघाटका उत्साही युवाहरूबाट **गोधूलि साहित्य समाज**को गठन भएर यसले **गोधूलि** नामक हवाइ पत्रिका प्रकाशन गरेपनि हाल यो समाज निष्क्रिय छ । त्यसभन्दा अगाडि जनता पुस्तकालयले २०४९ देखि नै विभिन्न साहित्यिक कार्यक्रम सञ्चालन गरेको बुझिन्छ । त्यसपछि धादिङ साहित्य समाजको गठन २०५४ सालमा भयो र यसले विभिन्न दुःख कष्ट झेलेर पनि साहित्यिक गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ ।

वि.सं.२०५६ मा जिल्लाको दक्षिणी भागमा गठन भएको पाविल साहित्य परिवारले स्थानीय प्रतिभाहरूको खोजी गरेपनि सक्रिय रहिरहन सकेन । २०५५ मा गठन भएको त्रिवेणी साहित्य समाजले जिल्लाको साहित्यिक गतिविधिलाई केही उठाउन कोसिस गरिरहेको छ ।

हालै मात्र गठन भएको पृथक अभियान नेपाल जुर्मुराएर उठेको छ । यसले आफ्नो गठन लगत्तै २०६५ सालमा धादिङका कविहरूलाई समेटेर **धादिङका कवि प्रतिभा** नामक पुस्तक प्रकाशन गरेको छ भने हाल विभिन्न साहित्यिक अभियानमा यो जुटिरहेको छ । कर्मचारी मिलन केन्द्रले वर्षेनी **आँखुको सुसेली** नामक मुखपत्र प्रकाशन गरेर त्यहाँ साहित्यलाई यथेष्ट स्थान दिएको पाइन्छ ।

यसप्रकार विभिन्न साहित्यिक अभियानमा जुटेका धादिङको साहित्यिक सङ्घ संस्थाहरू तथा धादिङका साहित्यकारहरू स्थापित हुन प्रयासरत छन् ।

# परिच्छेद : चार

# धादिङ साहित्य समाजको अध्ययन

## ४.१ धादिङ साहित्य समाजको परिचय

### ४.१.१ पृष्ठभूमि

नेपालको मध्य भागमा अवस्थित पहाडी जिल्ला धादिङमा साहित्य सृजनाको परम्परा नेपालको एकीकरण अभियानसँगै सुरु भएको पाइन्छ । पृथ्वीनारायण शाहका समकालीन पं. चक्रपाणि अर्ज्यालका कान्छा छोरा दैवज्ञकेशरी अर्ज्यालबाट नै धादिङको साहित्ययात्रा सुरु भएको हो ।[६३] त्यहाँबाट सुरु भएको साहित्य सिर्जना परम्परामा थुप्रै प्रतिभाहरू उदाए । तर ती प्रतिभाहरूलाई सङ्गठित गर्ने काम भने कतैबाट हुन सकेन । पञ्चायती शासन कालमा अभिव्यक्तिको स्वतन्त्रता नभएकोले कुनै कामलाई संस्थागत गर्नु चुनौतीपूर्ण थियो तैपनि धादिङका तत्कालीन स्रष्टाहरू मिलेर २०५४ साल फागुन १३ गते शिवरात्रीको पावन अवसरमा धादिङ साहित्य समाजको गठन गरेका हुन् ।[६४]

### ४.१.२ संस्थापकहरूको भेला र स्थापना

साहित्यिक प्रतिभा र साहित्यिक कार्यक्रमहरूलाई प्रोत्साहित र परिचालित गर्दै लाने उद्देश्यले वि.सं.२०५४-११-१३ गते श्री नीलकण्ठ उ.मा.वि. धादिङबेसीमा १३ जना महानुभावहरूको भेलाले **धादिङ साहित्य समाज** को स्थापना गरेको हो ।[६५] डिल्लीरमणशर्मा अर्यालको संयोजकत्वमा भएको भेलाले धादिङ साहित्य समाजको गठन गरेको र निर्णय नं.१ मा आजको यस भेलामा उपस्थित भएर हस्ताक्षर गर्ने व्यक्तिहरू यस समाजको संस्थापक सदस्य मानिने छन् भनिएको छ ।[६६] भेलामा उपस्थित भएका संस्थापकहरूको विवरण यस प्रकार छ :[६७]

क) डिल्लीरमणशर्मा अर्याल - शि. नीलकण्ठ उ.मा.वि. धादिङबेसी

ख) तीर्थराज अधिकारी - प्रमुख कोष नियन्त्रक, को.ले.नि.का. धादिङ

---

६३. रामचन्द्र लम्साल, पूर्ववत् ,पृष्ठ : २५ ।

६४. २०६७-०३-१६ गते धासासका सचिव नवीनबन्धु पहाडीले दिनुभएको जानकारीबाट ।

६५. नवीनबन्धु पहाडीले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।

६६. ऐजन ।

६७. धासासका सचिव नवीनबन्धु पहाडीले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।

ग) शोभाकर रिसाल - प्रमुख, जिल्ला हुलाक कार्यालय

घ) अमरसिंह अधिकारी - शिक्षक, मण्डली मा.वि. फुलखर्क

ङ) विनोदमान श्रेष्ठ - शिक्षक, नीलकण्ठ उ.मा.वि., धादिङबेसी

च) हेमन्तराज दाहाल - पत्रकार - नीलकण्ठ ५, धादिङवेसी

छ) पूर्णप्रसाद ब्राह्मण - कर्मचारी - मालपोत कार्यालय, धादिङ

ज) दामोदर तिमल्सिना 'नलाङी' - शिक्षक, मिन्दुका प्र.मा.वि., नलाङ

झ) विश्वराज अधिकारी - कानुन व्यवसायी - नीलकण्ठ ५, धादिङवेसी

ञ) कल्पना अर्याल -प्रशिक्षक - नीलकण्ठ ५, धादिङ

ट) हरिशङ्कर ज्ञवाली - जि.स.व.का. धादिङ

ठ) लक्ष्मीराज ढुङ्गाना - जि.स.व., जि.स.व.का. धादिङ

ड) बलराम श्रेष्ठ - मा.न्या. जिल्ला अदालत, धादिङ

### ४.१.३ नामकरण तथा संस्था दर्ता

धादिङ साहित्य समाजको नामकरण सामान्य रूपमा भएको हो । यसअघि जिल्लामा कुनै पनि साहित्यिक संस्था नभएको र साहित्यिक प्रतिभाहरूलाई प्रोत्साहित गर्दै लाने तथा साहित्यिक कार्यक्रमहरूलाई पनि परिचालन गर्दै जाने प्रयत्नस्वरूप धादिङ जिल्लालाई सम्बोधन गरेर धादिङ साहित्य समाजको गठन गरिएको हो ।[६८] गठन भएको करिब तीन वर्षपछि २०५७-०४-२३ गते जिल्ला प्रशासन कार्यालय, धादिङमा यस समाजको दर्ता भयो । यसको दर्ता नं. ३६९ हो ।[६९] यो समाज नै धादिङ जिल्लाको पहिलो साहित्यिक संस्था हो ।[७०]

### ४.१.४ उद्देश्यहरू

धादिङ साहित्य समाजका मूलभूत उद्देश्यहरू यस प्रकार छन् :

क) नेपाली साहित्यका विशिष्ट प्रतिभाहरू कवि, निबन्धकार, नाटककार, कथाकार, लेखक समालोचक जस्ता विशिष्ट सर्जकहरूका जयन्ती मनाउन कार्यक्रमको आयोजना गर्ने, जसमा आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतिराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा,

---

६८. धासासका अध्यक्ष डिल्लीरमणशर्माले शोधार्थीलाई दिनुभएको जानकारीबाट ।

६९. **बिसौनी** (बर्ष ४, अंक ४, २०५७) पृष्ठ ।

७०. नवीनबन्धु पहाडीले शोधार्थीलाई दिनुभएको जानकारीबाट ।

कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम आदि महान् मनीषीहरू प्रत्येकको वा यथाशक्ति जोसुकैको पनि जन्म जयन्तीहरू भव्यताका साथ मनाउने सिलसिलामा साहित्यिक कार्यक्रमहरू कविगोष्ठी व्याख्यान, समस्यापूर्ति, हाजिरीजवाफ प्रतियोगिता, चर्चा परिचर्चा आदि साहित्यिक गतिविधिको सञ्चालन गर्ने ।

ख) राष्ट्रभाषा नेपालीका साथै राष्ट्रिय भाषाका विशिष्ट साधक र सेवकलाई स्मृति पदक वा उपहार तथा मानपत्रद्वारा सम्मानित गर्ने ।

ग) साहित्यमा रुचि राख्ने जोसुकैबाट कुनै आर्थिक सहयोग प्राप्त भएमा त्यस्ता दाताको नाम अङ्कित समेत हुने गरी पुरस्कार कोषको स्थापना गर्ने ।

घ) नव प्रतिभाको व्यक्तित्व विकासका लागि आवश्यक कार्य गर्ने ।

ङ) स्थानीय तथा जिल्लाभित्रका तथा उपयुक्त लागेमा जिल्लाबाहिरका समेत साहित्य-सर्जकको रचना उपयुक्त देखिएमा प्रकाशन गरिदिने या सक्दो सहयोग पुऱ्याउने ।

च) अनुसन्धानात्मक र सृजनात्मक खास गरी साहित्यसित सम्बन्धित पत्र-पत्रिका, पुस्तिका, पुस्तक एवं स्मारिका वा वार्षिक पत्रिका प्रकाशन गर्ने ।

छ) कुनै पनि साहित्यिक गतिविधि सञ्चालन गर्ने ।

ज) कुनै पनि वरिष्ठ साहित्यकारको प्रतिमा स्थापना गर्न प्रयासशील रहने ।

झ) अप्रकाशित पाण्डुलिपि या प्रकाशित कृतिको पनि लेखकीय अधिकार समाजलाई प्राप्त भएमा त्यसको पुनः प्रकाशन गर्ने ।

ञ) साहित्यिक कार्यक्रम आयोजना गर्नका लागि आयस्रोत सङ्कलन भएको आधारमा एउटा अक्षय कोषको स्थापना गर्ने ।

ट) जिल्लाभित्रका र का.स.ले उपयुक्त ठानेका बाह्य जिल्लाका पनि एकवर्षभित्र प्रकाशित भएका साहित्यिक पुस्तक, जसको मूल्याङ्कनको आधारमा एक जना लेखकलाई यथोचित नगद पुरस्कारद्वारा सम्मानित गर्ने ।[७१]

यसरी यस समाजले स्थानीय प्रतिभाहरूको खोजी गरी उनीहरूको व्यक्तित्व विकासको लागि विभिन्न साहित्यिक गतिविधिहरू गर्ने उद्देश्य लिएको छ ।

---

७१. धादिङ साहित्य समाजको विधान, परिच्छेद २, दफा ५ ।

### ४.१.५ सदस्यता

धादिङ साहित्य समाजको उद्देश्य र भावनालाई स्वीकार गरी सोही अनुसारको सेवा दिन सक्षम र तत्पर भाषासेवी वा साहित्यप्रेमी यस समाजको सदस्यता, योग्यता, आवश्यकता, उपयोगिता र व्यवहारिकताका आधारमा धादिङ जिल्लाका साथै अन्य जिल्लाका व्यक्तिहरूलाई पनि प्रदान गर्न सकिने प्रवधान रहेको छ ।[७२] साथै यस समाजको सदस्य हुन निम्न लिखित आचार संहिता निर्धारण गरिएको छ :

क) अनावश्यक कामकुरा खेर जाने समयको सदुपयोग गरेर २४ घण्टे दिनचर्याभित्रका पलहरूमध्ये केही पललाई मात्र भए पनि साहित्यिक क्रियाकलाप जस्तो उत्तम कार्यमा रमाउन सकौं भन्ने भावनाले अभिप्रेरित हुन ।

ख) आखिर धन नै सब थोक पनि त हैन भन्ने जस्ता धारणाबाट प्रभावित भएर तत्काल प्राप्त हुने आर्थिक लाभहानिको मनस्थिति एवम् आर्थिक प्रलोभनबाट निश्चित रूपले मुक्त रहन ।

ग) वर्तमान सामाजिक अवस्थामा निकै अपहेलित जस्तो साहित्यिक क्षेत्रलाई अलिकति नै भए पनि सहयोग गरौं भन्ने भावना र भविष्यका कर्णधार बालबालिकाहरूको समस्त विकास तथा उत्थानका लागि एक सचेत नागरिकको हैसियतले कर्तव्यको बोध र दायित्व वहन गर्न ।

घ) संस्थाको हितको सर्न्दभमा पदको भिन्नता (जुनसुकै का.का स. का पदमा रहन र माथिल्ला तहमा काम गरिसकेको व्यक्ति पनि तल्लो तहमा बसेर काम गर्न सक्ने क्षमता) लाई परबाह नगरी केवल स्वयंसेवकको हैसियतले सेवा गर्न तत्पर ।

ङ) सदस्य हुन इच्छुक व्यक्ति कुनै राजनैतिक पार्टीसँग प्रत्यक्ष सम्बन्धित तथा आस्थावान् भए तापनि त्यस्तो राजनीतिक पक्षभन्दा माथि उठेर आफूलाई नितान्त अलग राख्न र समाजको हक र हितका सम्बन्धमा यस समाजको विधानसम्मत आचारण र व्यवहार गर्न ।[७३]

व्यक्तिगत स्वार्थबाट माथि उठेर सामाजिक हितको लागि मरिमेट्ने तथा साहित्यप्रति रुचि भएका जोसुकै व्यक्तिहरू पनि यसका सदस्य बन्न सक्नेछन् ।

---

७२. धादिङ साहित्य समाजको विधान, परिच्छेद ३, दफा ६ ।
७३. ऐजन ।

### ४.१.५.१ साधारण सदस्य

यस समाजको विधानअनुसार साधारण सदस्यको लागि वार्षिक रु. २५/ तिरेपछि साधारण सदस्य बनाइन्छ ।[७४] सोहीअनुसार यस समाजको साधारण सदस्यता लिने व्यक्तिहरूको नामावली धादिङ साहित्य समाजबाट प्राप्त भएको अभिलेखको आधारमा यसप्रकार रहेको छ :[७५]

१. नारायण प्र.भट्ट - नलाङ ५, धादिङ

२. दिनेश घिमिरे - सितापाइला, काठमाडौं

३. लक्ष्मण बस्याल - बराङ्दी ७, पाल्पा

४. गोकर्णमणि दुवाडी - मुरलीभञ्ज्याङ ६, धादिङ

५. गोविन्द प्र.आचार्य - मुरलीभञ्ज्याङ ३, धादिङ

६. भेषराज आचार्य - चापाकोट १, स्याङ्जा

७. विष्णुप्रसाद भट्ट - ढोला १, धादिङ

८. सुदर्शन बसौला - सल्यानटार १, धादिङ

९. मङ्गली तमाङ - सेमजोङ ३, चौतारा

१०. नातिबाबु भट्ट - मैदी २, धादिङ

११. उद्योग शिवाकोटी - सुन्द्रावती १, दोलखा

१२. बाबुराम देवकोटा - देउराली ९, गोर्खा

१३. शर्मिला बि.क. - मुरलीभञ्ज्याङ ३, धादिङ

१४. निर्मला श्रेष्ठ - मुरलीभञ्ज्याङ ४, धादिङ

१५. कुलमान बि.क. - मुरलीभञ्ज्याङ ७, धादिङ

१६. ढुण्डीराज पाठक - चैनपुर, धादिङ

१७. ओमप्रसाद पाठक - चैनपुर, धादिङ

१८. राजेन्द्र अर्याल - नलाङ ३, धादिङ

१९. बदनकुमारी लम्साल - साङ्कोस ३, धादिङ

२०. ऋषिराम अर्याल - नलाङ ३ , धादिङ

---

७४. धादिङ साहित्य समाजको विधान, परिच्छेद ३, दफा ८ ।

७५. नवीनबन्धु पहाडीले उपलब्ध गराउनु भएको निर्णय पुस्तिकाबाट ।

२१. शिवप्रसाद रेग्मी - घ्याल्चोक ५, गोरखा

२२. कृष्णराज अधिकारी - सुनौला बजार ७, धादिङ

२३. रामबहादुर थापा - ज्यामरुङ ३, धादिङ

२४. हरिराम बुर्लाकोटी - सल्यानटार ७ धादिङ

२५. टीकाबहादुर भण्डारी - नीलकण्ठ ५, धादिङ

२६. ध्रुब रिजाल - नीलकण्ठ ५, धादिङ

२७. भवनाथ अधिकारी - नीलकण्ठ १, धादिङ

२८. राजु अर्याल - नलाङ ८, धादिङ

२९. सरस्वती दाहाल - नीलकण्ठ २, धादिङ

३०. होमनाथ रिजाल - नीलकण्ठ ५, धादिङ

३१. मोहनकुमार श्रेष्ठ - नीलकण्ठ ५, धादिङ

३२. टीकाप्रसाद पौडेल - धादिङ बोर्डिङ स्कुल

३३. बालकृष्ण सिंखडा - सल्यानकोट ९, धादिङ

३४. डि.वि. रिजाल - ठेगाना उल्लेख नभएको

३५. कृष्ण शर्मा - ठेगाना उल्लेख नभएको

३६. बि. आर. पाठक - धादिङ बोर्डिङ स्कुल

३७. मोहनबहादुर कडेल - मुरलीभञ्ज्याङ ३, धादिङ

३८. हेमराज खरेल - झापा, धुलाबारी

३९. वासुदेव लम्साल - साङ्कोस धादिङ

४०. राजकुमार तिमल्सिना - ठेगाना उल्लेख नभएको

४१. बालकृष्ण लेकाली - अचने मा.वि. खहरे

४२. राधिका अर्याल - नीलकण्ठ ५, धादिङ

४३. विष्णुकुमार श्रेष्ठ - नीलकण्ठ ५, धादिङ

४४. होमनाथ अम्गाई - धादिङ बोर्डिङ स्कुल

४५. नारायणकुमार श्रेष्ठ - नीलकण्ठ ५, धादिङ

४६. काजीमान श्रेष्ठ - नीलकण्ठ ६, धादिङ

४७. उत्तमकुमार कोइराला - सर्लाही

४८. सुशील खतिवडा - बैरेनी ८, धादिङ

४९. उर्मिला थपलिया - नीलकण्ठ ५, धादिङ

५०. पार्वती खाण ठकुरी - नीलकण्ठ ५ धादिङ

५१. अप्सरा अधिकारी - सुनौलाबजार धादिङ

५२. सीता अधिकारी - सुनौलाबजार धादिङ

५३. शर्मिला तिवारी - धादिङवेशी

५४. रामचन्द्र इटनी - सल्यानटार

५५. देवीप्रसाद छत्कुली - चैनपुर ३, धादिङ

५६. कमानसिंह खत्री - को.ले.नि.का.

५७. गोविन्दराज श्रेष्ठ - नीलकण्ठ ५, धादिङ

५८. टङ्क कुमार श्रेष्ठ - नीलकण्ठ ५, धादिङ

५९. एकनारायण लम्साल - ठेगाना उल्लेख नभएको

६०. श्रीधर सापकोटा - ठेगाना उल्लेख नभएको

### ४.१.५.२ आजीवन सदस्य

यस समाजको आजीवन सदस्य हुनको लागि न्यूनतम रु. ५००⁄ तिर्नु पर्दछ ।[७६] सोहीअनुसार सदस्य बन्ने व्यक्तिहरू प्राप्त अभिलेखका आधारमा यस प्रकार छन् :

१. डिल्लीरमणशर्मा अर्याल - नीलकण्ठ ५, धादिङ

२. बद्री दाहाल - नीलकण्ठ ५, धादिङ

३. हरिप्रसाद खनाल - मुरलीभञ्ज्याङ ६, धादिङ

४. नवीनबन्धु पहाडी - नीलकण्ठ २, धादिङ

५. पशुपति कर्माचार्य - ठेगाना उल्लेख नभएको

६. श्रीमती दुर्गा रिजाल - नीलकण्ठ ५, धादिङ

७. राजेन्द्रप्रताप शाह - मैदी २, धादिङ

८. भीमबहादुर क्षेत्री - लेले ७, ल.पु.

९. चूडामणी कँडेल - पर्सा ७, चितवन

१०. कल्पना अधिकारी - नीलकण्ठ ५, धादिङ

---

७६. धादिङ साहित्य समाजको विधान, पूर्ववत् ।

११. केशव दुवाडी - ढोला ९, धादिङ

१२. सुदर्शन भट्ट - मैदी २, धादिङ

१३. लोकनाथ लोहनी - चैनपुर ३, धादिङ

१४. बाबुकाजी सिलवाल - नीलकण्ठ ५, धादिङ

१५. प्रयाससौरभ श्रेष्ठ - बेनीघाट ८, धादिङ

१६. हेमराज अर्याल - नलाङ ३, धादिङ

१७. शान्तविक्रम बानिया -मुलपानी ९, धादिङ

१८. भीमसेन'संकेत' सडौला - मुलपानी ३, धादिङ

१९. बालकृष्ण तिमल्सिना 'लेकाली' - फुलखर्क ७, धादिङ

२०. सीताराम प्रसाद बर्मा - नीलकण्ठ ५, पुछारबजार धादिङ

२१. तिलमाया गुरुङ - गुम्दी २, धादिङ

२२. कपिलदेव सापकोटा - साङ्कोस १, धादिङ

२३. वासुदेव लम्साल - साङ्कोस, धादिङ

२४. इश्वरी अधिकारी - ठेगाना उल्लेख नभएको

२५. सीता अधिकारी - ठेगाना उल्लेख नभएको

२६. विश्वराज अधिकारी - नीलकण्ठ ५, धादिङ

२७. विनोद श्रेष्ठ - नीलकण्ठ ५, धादिङ

२८. राजेन्द्रप्रसाद ढकाल - बोलाङ ८, गोरखा

२९. शालिग्राम अर्याल - नलाङ ७, धादिङ

धादिङ जिल्लाका साहित्य सृजनामा केही अगाडि देखिएका स्रष्टाहरू मध्ये यस समाजको आजीवन सदस्यहरू पनि पर्दछन् ।

### ४.१.५.३ संरक्षक सदस्य

यस समाजको संरक्षक सदस्य हुन रु. २०००/ तिर्नु पर्दछ ।[७७] हाल यसप्रकारको सदस्य कोही पनि छैन ।

७७. धादिङ साहित्य समाजको विधान, पूर्ववत् ।

### ४.१.५.४ सल्लाहकार सदस्य

आवश्यकता र औचित्यअनुसार स्थानीय वा बाह्य जिल्लाका साहित्यप्रेमी बौद्धिक व्यक्ति वा भाषासेवीलाई यो सदस्यता प्रदान गर्न सकिन्छ ।[७८] हाल यसप्रकारको सदस्य कोही पनि नरहेको जानकारी प्राप्त भएको छ ।

### ४.१.५.५ मानार्थ सदस्य

आवश्यकता र औचित्यअनुसार स्थानीय वा राष्ट्रिय तहका वरिष्ठ वा विशिष्ट साहित्यप्रेमी एवं भाषासेवीलाई मानार्थ सदस्य बनाउन सकिन्छ ।[७९] हाल निम्नलिखित व्यक्तिहरूलाई मानार्थ सदस्य दिइएको जानकारी प्राप्त भएको छ ।[८०]

क) नवराज लम्साल - ज्यामरूङ, धादिङ

ख) राममणि दुवाडी - मुरलीभञ्ज्याङ, धादिङ

### ४.१.६ प्रथम तदर्थ कार्यसमिति

मिति २०५४-११-१३ गते धादिङ जिल्लाका विभिन्न कार्यालयमा कार्य गर्ने प्रमुखहरू विद्यालयका शिक्षकहरू नीलकण्ठ उ.मा.वि. धादिङबेसीमा भेला भएर **धादिङ साहित्य समाज** को गठन गरेका हुन् । उक्त भेलाको संयोजक डिल्लीरमणशर्मा अर्याल हुनुहुन्थ्यो भने भेलामा उपस्थित सम्पूर्ण व्यक्तिहरूलाई संस्थापक मानिएको छ ।[८१] त्यसपछाडि वि.सं. २०५७ श्रावण २३ गते जिल्ला प्रशासन कार्यालय धादिङमा यस समाजको विधिवत् दर्ता भयो र त्यसबखत भएको कार्यसमितिलाई नै प्रथम तदर्थ कार्यसमिति मानिएको छ ।[८२] यसका सदस्यहरू यस प्रकार छन् :

| | |
|---|---|
| १. डिल्लीरमणशर्मा अर्याल | अध्यक्ष |
| २. बद्री दाहाल | उपाध्यक्ष |
| ३. हरि खनाल | सचिव |
| ४. नवीनबन्धु पहाडी | सहसचिव |
| ५. श्रीमती दुर्गा रिजाल | कोषाध्यक्ष |

---

७८. धादिङ साहित्य समाजको विधान, पूर्ववत् ।

७९. ऐजन ।

८०. नवीनबन्धु पहाडीले उपलब्ध गराउनु भएको निर्णय पुस्तिकाबाट ।

८१. नवीनबन्धु पहाडीले उपलब्ध गराउनु भएको निर्णय पुस्तिकाबाट ।

८२. विश्वराज अधिकारी, धासासका चिनारी **बिसौनी**, धादिङ : धासास (वर्ष ४, अङ्क ५, २०५८ कार्तिक) पृष्ठ उल्लेख नभएको ।

६. श्री दामोदर नलाडी — सदस्य

७. श्री हेमराज अर्याल — सदस्य

८. श्री विश्वराज अधिकारी — सदस्य

९. श्री रमेश अधिकारी — सदस्य

१०. श्रीमती कल्पना अधिकारी — सदस्य

११. श्री राजकुमार थापा — सदस्य

संरक्षक : प्रमुख जिल्ला अधिकारी, जि.प्र.का. धादिङ ।

माथि उल्लिखित ११ जना सदस्यहरू नै यस समाजका प्रथम ऐतिहासिक कार्य समिति हुन् ।[८३]

## ४.१.७ साधारण सभा र नेतृत्व

धादिङ साहित्य समाजको विधानअनुसार वर्षको १ पटक साधारण सभा बस्ने व्यवस्था छ । साधारण सभाले वार्षिक कार्यक्रमको विषयमा छलफल गरी स्वीकृत गर्ने, लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने, लेखापरीक्षक तोकी पारिश्रमिक व्यवस्था गर्ने आदि व्यवस्था गर्दछ ।

### ४.१.७.१ पहिलो अधिवेशन

मिति २०५८ आषाढ २९ गते धादिङ साहित्य समाजको १८८औं भानुजयन्तीको उपलक्ष्यमा प्रथम साधारण सभा सम्पन्न भएको जानकारी प्राप्त भएको छ । ५४ जना सदस्य उपस्थित रहेको सो साधारण सभाले मोहनकुमार श्रेष्ठको संयोजकत्वमा राजेन्द्रप्रताप शाह र कालीचरण बस्नेत रहेको तीन सदस्यीय निर्वाचन समिति गठन गरेको र सो निर्वाचन समितिको पहलमा सर्वसम्मत रूपमा चयन भएको कार्यसमिति यसप्रकार रहेको छ :[८४]

१. श्री डिल्लीरमणशर्मा अर्याल — अध्यक्ष

२. श्री बद्री दाहाल — उपाध्यक्ष

३. श्री हरि खनाल — सचिव

४. श्री नवीनबन्धु पहाडी — सहसचिव

५. श्री राजेन्द्रप्रताप शाह — कोषाध्यक्ष

६. श्री दामोदर नलाडी — सदस्य

७. श्री हेमराज अर्याल — सदस्य

---

८३. **बिसौनी**, धादिङ : धासास (वर्ष ४, अङ्क ५, २०५८ कार्तिक) पृष्ठ ।

८४. नवीनबन्धु पहाडीले उपलब्ध गराउनु भएको निर्णय पुस्तिकाबाट ।

| | |
|---|---|
| ८. श्रीमती पार्वती खाँड | सदस्य |
| ९. श्री रमेश अधिकारी | सदस्य |
| १०. श्रीमती कल्पना अधिकारी | सदस्य |
| ११. सुश्री शर्मिला बि.क. | सदस्य |
| १२. श्री केशव दुवाडी | सदस्य |
| १३. श्री बालकृष्ण लेकाली | सदस्य |
| १४. श्री प्रयाससौरभ श्रेष्ठ | सदस्य |

पहिलो अधिवेशनबाट सर्वसम्मत रूपमा चयन भएको चौध जनाको यो कार्य समितिले धादिङ साहित्य समाजलाई शसक्त ढङ्गबाट अगाडि बढाउन प्रतिज्ञा गरेको छ ।[८५]

### ४.१.७.२ दोस्रो अधिवेशन

मिति २०६१ जेठ १६ गते यस संस्थाको दोस्रो अधिवेशन सम्पन्न भएको जानकारी प्राप्त भएको छ । ५८ जना सदस्यहरू उपस्थित रहेको सो अधिवेशनका उपस्थित सदस्यहरूले अर्को कार्यसमिति चयन गर्नको लागि विष्णुकुमार श्रेष्ठको संयोजकत्वमा ३ सदस्यीय निर्वाचन मण्डल गठन गरेको र सो निर्वाचन मण्डलका अन्य सदस्यहरूमा सीतारामप्रसाद बर्मा र सुदर्शन भट्ट रहेका थिए । पछि सुदर्शन भट्टको कार्यव्यस्तताको कारण उक्त ठाउँमा वासुदेव लम्साल रहेका थिए । सो निर्वाचन मण्डलले सर्वसम्मत रूपमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गर्नुका साथै सो अधिवेशनले २ सदस्यीय सल्लाहकार समिति समेत यसप्रकार गठन गरेको छ :[८६]

| | |
|---|---|
| १. श्री डिल्लीरमणशर्मा अर्याल | अध्यक्ष |
| २. श्री बाबुकाजी सिलवाल | उपाध्यक्ष |
| ३. श्री नवीनबन्धु पहाडी | सचिव |
| ४. श्री कपिलदेव सापकोटा | सह सचिव |
| ५. श्री सीता अधिकारी | कोषाध्यक्ष |
| ६. श्रीमती कल्पना अधिकारी | सदस्य |
| ७. श्री राजेन्द्रप्रताप शाह | सदस्य |
| ८. श्री विश्वराज अधिकारी | सदस्य |

८५. **बिसौनी**, पूर्ववत्, पृष्ठ उल्लेख नभएको ।

८६. धासासको सचिव नवीनबन्धु पहाडीले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।

९. श्री हेमराज अर्याल सदस्य

१०. श्री दीपेन्द्र रिजाल सदस्य

११. श्री दीपेन्द्रसिंह थापा सदस्य

सल्लाहाकार समिति

श्री बद्री दाहाल

श्री हरि खनाल

यसरी स्थापनाकालदेखि धासासको २ वटा मात्र अधिवेशन सम्पन्न भएको अभिलेख देखिन्छ । त्यसभन्दा पछाडिको समय द्वन्द्वको कारण तथा सदस्यहरू यताउता तितरबितर भएको कारण अधिवेशन हुन नसकेपछि त्यही २०६१ जेठ १६ गते बनेको कार्यसमिति नै हालसम्म क्रियाशील रहेको छ । साथै यही २०६७ भित्रमा धासासको अर्को अधिवेशनको तयारी भइरहेको समेत जानकारी पाइन्छ ।[८७]

## ४.१.८ आर्थिक अवस्था र सम्पत्ति

धादिङ जिल्लाको पुरानो साहित्यिक संस्था भएर पनि यस धादिङ साहित्य समाजको आर्थिक अवस्था कमजोर देखिन्छ । यसको नाममा कुनै अचल सम्पत्ति छैन तर यही समाजको सक्रियतामा **भानुपार्क** नामको एउटा पार्क निर्माण भएको छ र त्यही पार्कमा यसले विभिन्न साहित्यिक कार्यक्रमहरू गर्दै आएकोमा हाल यस पार्कमा नेपाली सेनाले परेड खेल्ने गरेको छ । अब छिट्टै यस पार्कलाई स्वायत्त बनाएर त्यहाँ भवन बनाउने र त्यही भवनमा कवि सम्मेलन गर्ने योजना यस समाजको रहेको छ । यसले आफ्नो क्रियाशीलतामा रु एक लाखको **दैवज्ञ स्रष्टा सम्मान** नामक अक्षय कोषको स्थापना गरेको छ । सदस्यहरूबाट प्राप्त हुने शुल्क र विभिन्न दाताबाट प्राप्त रकम नै यसको आम्दानीको स्रोत हो । त्यही रकमबाट यसले विभिन्न साहित्यिक गतिविधि सञ्चालन गर्दै आइरहेको छ ।[८८]

# ४.२ विभिन्न गतिविधिहरू

## ४.२.१ पृष्ठभूमि

स्थापना कालदेखि नै यस समाजले विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ । स्थापनासँगै हरेक महिनाको अन्तिम शनिवार **बिसौनी** कार्यक्रम गर्दै आएको यस समाजले मुखपत्रको रूपमा **बिसौनी** लाई प्रकाशन गर्दै आएको छ । साथै अन्य साहित्यिक कार्यक्रमहरू

८७. धासासका सचिव नवीनबन्धु पहाडीले दिनुभएको जानकारीबाट ।
८८. धासासका सचिव नवीनबन्धु पहाडीले दिनुभएको जानकारीबाट ।

पनि गर्दै आएको छ ।[८९]

## ४.२.२ मुख्य निर्णय तथा सम्पादित कार्यहरू

धादिङ साहित्य समाजको गठनभएपछि यसले हालसम्म गरेका महत्त्वपूर्ण निर्णय तथा सम्पादन गरेका कार्यहरूलाई कालक्रमिक आधारमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

(१) वि.सं.२०५४-११-१३ गते साहित्यिक प्रतिभा र साहित्यिक कार्यक्रमहरूलाई प्रोत्साहित र परिचालित गर्दै लाने उद्देश्यले १३ जना स्रष्टाहरूको उपस्थितिमा 'धादिङ साहित्य समाज' गठन गर्ने महत्त्वपूर्ण निर्णय भएको थियो । साथै सो भेलाले हरेक महिनाको अन्तिम शनिबार फरक-फरक व्यक्तित्वको संयोजकत्वमा **बिसौनी** नामक साहित्ययात्रा गर्ने निर्णय गरेको थियो ।[९०] सोहीअनुसार हरेक महिनाको एउटा शनिबार बिसौनी नामक साहित्ययात्रा सञ्चालन हुँदै आएको छ ।

(२) वि.सं. २०५५-१२-२९ गते धा.सा.स. गठनमा सक्रिय भूमिका निर्वाह गर्ने कवि तीर्थराज अधिकारीको सभापतित्वमा पहिलो **बिसौनी** सम्पन्न भयो । २९ जनाको उपस्थिति रहेको सो बिसौनीमा विभिन्न साहित्यिक रचनाहरू पाठ गरिएका थिए ।[९१]

(३) वि.सं. २०५५-०१-२६ गते तत्कालीन सभामुख रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा दोस्रो **बिसौनी** सम्पन्न भएको थियो । संयोजक शोभाकर रिजालको सभापतित्वमा सम्पन्न दोस्रो बिसौनीमा पनि २९ जना प्रतिभाहरूले आफ्ना साहित्यिक रचनाहरू वाचन गरेका थिए ।[९२] करिब ४००/५०० जना श्रोताहरू उपस्थित रहेको सो बिसौनीमा **जयतु संस्कृतम्** कार्यक्रम सम्पन्न भएको थियो ।[९३]

(४) वि.सं. २०५५-०३-२९ गते भानुजयन्तीको अवसरमा मासिक **बिसौनी** संयोजक बिनोदमान श्रेष्ठको सभापतित्वमा १८५औं भानुजयन्ती सम्पन्न भएको थियो । साथै सो अवसरमा चौथौ **बिसौनी** पनि भएको थियो । प्रमुख जिल्ला अधिकारी रामकृष्ण भुर्तेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा १२९ जनाको सहभागिता रहेको थियो । यस बिसौनीमा पाठ गरिएका रचनाहरूलाई स्मारिकाको रूपमा प्रकाशन गर्ने निर्णय समेत सो कार्यक्रममा गरिएको थियो ।[९४]

---

८९. धासासका सचिव नवीनबन्धु पहाडीले दिनुभएको जानकारीबाट ।
९०. ऐजन ।
९१. धासासको सचिव नवीनबन्धु पहाडीले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।
९२. ऐजन ।
९३. बिसौनी, धादिङ, धादिङ साहित्य समाज (वर्ष १, अङ्क १, २०५५),पृष्ठ उल्लेख नभएको ।
९४. धासासको सचिव नवीनबन्धु पहाडीले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।

(५) २०५५-०५-१७ गते मासिक **बिसौनी** संयोजक कल्पना अधिकारीको सभापतित्वमा छैठौ **बिसौनी** कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा धासासका मुखपत्र **बिसौनी** को पहिलो अङ्क विमोचन भएको थियो । साथै कार्यक्रममा कवि केदारमान व्यथितको निधनप्रति समवेदना प्रकट गरिएको थियो ।[९५]

(६) २०५५-०६-३१ गते मासिक **बिसौनी** संयोजक दामोदर नलाडीको सभापतित्वमा सातौ **बिसौनी** सम्पन्न भएको थियो । लक्ष्मी जयन्ती विशेषको रूपमा सञ्चालित उक्त बिसौनीमा ३७ जनाको उपस्थिति रहेको थियो । साथै सो बिसौनीमा पहिलो अङ्कको बिक्रीबाट प्राप्त रकम अध्यक्ष डिल्लीरमणशर्मा अर्याल र उपाध्यक्ष बद्री दाहालको नाममा संयुक्त खाताखोली रा.वा. बैंक धादिङमा राख्ने निर्णय भएको थियो ।[९६]

(७) २०५५-०६-२६ गते मासिक बिसौनीका संयोजक विजयकान्त मिश्रको सभापतित्वमा नवौँ **बिसौनी** कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रममा धासासको आर्थिक अवस्था सुदृढ पार्न धादिङ जिल्लाको विविध संस्कृति झल्कने खालको सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको थियो । उक्त कार्यक्रम व्यवस्थापनको लागि गठन गरिएको ७ सदस्यीय व्यवस्थापन समिति यस प्रकार छ :

| | |
|---|---|
| संयोजक | विजयकान्त मिश्र |
| सह संयोजक | विनोदमान श्रेष्ठ |
| सदस्य | विश्वराज अधिकारी |
| सदस्य | मानबहादुर घिमिरे |
| सदस्य | कल्पना अधिकारी |
| सदस्य | केशव दुवाडी |
| सदस्य | देवी प्रसाद छत्कुली |

सोही कार्यक्रममा अर्थ सङ्कलन समिति पनि निम्नानुसार गठन गरिएको थियो ।[९७]

| | |
|---|---|
| संयोजक | कमानसिंह खत्री |
| सदस्य | विष्णुकुमार श्रेष्ठ |
| सदस्य | नारायणकृष्ण श्रेष्ठ |

(८) २०५५-०४-१२ गते धासासका सदस्य एवम् विभिन्न कार्यालयका प्रतिनिधिहरू

९५. धासासको सचिव नवीनबन्धु पहाडीले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट
९६. ऐजन ।
९७. ऐजन ।

सहितको संयुक्त बैठकले धादिङमा आदिकवि भानुभक्त आचार्यको प्रतिमा निर्माण गर्ने 'भानु प्रतिमा निर्माण समिति' गठन गरेको थियो । उक्त समितिको अध्यक्षमा धासासको उपाध्यक्ष बद्री दाहाल रहनुभएको थियो भने सदस्यहरूमा धासासका सदस्यहरू तीर्थराज अधिकारी, नवीनबन्धु पहाडी, विश्वराज अधिकारी र सदस्य सचिवमा विनोदमान श्रेष्ठ रहनु भएको थियो । साथै यस समितिलाई विशेष सल्लाह दिन जि.वि.स. सभापति खेम लोहनी र प्र.जि.अ. रामकृष्ण भुर्तेल रहनुभएको सल्लाहाकार समिति बनाइएको थियो ।[९८] यही समितिले आदिकवि भानुभक्त आचार्यको प्रतिमा निर्माण गरेको थियो ।

(९) २०५५-०६-२२ गते आदिकवि भानुभक्त आचार्यको प्रतिमा अनावरण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको प्रमुख अतिथि कविवर माधव प्रसाद घिमिरे हुनुहुन्थ्यो । उक्त कार्यक्रममा प्रमुख अतिथि कविवर माधवप्रसाद घिमिरेले धासासको बैठक पुस्तिकामा धादिङमा भानुप्रतिमा स्थापित हुनुले धादिङले आजैदेखि सांस्कृतिक पुनर्जागरण अभियानको थालनी गरेको भन्दै धादिङ अब साहित्यकारहरूको निम्ति तीर्थस्थल बनेको शुभकामना सन्देश लेख्नुभएको थियो । सो कार्यक्रममा नरहरि आचार्य, विष्णुप्रताप शाह, खेम लोहनी, डिल्लीरमणशर्मा अर्याल, घनश्याम कँडेल, डा.मुरारि पौडेल, दैवज्ञराज न्यौपाने जस्ता व्यक्तिहरूले आ-आफ्ना अमूल्य विचार लेखेका थिए ।[९९]

(१०) २०५७-०९-२९ गते बालकृष्ण तिमल्सिनाको सभापतित्वमा ३२औं **बिसौनी** सम्पन्न भएको थियो । २३ जना स्रष्टाहरू उपस्थित रहेको सो बिसौनीमा काठमाडौं बसेर धादिङ साहित्य समाजलाई अमूल्य योगदान दिने राममणि दुवाडी र नवराज लम्सालालाई मानार्थ सदस्यता दिने र कवि केवलपुरे किसानलाई यस समाजको सल्लाहकार बनाउने निर्णय भएको थियो ।[१००]

(११) २०५७ साल चैत्र ४ गते धादिङ साहित्य समाजको आयोजनामा राष्ट्रिय कवि सम्मेलन सम्पन्न भएको थियो । १९० जना साहित्यप्रेमीहरूको उपस्थिति भएको सो कार्यक्रममा देशभरका अधिकांश जिल्लाबाट प्रतिनिधित्व भएको थियो । प्रसिद्ध कथाकार रमेश विकलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा घनश्याम कँडेल, रमेशचन्द्र अधिकारी, मोहन दुवाल, मोदनाथ प्रश्रित, मनोज गजुरेल, गोविन्दराज विनोदी, रविकिरण निर्जीव, भुवनहरि सिग्देल, धनराज गिरी, भीम

९८. धासासको सचिव नवीनबन्धु पहाडीले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट
९९. ऐजन ।
१००. ऐजन ।

रानाभाट, शुक्रराज अधिकारी जस्ता स्रष्टाहरूको उपस्थिति थियो । उक्त कार्यक्रममा १७० भन्दा बढी रचनाहरू वाचन गरिएका थिए ।[१०१]

(१२) २०५८-०३-२९ गते भानुजयन्तीको अवसरमा जिल्लास्तरीय कविता प्रतियोगिता सम्पन्न भयो । प्र.जि.अ. प्रेम प्रसाद सापकोटाको उपस्थितिमा सम्पन्न कविता प्रतियोगितामा विभिन्न राजनीतिक दलका प्रमुखहरूको पनि उपस्थिति रहेको थियो ।[१०२]

(१३) २०५८-०५-०९ गते यस समाजको आयोजनामा कवि बाबुकाजी सिलवालद्वारा लिखित **हिमाली ढुकढुकी** कवितासङ्ग्रह लोकार्पण गरिएको थियो । तुलसी भट्टराई, विनय रावल, ध्रुव मधुकर्मी तथा ज्ञानुवाकर पौडेल जस्ता व्यक्तित्वको उपस्थितिमा सम्पन्न यस कार्यक्रममा ५५ जना स्रष्टाको उपस्थिति रहेको थियो ।[१०३]

(१४) २०५८ कार्तिक ४ गते यस समाजको आयोजनामा कवि दामोदर नलाडीको कवितासङ्ग्रह **नलाडी सुसेलीहरू** विमोचन गरिएको थियो । साहित्यकार घनश्याम कँडेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा ४८ जना स्रष्टाको उपस्थिति रहेको थियो ।[१०४]

(१५) २०६१-११-२० गते धादिङ साहित्य समाजको कार्यसमितिको बैठकद्वारा यस समाजका अध्यक्ष डिल्लीरमणशर्मा अर्यालद्वारा लिखित **अर्ज्यालवंशक्रम** नामक पुस्तक लोकार्पण फागुन २५ गते गर्ने निर्णय भए अनुसार सोही मितिमा उक्त पुस्तक लोकार्पण गरिएको थियो ।[१०५]

(१६) २०६२-०२-२३ गते धासासको कार्यसमितिको बैठक सम्पन्न भएको थियो । धादिङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष ध्रुवबहादुर थापा, गै.स.सं. महासङ्घ जिल्ला शाखा धादिङका अध्यक्ष केशव दुवाडी लगायत व्यक्तिहरूको उपस्थितिमा सम्पन्न बैठकले धादिङ जिल्लाको संस्कृति, इतिहास, पर्यटन जस्ता कुरा झल्कने पुस्तक प्रकाशन गर्ने निर्णय गरेको थियो तर हालसम्म पनि उक्त पुस्तक प्रकाशन हुन सकेको छैन ।[१०६]

१०१. बिसौनी, पूर्ववत् ।
१०२. धासासको सचिव नवीनबन्धु पहाडीले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।
१०३. ऐजन ।
१०४. ऐजन ।
१०५. ऐजन ।
१०६. ऐजन ।

(१७) २०६२-०९-०३ गते धादिङ साहित्य समाजको कार्यसमितिको बैठकद्वारा **धादिङका प्रतिनिधि कवि र कविता** नामक पुस्तक प्रकाशित गर्न जि.वि.स.सँग अनुरोध गर्ने निर्णय भएको थियो ।[१०७]

(१८) २०६३-०५-२५ गते धासासका बैठकद्वारा स्थायी लेखा नम्बर लिने निर्णय भएको थियो ।[१०८]

(१९) २०६७-०३-२८ गते भानुजयन्तीको पूर्वसन्ध्यामा धासासले कविता सम्मेलनको आयोजना गरेको थियो । भानुजयन्तीको अवसरमा आयोजित उक्त कार्यक्रममा विभिन्न स्रष्टाहरूले कविता वाचन गर्नुका साथै भानुजयन्ती मनाएका थिए ।[१०९]

यसरी धादिङ साहित्य समाजले स्थापना कालदेखि विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ । वि.सं. २०६३ देखि २०६७ सम्मको बीचको समयावधिभित्र भएका विभिन्न गतिविधिहरूको अभिलेख प्राप्त हुन नसकेकोले यसलाई यहाँ उल्लेख गरिएको छैन ।

### ४.२.३ मुखपत्र बिसौनीको प्रकाशन

साहित्यिक प्रतिभाहरूको उत्थान र हौसलाको निमित्त हरेक शनिवार सम्पन्न बिसौनी कार्यक्रममा आएका रचनाहरू र कविगोष्ठीमा सङ्कलित रचनाहरूलाई छानबिन गरी प्रकाशित गर्ने उद्देश्यले मिति २०५५-१२-२७ गते हरि खनालको सभापतित्वमा भएको बिसौनी कार्यक्रममा मुखपत्रको रूपमा **बिसौनी** पत्रिका निकाल्ने निर्णय गरेको पाइन्छ ।[११०] स्थापना कालदेखि हरेक महिनाको अन्तिम शनिवार बिसौनी कार्यक्रम गर्दै आएको र त्यसलाई नै आधार मानेर समाजले मुखपत्रको रुपमा आउने पत्रिकाको नाम बिसौनी राखेको देखिन्छ । उक्त मुखपत्र **बिसौनी** प्रकाशन गर्न डिल्लीरमणशर्मा अर्याल, रमेश अधिकारी, विजयकान्त मिश्र, राजकुमार थापा, हरि खनाल रहेको सम्पादक मण्डल गठन गरिएको थियो ।[१११] तर त्यसभन्दा अगाडि नै २०५५ भानुजयन्तीको उपलक्ष्यमा पहिलो **बिसौनी** प्रकाशित भइसकेको थियो ।[११२] हालसम्म **बिसौनी** छैठौं अङ्कसम्म प्रकाशित भैसकेको छ । ती सबै **बिसौनी**हरूको सङ्क्षिप्त विवरण यहाँ यसरी प्रस्तुत गरिएको छ ।

---

१०७. धासासको सचिव नवीनबन्धु पहाडीले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।
१०८. ऐजन ।
१०९. नवीनबन्धु पहाडीले रेडियो धादिङमा दिएको अन्तरवार्ताबाट ।
११०. धासासको सचिव नवीनबन्धु पहाडीले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।
१११. ऐजन ।
११२. बिसौनी, पूर्ववत्, (वर्ष ४, अङ्क ५, २०५८ कार्तिक) ।

### ४.२.३.१ पहिलो अङ्क

भानु स्मारिकाको रूपमा प्रकाशित पहिलो अङ्क **बिसौनी** धादिङ साहित्य समाजको पहिलो प्रयास हो । प्रधान सम्पादक विनोदमान श्रेष्ठ रहेको यस अङ्कको सम्पादकहरूमा विश्वराज अधिकारी, बाबुराम दाहाल, नवीनबन्धु पहाडी र कल्पना अधिकारी रहेका छन् । सहयोग रू. ३०/ राखिएको यस **बिसौनी**को बाहिरी आवरणमा धादिङ सदरमुकाम धादिङवेशीको तस्वीर माथि त्रिभुजाकारमा बिसौनी लेखिएको छ भने पुछारमा प्रकाशक धादिङ साहित्य समाज लेखिएको छ । धादिङ साहित्य समाजको संस्थापक सदस्यको जानकारी भएको यस अङ्कमा कहाँबाट मुद्रण भएको हो त्यो भने उल्लेख छैन । प्रकाशन वर्ष, अङ्क आदि उल्लेख नभएको यस अङ्कमा प्र.जि.अ. रामकृष्ण भुर्तेलको *शुभकामना*मा २०५५-०४-१५ उल्लेख भएको र भानु स्मारिका भनिएको हुँदा २०५५ श्रावणमा यसको प्रकाशन भएको बुझिन्छ ।

साहित्यको सम्बन्धमा चर्चा परिचर्चा गर्दै सुरु भएको *सम्पादकीय* लेखमा धादिङबाट साहित्यसम्बन्धी धेरै पत्रिकाहरू प्रकाशित भएपनि तिनीहरू संस्थागत बन्न नसकेको परिप्रेक्ष्यमा यो प्रयासले निरन्तरता पाउन् भनेर कामना गरिएको छ । बिसौनीको यस अङ्कमा कविता, गीत, गजल, समीक्षा र नाटक तथा अन्य विभिन्न महत्त्वपूर्ण लेखहरू समावेश छन् । डिल्लीरमणशर्मा अर्याल, बद्री दाहाल, तीर्थराज अधिकारी, नवीनबन्धु पहाडी, कल्पना अधिकारी, शरद चिराग, भीम क्षेत्री आदिका कविता रहेको यस अङ्कमा बद्री दाहालको एक समीक्षात्मक लेख रहेको छ । त्यसैगरी नरहरि घिमिरे, प्रयाससौरभ श्रेष्ठ आदिका लेखरचना रहेको यस अङ्कमा ४९ वटा लेख रचना तथा विविध विषयका जानकारीहरू समेटिएका छन् । भानु विशेषाङ्कको रूपमा रहेको यो **बिसौनी** पहिलो अङ्क धादिङ साहित्य समाजको पहिलो प्रयास भएकोले यसको ऐतिहासिक महत्त्व रहेको छ ।[११३]

### ४.२.३.२ दोस्रो अङ्क

वि.सं. २०५६ को प्रारम्भ सँगसँगै बिसौनीको दोस्रो अङ्क प्रकाशित भएको थियो । विधिवत् रूपमा सम्पादक मण्डल गठन गरेर प्रकाशित यस अङ्कको प्रधान सम्पादक डिल्लीरमणशर्मा अर्याल र सम्पादकहरूमा राजकुमार थापा, हरि खनाल, रमेश अधिकारी र विजयकान्त मिश्र रहेका छन् । त्यस्तै यस अङ्कको ३ सदस्यीय सल्लाहकारहरूमा बद्री दाहाल, तीर्थराज अधिकारी

---

११३. बिसौनी, धादिङ : धासास(वर्ष १, अङ्क १, २०५५) ।

र दामोदर नलाङी हुन् । रचना वाचन गरिरहेको दृश्य र एउटा मन्दिरको तस्वीरमा आवरण सजाइएको यस अङ्कको माथिल्लो भागमा बिसौनी र पुछारमा प्रकाशक धादिङ साहित्य समाज लेखिएको यस **बिसौनी**को मुद्रण कहाँ भएको हो सो उल्लेख गरिएको छैन ।

धादिङ साहित्य समाजले आयोजना गर्ने मासिक साहित्ययात्रा **बिसौनी**को झलकबाट सुरु भएको यस अङ्कमा पनि अघिल्लो अङ्क जस्तै कविता, गीत गजल, लेख, समीक्षा आदि समावेश छन् । यस **बिसौनी**मा ७९ वटा लेख रचना तथा जानकारीहरू रहेका छन् । डिल्लीरमणशर्मा अर्यालको संस्मरण, नवीनबन्धु पहाडीको *स्पर्श गर गीत पोखीएका छन्* कविता तथा रमेश अधिकारी, शोभाकान्त रिजाल, शालिग्राम अर्याल, वेदकुमारी न्यौपाने, विश्वराज अधिकारी, तीर्थराज अधिकारी, नारायण श्रेष्ठ, टि.एन. गोपीकृष्ण, शङ्करप्रसाद शर्मा, वासुदेव लम्साल, स्वामी विजयानन्द, दीपेन्द्रसिंह थापा आदिका लेख रचनाहरू उत्कृष्ट खालका छन् । अघिल्लो अङ्क जस्तै यो पनि महत्त्वपूर्ण अङ्कका रूपमा रहेको छ ।[११४]

## ४.२.३.३ तेस्रो अङ्क

वि.सं. २०५६ को विजयादशमीको अवसरमा **बिसौनी**को तेस्रो अङ्क प्रकाशित भएको पाइन्छ । प्रधान सम्पादकमा डिल्लीरमणशर्मा अर्याल, कार्यकारी सम्पादकमा पवन कुमार सापकोटा र सम्पादकहरूमा होमनाथ अम्गाई, वीरबल थापा र कृष्ण ढकाल रहेको यस अङ्कको आवरणमा कुनै एउटा मेलाको चित्र र त्यसभन्दा माथि **बिसौनी** लेखी तल पुछारमा प्रकाशक धादिङ साहित्य समाज लेखिएको छ । सहयोग रू. ३०/ राखिएको यस अङ्कमा सल्लाहाकार र विशेष सहयोगीहरू पनि रहेका छन् । तर यस अङ्कको मुद्रण कहाँ भएको हो सो उल्लेख छैन ।

जम्मा ४७ वटा लेख रचना तथा जानकारी रहेको यस अङ्कमा होमनाथ अम्गाई, बद्री दाहाल, नवीनबन्धु पहाडी, तीर्थराज अधिकारी, भीम क्षेत्री, हरि खनाल आदिका कविता रहेका छन् । त्यसैगरी डिल्लीरमणशर्मा अर्यालको संस्मरण, टि.एन. गोपीकृष्ण अधिकारीको लेख, नवराज लम्सालको सम्झना, गोविन्द तिवारीको हास्यव्यङ्ग्य र राममणि दुवाडीको लेखहरू समावेश छन् । यस अङ्कमा आर. के. ढुङगाना र वाइ.बी. घलेका अंग्रेजी भाषामा लेख रचना छापिएका छन् । यसै गरी शान्ति नोबेल पुरस्कारबाट सम्मानित महिलाहरूको विवरण पनि यसमा दिएको छ । एउटै सालमा दुई अङ्कको रूपमा आएको यो पछिल्लो अङ्क महत्त्वपूर्ण मानिएको छ ।[११५]

---

११४. बिसौनी, पूर्ववत्, (वर्ष २, अङ्क २,२०५६) ।

११५. बिसौनी, पूर्ववत्, (वर्ष २ अङ्क ३, २०५६) ।

### ४.२.३.४ चौथो अङ्क

**बिसौनी**को चौथो अङ्क २०५७ सालको विजयादशमी तथा दीपावलीको सुखद उपलक्ष्यमा प्रकाशन भएको हो । प्रधान सम्पादक डिल्लीरमणशर्मा अर्याल र सम्पादकहरूमा रमेश अधिकारी, वासुदेव लम्साल र नवीनबन्धु पहाडी रहेको यस अङ्कमा १२२ + १६ पृष्ठ रहेका छन् । आवरणमा भानुजयन्तीको अवसरमा भानुको सालिकमा माल्यार्पण गरिएको चित्र राखिएको र सोभन्दा माथि **बिसौनी** लेखी तल पुछारमा प्रकाशक धादिङ साहित्य समाज उल्लेख गरिएको छ । रितिना श्रेष्ठद्वारा कम्प्युटर सेटिङ गरिएको यस अङ्कको मुद्रण अफिस सपोर्ट सेन्टर छापाखाना प्रा.लि. टेकु काठमाडौंबाट भएको हो ।

धादिङ जिल्लाको साहित्यिक इतिहास कोट्याउँदै सुरु भएको यस अङ्कको *सम्पादकीय*मा धासासको गठन तथा यसका अघिल्ला अङ्कहरूको परिचय दिदै यस समाजको २१औं **बिसौनी**देखि तीसौं **बिसौनी**सम्मका छनौट भएका रचनाहरूको चौथो अङ्क नै यो काहिँलो अङ्क **बिसौनी** हो भनी उल्लेख गरिएको छ ।

**बिसौनी**को यस अङ्कमा डिल्लीरमणशर्मा अर्याल, केवलपुरे किसान, बद्री दाहाल, दुर्गा रिजाल, हेमराज अर्याल, विजयकान्त मिश्र, कल्पना अधिकारी, नवीनबन्धु पहाडी, भीम क्षेत्री, दामोदर नलाडी आदिका कविता समावेश गरिएका छन् । यसैगरी रामहरि दाहाल, रामचन्द्र लम्साल, कृष्णप्रसाद घिमिरे 'मैदेली', टि..एन. गोपीकृष्ण अधिकारी, वलदेव अधिकारी 'गाउँले' आदिका लेख रचनाहरू अत्यन्तै सशक्त छन् । यीमध्ये प्रा. डा. रामचन्द्र लम्सालले भाषाविज्ञानको सम्बन्धमा महत्त्वपूर्ण लेख लेखेका छन् । ६४ वटा लेख रचनाहरू रहेको यो अङ्क महत्त्वपूर्ण अङ्कको रुपमा रहेको छ ।[११६]

### ४.२.३.५ पाँचौ अङ्क

धादिङ साहित्य समाजले २०५७ साल चैत्र ४ गते आयोजना गरेको ऐतिहासिक राष्ट्रिय कवि सम्मेलनमा वाचन भएका कविताहरू विशेष रूपमा र अरू छिटफुट लेखहरूको साथ बिसौनीको पाँचौ अङ्क २०५८ साल कार्तिकमा प्रकाशन भएको हो । प्रधान सम्पादक डिल्लीरमणशर्मा अर्याल रहेको यस अङ्कमा अन्य सम्पादकहरूको नाम छैन । वि.सं.२०५७ चैत्रमा भएको राष्ट्रिय कवि सम्मेलनको तस्वीरले सजाइएको आवरण रहेको यस अङ्कमा शिरानमा बिसौनी र

---

११६. बिसौनी, पूर्ववत् (वर्ष ३, अङ्क ४, २०५७) ।

पुछारमा प्रकाशक धादिङ साहित्य समाज लेखिएको छ । जि.वि.स. सभापति खेमप्रसाद लोहनी र प्रमुख जिल्ला अधिकारीको *शुभकामना* रहेको यस अङ्कमा अधिकांश कविताहरू समाविष्ट छन् । विषयसूचीमा ९७ वटा लेख रचना भएको यस अङ्कमा रमेश खकुरेल, मोहन दुवाल, गोविन्दराज विनोदी, दुर्गाप्रसाद अर्याल, रविकिरण निर्जीव, धनराज गिरी, घनश्याम पौडेल, चट्याङ मास्टर, जनकप्रसाद हुमागाई, टि.एन. गोपीकृष्ण, भुवनहरि सिग्देल, डिल्लीरमणशर्मा अर्याल आदिका कविता छन् भने नवीनबन्धु पहाडी, प्रेमशील पौडेल, हरि खनाल, रविलाल अधिकारी आदिका लेखहरू रहेका छन् ।

अत्यधिक कविता रहेको यस अङ्कलाई *राष्ट्रिय कवि सम्मेलन बिशेषाङ्क* पनि भनिएको छ । आफ्नो स्थापना कालको चौथो वर्षमा नै प्रकाशित यो पाँचौ अङ्क महत्त्वपूर्ण अङ्क हो ।[११७]

## ४.२.३.६ छैठौं अङ्क

उत्साहका साथ अगाडि बढिरहेको धादिङ साहित्य समाजका गतिविधिहरूमा केही शिथिलता आउन थालेपछि यसको मुखपत्र **बिसौनी**को प्रकाशन पनि केही वर्ष ढिलो भएर वि.स.२०६४ माघमा छैठौं अङ्क प्रकाशित भयो । धादिङ महोत्सवको अवसरमा प्रकाशित यस **बिसौनी**लाई **धादिङ परिचय अङ्क विशेष**को रूपमा लिइएको छ ।

आवरणमा धादिङ बजारको तस्वीर र हिमालको तस्वीरले सजाइएको यस अङ्कको शिरानमा धादिङ साहित्य समाजद्वारा प्रकाशित **बिसौनी** (धादिङ परिचय) भनेर लेखिएको छ । १० वर्षपछि प्रकाशित यस अङ्कको सम्पादक डिल्लीरमणशर्मा अर्याल छन् । सहयोग मूल्य रु. ५०/ राखिएको यस अङ्कको कम्प्युटर बलराम गौतमबाट भएको हो भने मुद्रण सरस्वती छापाखानामा भएको हो ।

धादिङ जिल्लाको उल्लेखनीय स्थानहरूको ऐतिहासिक महत्त्व खोतलिएको यस अङ्कमा २२ वटा लेख समाविष्ट छन् । ती लेखहरूमध्ये कुनै स्थान परिचय, कुनै ऐतिहासिक स्थलको उत्पत्तिको इतिहास त कुनै यात्रास्मरण रहेका छन् । डिल्लीरमणशर्मा अर्याल, शिशिर शर्मा, हरि खनाल, दामोदर नलाङी, शालिग्राम अर्याल, रमेश अधिकारी आदिका लेख रहेको यस अङ्कमा बाबुकाजी सिलवालको १ मात्र कविता रहेको छ । यस अङ्कमा भएका लेखहरूमध्ये रामचन्द्र लम्सालले धादिङको साहित्य सृजन परम्परा र धादिङका स्रष्टाहरूका सम्बन्धमा महत्त्वपूर्ण लेख लेखेका छन् । यस लेखमा धादिङको साहित्य सृजन परम्परालाई तीनवटा कालखण्डमा बाँडेर हेरिएको

११७. बिसौनी, (वर्ष ४, अङ्क ५, २०५८) ।

छ । स्थापनाकालको १० वर्षपछि प्रकाशित भएको यो छैठौं अङ्क धादिङ परिचयको हिसाबले महत्त्वपूर्ण अङ्क मान्न सकिन्छ ।[११८] यसप्रकार स्थापनाकालदेखि हालसम्म यस धादिङ साहित्य समाजले प्रकाशित गरेको मुखपत्र बिसौनीका विभिन्न अङ्कको प्रकाशन वर्ष, सम्पादक मण्डल, पृष्ठ सङ्ख्या र लेख रचना सङ्ख्यालाई पछाडिको तालिकामा प्रस्तुत गरिएको छ ।

११८. बिसौनी, पूर्ववत् (वर्ष १०, अङ्क ६, २०५४)

## तालिका नं. १

| क.सं | अङ्क र प्रकाशन साल | अवसर | सम्पादक मण्डल | पृष्ठ | लेख रचना संख्या |
|---|---|---|---|---|---|
| १. | पहिलो अंङ्क २०५५ | भानु विशेषाङ्क | प्रधान सम्पादक<br>विनोदमान श्रेष्ठ<br>सम्पादक<br>विश्वराज अधिकारी<br>बाबुराम दाहाल<br>नवीनबन्धु पहाडी<br>कल्पना अधिकारी | १०४ | कविता, गीत, गजल ३०<br>लेख निबन्ध ७<br>विविध १२ |
| २. | दोस्रो अङ्क २०५६ | नव वर्ष २०५६ को उपलक्ष्यमा | प्रधान सम्पादक<br>डिल्लरमणशर्मा अर्याल<br>सम्पादक<br>राजकुमार थापा<br>हरि खनाल<br>रमेश अधिकारी<br>विजयकान्त मिश्र<br>सल्लाहाकार<br>बद्री दाहाल<br>तीर्थराज अधिकारी<br>दामोदर नलाडी | १०४ | कविता/गीत गजल ५५<br>कथा ५<br>नाटक १ |
| ३. | तेस्रो अङ्क २०५६ | २०५६ को विजया दशमी तथा दीपावलीको अवसरमा | प्रधान सम्पादक<br>डिल्लीरमणशर्मा अर्याल<br>कार्यकारी सम्पादक<br>पवनकुमार सापकोटा<br>सम्पादक<br>होमनाथ अँगाइ<br>बीरबल थापा<br>कृष्ण ढकाल | १०४ | कविता/गीत गजल २३<br>कथा ४<br>लेख निबन्ध १५ |

| क्र.सं | अङ्क र प्रकाशन साल | अवसर | सम्पादक मण्डल | पृष्ठ | लेख रचना संख्या |
|---|---|---|---|---|---|
| ४. | चौथो अङ्क<br>२०५७ | २०५७ को विजया दशमी तथा दीपावलीको अवसरमा | प्रधान सम्पादक<br>डिल्लीरमणशर्मा अर्याल<br>सम्पादक<br>रमेश अधिकारी<br>वासुदेव लम्साल<br>नवीनबन्धु पहाडी | १२२ | कविता/गीत ५२<br>कथा २<br>नाटक २<br>लेख निबन्ध २८ |
| ५. | पाँचौ अङ्क<br>२०५८ | राष्ट्रिय कवि सम्मेलन विशेषाङ्क | प्रधान सम्पादक<br>डिल्लीरमणशर्मा अर्याल | १८८ | कविता/गीत<br>गजल ८१<br>कथा ३<br>नाटक ३<br>लेख निबन्ध ४ |
| ६.. | छैटौं अङ्क<br>२०६४ | धादिङ महोत्सवको अवसरमा | डिल्लीरमणशर्मा अर्याल | ९७ | कविता १<br>धादिङको विभिन्न ऐतिहासिक स्थान सम्बन्धी लेख ११<br>धादिङको साहित्य सम्बन्धी लेख १ |

## ४.२.४ धासासबाट प्रकाशित पुस्तकको विवरण

धादिङ साहित्य समाजको स्थापना भएपछि यसले आफ्नो मुखपत्रको रूपमा बिसौनी प्रकाशित गरेको छ । आर्थिक अभावका कारण यस समाजले चाहेजति काम गर्न सकेको छैन तापनि **सिर्जना साधना र चेतनाको त्रिवेणी डिल्लीरमणशर्मा अर्ज्याल** नामक एक मात्र पुस्तक प्रकाशित भएको छ, जसको विवरण यसप्रकार छ :[११९]

११९. २०६७-०४-१३ मा नवीनबन्धु पहाडीले दिनुभएको जानकारीबाट ।

### ४.२.४.१ लेखक र सम्पादक

धादिङ साहित्य समाजले यस संस्थाका सचिव एवं धादिङका स्थापित साहित्यकार नवीनबन्धु पहाडीद्वारा सम्पादित **सिर्जना साधना र चेतनाका त्रिवेणी डिल्लीरमणशर्मा अर्ज्याल** नामक एक मात्र पुस्तक प्रकाशन गरेको छ । यसै पुस्तकका सम्पादक नवीनबन्धु पहाडीद्वारा अन्य कृतिहरू पनि लेखिएका छन् । ती कृतिहरू लगायत नवीनबन्धु पहाडीको परिचय ४.३.३ मा दिइएको छ ।

### ४.२.४.२ संरचना र शीर्षक

धादिङ साहित्य समाजका अध्यक्ष एवं धादिङका प्रमुख साहित्यकार डिल्लीरमणशर्मा अर्यालको फोटो र पृष्ठभूमिमा सुन्दर प्राकृतिक दृश्यबाट सजिएको आवरण रहेको यस पुस्तकको शिरानमा **सिर्जना साधना र चेतनाको त्रिवेणी डिल्लीरमणशर्मा अर्ज्याल** शीर्षक र पुछारमा धादिङ साहित्य समाज धादिङबेसी लेखिएको छ । लेखसङ्ग्रहको रूपमा प्रकाशित १२३ पृष्ठको यस पुस्तकको मूल्य रु २२० राखिएको छ भने मुद्रण धादिङ छापाखाना लेखिएको छ । सम्पादक नवीनबन्धु पहाडीले *शब्दपुष्पाञ्जली* लेखमा यस कृतिको आवश्यकतालाई यसरी प्रस्तुत गरेका छन् ।

"गुरु डिल्लीरमणशर्मा अझै चार दशक लामो शिक्षण सेवामा समर्पित रहनुभयो । कक्षाकोठाको बन्द दिवारभित्र यो ग्रन्थकारलाई डिल्लीरमणशर्माका आशिर्वचनयुक्त दीक्षा ग्रहण गर्न नजुरे पनि कक्षाकोठा बाहिर अझै डेढ दशक लामो सङ्गतको साइत जुऱ्यो । यी अवधिहरूमा गुरु ज्ञानरश्मिको उज्यालो ताप्ने अवसरमा सङ्गतको खुला पाठशालामा मैले धेरै दीक्षामन्त्रहरू जीवनमा पारख गर्ने किसिमले पाएको छु । जीवनका सङ्ग्राममा उच्च तहमा पुगेका गुरुका प्रथम दर्जाका दीक्षित चेलाहरूले मैले सम्पादन गरेभन्दा निकै ठुला-ठुला ग्रन्थहरू सिर्जना गर्ने नै छन् भन्ने अपेक्षा गरेको छु । गुरुको समीपमा शब्दपुष्प अर्पण गर्ने प्रथम पुजारी बन्ने लालसाले यो प्रयत्न थालेको हुँ ।"

### ४.२.४.३ विषयवस्तु

जम्मा २६ वटा लेख तथा जानकारी रहेको यस पुस्तकमा डिल्लीरमणशर्मा अर्यालका कृतिहरूको समीक्षा, उनीसँगको भेट, उनका कार्यहरूको सम्बन्धमा धेरै लेखकहरूले आफ्ना विचार र भावना प्रस्तुत गरेका छन् । रामचन्द्र लम्सालले सुरुकै लेखमा नेपाली साहित्यमा कवि अर्यालको प्रवेशको इतिहास कोट्याएका छन् । त्यस्तै यस पुस्तकमा रविलाल अधिकारी, रामहरि लम्साल,

वासुदेव अधिकारी, कृष्णप्रसाद घिमिरे'मैदेली', दामोदर नलाडी, गोविन्दशर्मा भट्ट, रामहरि दाहाल, विश्वनाथ रेग्मी, आर.सी. रिजाल, पुरुषोत्तम अधिकारी, नरनाथ लुइँटेल, बद्री प्रसाद दाहाल, माधव खतिवडा'आरोही', राममणि दुवाडी, विष्णुराज आत्रेय, केशवप्रसाद अधिकारी, नवराज लम्साल, रमेश अधिकारी, दिनेश धरेल, हरि खनाल, मुकेश 'आशुतोष' आदिका विचार तथा लेख रहेका छन् । साहित्यकार अर्यालको सेरोफेरोमा प्रकाशित यस कृतिले उहाँको बारेमा थप खोज तथा अनुसन्धान गर्न महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले यस पुस्तकलाई धासासको महत्त्वपूर्ण पुस्तक मान्न सकिन्छ ।

### ४.२.५ धासासबाट स्थापित पुरस्कार

साहित्य सिर्जनाको हिसाबले धादिङको इतिहास अलि पुरानो भएपनि वर्तमानमा यहाँको साहित्यिक गतिविधि बिस्तारै अगाडि बढेको छ । यसै क्रममा २०५४ सालमा स्थापित धादिङ साहित्य समाजले जिल्लाभरका साहित्यिक प्रतिभाहरूको सम्मानार्थ **दैवज्ञ स्रष्टा सम्मान** नामको पुरस्कार स्थापना गरेको छ । रु १ लाख ५० हजारको अक्षय कोष रहेको यस पुरस्कारबाट हालसम्म कसैलाई पनि सम्मान गरिएको छैन । मुख्यतः जिल्ला भित्रका प्रतिभाहरूलाई प्रोत्साहित गर्न स्थापित यस सम्मानको निर्णय गर्ने अधिकार एउटा छुट्टै समितिलाई दिने निर्णय धासासले गरेको छ । उक्त समितिको निर्णयबाट सिफारिस भई आएको प्रतिभालाई यो सम्मान प्रदान गरिने जानकारी प्राप्त भएको छ । अब यस सम्मानको सम्बन्धमा विनियम बनाई कार्यान्वयन गर्ने तरखरमा धादिङ साहित्य समाज लागेको देखिन्छ ।[१२०]

## ४.३ धादिङ साहित्य समाजमा आबद्ध प्रमुख स्रष्टाहरू

धादिङ जिल्लामा स्थापित साहित्यिक सङ्घ संस्थाहरू मध्ये पुरानो संस्था धादिङ साहित्य समाजमा धादिङका थुप्रै स्थापित साहित्यकारहरू आबद्ध भएका छन् । ती स्रष्टाहरूले धादिङको साहित्यिक विकास तथा नेपालकै साहित्यिक अभियानलाई अगाडि बढाउन कुनै न कुनै रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस संस्थामा आबद्ध प्रमुख स्रष्टाहरूको संक्षिप्त परिचय यसप्रकार छन् ।

### ४.३.१ डिल्लीरमणमशर्मा अर्याल

धादिङ साहित्य समाजका अध्यक्ष एवं धादिङ जिल्लाको प्रमुख साहित्यकार डिल्लीरमणशर्मा अर्यालको जन्म वि.सं. १९८८ चैत्र ७ गते धादिङ जिल्लाको नलाङ गा.वि.स. अन्तर्गत

१२०. नवीनबन्धु पहाडी, पूर्ववत् ।

आप्रिछापमा भएको हो । पिता वेदनिधि अर्याल र माता अयोध्यायदेवीको माहिला सुपुत्रको रूपमा जन्मनुभएका डिल्लीरमणशर्मा अर्यालले साहित्यशास्त्री, बि.एड्. आचार्यसम्मको अध्ययन गरेका छन् । अनवरत साहित्य साधनामा लागिरहेका साहित्यकार डिल्लीरमणशर्मा अर्यालका हालसम्म प्रकाशित कृतिहरूमा **श्रीरंगस्तुति** (खण्डकाव्य २०२०), **वेदनिधि** (शोककाव्य २०४६), **धातु परिचय** (नेपाली व्याकरण २०४७), **परिमार्जित तथा परिवर्तित व्याकरण परिचय** (२०५३), **थोपल** (खण्डकाव्य २०५७) **छन्दपरिचय** (छन्दविज्ञान २०५८), **गंगाजमुना** (कवितासङ्ग्रह २०५८), **जीवनका कथाव्यथाहरू** (सस्मरण सङ्गालो २०५८), **अष्टचिरञ्जीवीहरू** (कथासङ्ग्रह २०५९), **मुटु खायो** (गीतसङ्ग्रह २०६०), **रेडक्रस परिचय** (खण्डकाव्य २०६१), **अर्ज्यालवंशक्रम** (अनुसन्धान २०६१), **श्रीमद्भागवतमाहात्म्य** (गद्यानुवाद कथा २०६२), **महाभारत विराटपर्व** (गद्यानुवाद २०६३), **धादिङ मण्डल परिचय** (खण्डकाव्य २०६३), **अयोध्यादेवि** (शोककाव्य २०६६), **हस्तलिखित संस्कृत त्रिशदश्लोकी र दशश्लोकी** (अनुवाद), **हस्तलिखित संस्कृत जन्मोत्सवविधि र लक्ष्मीपूजाविधि** (२०६६), **नेपाल दर्शन** (खण्डकाव्य २०६७) आदि रहेका छन् ।[१२१] साहित्य साधना गरेबापत डिल्लीरमणशर्मा अर्यालले विभिन्न सम्मान प्राप्त गरेका छन् । उनको साधना र सेवालाई प्रशंसा गरेर धेरै सङ्घ संस्थाहरूले अभिनन्दन गरेका छन् । उनले प्राप्त गरेको सम्मान तथा पुरस्कारलाई कालक्रमिक आधारमा तल देखाइएको छ ।

१. शिक्षा समिति धादिङबाट २०४८ सालमा पुरस्कार स्वरुप शिक्षकमा एक तह थप

२. शिक्षा समिति धादिङबाट २०४९ सालमा तक्मा प्रदान

३. नेपाल शिक्षक सङ्घ धादिङबाट २०५२-०१-३० मा अभिनन्दन पत्र प्रदान

४. श्री भैरबी माध्यमिक विद्यालयबाट २०५३-११-०६ मा अभिनन्दन पत्र प्रदान

५. नीलकण्ठ पुनर्मिलन समारोह समितिबाट २०५६-०६-२९ मा सम्मन पत्र प्रदान

६. नीलकण्ठ उच्च मा.वि.बाट २०५६-१२-११ मा प्रसंशापत्र प्रदान

७. कर्मचारी मिलन केन्द्रबाट २०५७-१२-०४ मा सम्मानपत्र प्रदान

८. धादिङ बोर्डिङ स्कुलबाट २०५७-१२-२५ मा अभिनन्दन पत्र प्रदान

९. परिवर्तन नेपालबाट २०५९-०२-११ म सम्मानपत्र प्रदान

१०. अर्ज्याल सेवा समिति काठमाडौंबाट २०६१-१२-२५ मा दोसल्ला ओढाएर सम्मान

११. त्रिवेणी साहित्य समाजबाट २०६२-०७-१५ मा सम्मानपत्र प्रदान

---

१२१. डिल्लीरमणशमा अर्याल, **नेपाल दर्शन** (खण्डकाव्य), धादिङ : लेखक स्वयम्, २०६७ ।

१२. पहलमानसिंह स्वाँर स्मृति प्रतिष्ठानबाट २०६२-०८-०६ मा सम्मानपत्र प्रदान

१३. हरियाली बहुउद्देश्यीय सहकारी संस्था लि.बाट २०६४-०६-१२ मा सम्मानपत्र प्रदान

१४. महिला विकास कार्यालयबाट २०६५-१६-१५ मा सम्मान

१५. पृथक अभियान नेपालबाट २०६५-०६-१६ मा अग्रपुजन

१६. कर्मचारी मिलन केन्द्र धादिङबाट २०६७-०४-२६ मा अभिनन्दन ।[१२२]

नीलकण्ठ ५, जरेवरमा बस्दै आएका डिल्लीरमणशर्मा जीवनको पछिल्लो समयमा पनि धासासमा आबद्ध भएर साहित्य साधानामा सक्रिय रूपमा लागिरहेको देखिन्छ ।

## ४.३.२ बद्री दाहाल 'भष्मासुर'

धादिङ साहित्य समाजको उपाध्यक्ष समेत रहिसक्नुभएका बद्री दाहालको साहित्यिक नाम बद्री दाहाल'भष्मासुर' हो । स्व.पं. गङ्गादत्त दाहाल र स्व. देवमाया दाहालको पुत्रको रूपमा वि.स.२०११-०९-२७ गते धादिङ जिल्ला सुनौलाबजार गा.वि.स. वडा नं.१ नेवारपानीमा उनको जन्म भएको हो ।

धादिङको साहित्यिक गतिविधिलाई अगाडि बढाउन सक्रिय साहित्यकार दाहालको प्रकाशित कृतिहरूमा **गङ्गा** (शोककाव्य २०४०), **हेनरी ड्युना** (स्मृतिकाव्य २०४६), **भस्मासुरको खित्का** (व्यङ्ग्य निबन्ध र कविता सङ्गालो २०५७), **डिबडिबे** (हास्यव्यङ्ग्य कवितासङ्ग्रह) आदि रहेका छन् । त्यस्तै प्रकाशोन्मुख कृतिहरूमा **वी.पी. कोइराला र उनले परिकल्पना गरेको नेपाल**, **देवमाया** (शोककाव्य), **भस्मासुरको बज्र** (व्यङ्ग्य निबन्ध) आदि रहेका छन् ।

शिक्षक र सामाजिक सेवामा व्यस्त रहेका बद्री दाहाल नेपाली साहित्यमा पनि उत्तिकै लागिरहेका छन् ।[१२३]

## ४.३.३ नवीनबन्धु पहाडी

धादिङ साहित्य समाजका वर्तमान सचिव एवं धादिङका उदाउँदो साहित्यकार नवीनबन्धु पहाडी दाहालको जन्म वि.सं.२०२७ माघ १ गते धादिङ जिल्लाको सुनौलाबजार गा.वि.स. वडा नं. १ नेवारपानीमा भएको हो । पिता लीलानाथ दाहाल र माता स्व. डिलकुमारी दाहालको पुत्रको रूपमा जन्मिएका नवीनबन्धु पहाडीले नेपाली साहित्यमा स्नातकोत्तर गरेका छन् ।

---

१२२. नवीनबन्धु पहाडी, (सम्पा.) **सिर्जना, साधना र चेतनाका त्रिवेणी**, धादिङ : धादिङ साहित्य समाज ।

१२३. रामचन्द्र लम्साल, *धादिङको गौरव र नेपाली साहित्यको सौरभ*, **बिसौनी**, धादिङ : धासास (वर्ष १०, अङ्क ६, २०६४) पृष्ठ ४८

धादिङको हरेक साहित्यिक अभियानमा सक्रियतापूर्वक लागिरहेका पहाडीका प्रकाशित कृतिहरूमा **पहाडीका कविताहरू** (कवितासङ्ग्रह २०५८), **प्रकृतिका पुजारी भूमि** (व्यक्तित्व परिचय), **सिर्जना, साधना र चेतनाका त्रिवेणी डिल्लीरमणशर्मा अर्ज्याल** (सम्पादन) आदि रहेका छन् । त्यस्तै उनका प्रकाशोन्मुख कृतिहरूमा **प्रतिबिम्ब र द्रौपदी** (उपन्यास), **नारी सङ्घर्षका पाइलाहरू** (कथा सङ्ग्रह), **आगत अनागत** (कविता सङ्ग्रह) रहेका छन् ।

**गणेश हिमाल** साप्ताहिकको सम्पादक तथा **स्पन्दन** र **प्रभात किरण**को अतिथि सम्पादक समेत रहनुभएका पहाडी हाल नीलकण्ठ क्याम्पस धादिङमा प्राध्यापन गर्दछन् । स्रष्टा अभियान धादिङ तथा भानु प्रतिष्ठान धादिङका समेत संयोजक रहेका पहाडी हाल नीलकण्ठ ५ बीच बजारमा बसी निरन्तर साहित्य साधनामा क्रियाशील रहेका छन् ।[१२४]

## ४.३.४ नवराज लम्साल

धादिङ साहित्य समाजको मानार्थ सदस्य रहेका नवराज लम्सालको जन्म वि.स. २०२६ श्रावण ८ गते धादिङ जिल्ला ज्यामरुङ गा.वि.स.मा भएको हो । पिता टङ्कप्रसाद लम्साल र माता हेमकुमारी लम्सालको पुत्रको रूपमा जन्मिएका नवराज लम्सालले स्नातकोत्तर गरेका छन् ।

धादिङ जिल्ला बाहिर रहेर पनि धादिङको साहित्यिक अभियानमा संलग्न नवराज लम्सालका विभिन्न साहित्यिक कृतिहरू प्रकाशित रहेका छन् । उनका प्रकाशित कृतिहरूमा **पाइलैपिच्छे सगरमाथा** (कविता सङ्ग्रह २०६१), **आगो छोपेर कतिञ्जेल** (२०६२), **धुनभित्र धुनबाहिर** (२०६२), **कर्ण** (महाकाव्य २०६६) रहेका छन् । साहित्यकार नवराज लम्साल विभिन्न पुरस्कारहरूबाट पनि सम्मानित छन् । उनका ती पुरस्कारहरूमा राष्ट्रिय वक्तृत्वकला प्रतियोगिता २०४८ मा प्रथम पुरस्कार, धादिङ साहित्य सम्मेलन २०४८ मा प्रथम पुरस्कार, राष्ट्रिय गीत सम्मेलन २०५८ मा प्रथम पुरस्कार, राष्ट्रिय कविता महोत्सव २०५९ मा प्रथम पुरस्कार हुन् । हाल उनी साहित्य साधनाका अतिरिक्त रेडियो नेपाल तथा बी.बी.सी. नेपाली सेवामा कार्यरत रहेका छन् ।[१२५]

## ४.३.५ बाबुकाजी सिलवाल

धादिङ साहित्य समाजको उपाध्यक्ष समेत रहिसकेका बाबुकाजी सिलवालको जन्म वि.सं.२०११ फागुन १२ गते भएको हो । पिता मानबहादुर सिलवाल र माता कृष्णकुमारी सिलवालको

१२४. नवीनबन्धु पहाडी स्वंयले दिनुभएको जानकारीबाट ।
१२५. नवराज लम्साल, **कर्ण** (महाकाव्य), २०६६ ।

पुत्रको रूपमा धादिङ जिल्ला नीलकण्ठ गा.वि.स. वडा नं. ५ मा जन्मिएका बाबुकाजी सिलवाल विभिन्न पेशाका अतिरिक्त साहित्य साधनातिर पनि उत्तिकै सक्रिय छन् । बाबुकाजी सिलवालको प्रकाशित साहित्यिक रचनाहरूमा वि.सं. २०३६ सालमा भैरवी मा.वि.बाट प्रकाशित **भैरवी** पत्रिकामा **पापको परिणाम** कथा, वि.सं. २०५७ मा भीमोदय मा .वि. आरुघाटको स्वर्णजयन्ती स्मारिकामा **शुभकामना** कविता, वि.सं. २०५८ मा **हिमाली ढुकढुकी** कवितासङ्ग्रह, वि.सं. २०६० मा आँखुको सुसेलीमा **हिजो आज भोलि** कविता, वि.सं. २०६१ मा **यात्रा संस्मरण-जुम्ला आक्रमण** रहेका छन् । त्यसैगरी कथा र उपन्यास प्रकाशोन्मुख रहेका छन् ।

नेपाल सरकारको विभिन्न कार्यालयमा सेवारत तथा विद्यालयहरूमा शिक्षक तथा प्रअको भूमिका निर्वाह गरिसकेका बाबुकाजी सिलवाल हाल राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत छन् ।[१२६]

## ४.३.६ प्रयास सौरभ श्रेष्ठ

धादिङ साहित्य समाजको आजीवन सदस्य प्रयास सौरभ श्रेष्ठको जन्म वि.सं. २०३३ जेठ २९ गते बेनीघाट ८, धादिङमा भएको हो । पिता पञ्चकृष्ण श्रेष्ठ र माता टेकमाया श्रेष्ठको पुत्रको रूपमा जन्मिएका प्रयास सौरभ श्रेष्ठ साहित्य साधनामा सक्रिय छन् ।

वर्तमानमा पनि साहित्य लेखनमै समय दिइरहने साहित्यकार प्रयास सौरभ श्रेष्ठका विभिन्न साहित्यिक रचनाहरू प्रकाशित भएका छन् । उनका प्रकाशित रचनाहरूमा **बिम्ब प्रतिबिम्ब** (लघुकथा सङ्ग्रह २०५८), **अजब गजब** (हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह २०६०) हुन् साथै उनका सयौं फुटकर लेख रचनाहरू विभिन्न पत्रिकामा प्रकाशित भएका छन् । उनी सम्पादक पनि हुन् । उनले गोधूलि साहित्यिक द्वैमासिक, **चेतना प्रवाह** द्वैमासिक, **जन अभियान**, **प्रभात** मासिक आदि पत्रिकाहरूको सम्पादन गरिसकेका छन् । उनलाई विभिन्न पुरस्कार तथा मान सम्मान पनि प्राप्त भएका छन् ।

ती पुरस्कार तथा सम्मानहरूमा उत्कृष्ट लघु कथाकार राष्ट्रव्यापी खुल्ला लघुकथा प्रतियोगिता २०५५, प्रवाह उत्कृष्ट लघु कथाकार २०५५, प्रोत्साहन हवाइ सम्मान २०५५, राष्ट्रिय खोप दिवसको प्रशंसा पत्र २०५५, प्रतियोगितात्मक कवि गोष्ठी २०५७ (धादिङ), नवप्राञ्जली लघुकथा पुरस्कार २०५७, राष्ट्रव्यापी खुल्ला लघुकथा पुरस्कार २०५८, प्रतियोगितात्मक कवि गोष्ठी २०५८ (धादिङ), रिलेक नेपाल सम्मान पत्र २०६० आदि हुन् ।

---

१२६. बाबुकाजी सिलवाल, **यात्रासंस्मरण - जुम्ला आक्रमण**, धादिङ : लेखक स्वयम्, २०६१ ।

गोधूलि साहित्य समाज धादिङको संस्थापक अध्यक्ष रहेका प्रयास सौरभ श्रेष्ठ रिलेक धादिङ जिल्ला समितिको संस्थापक अध्यक्ष, हवाइ साहित्य समुह, नेपालको उपाध्यक्ष धादिङ साहित्य समाजको आजीवन सदस्य, मानव अधिकार शिक्षा रेडियो श्रोता क्लव, जिल्ला समिति धादिङको अध्यक्ष तथा यही क्लवको राष्ट्रिय समितिको सल्लाहकार समेत रहेका उनी हाल आफ्नै निवास बेनीघाट ८, बेनीघाट बजारमा नै बसी साहित्य लेखनमा व्यस्त रहेका छन् ।[१२७]

## ४.३.७ हेमराज अर्याल

धादिङ साहित्य समाजको आजीवन सदस्य हेमराज अर्यालको जन्म वि.सं. २०१७ असोज १ गते भएको हो । पिता टीकादत्त अर्याल र माता नेत्रकुमारी अर्यालको पुत्रको रूपमा जन्मिएका हेमराज अर्याल शिक्षण पेसामा संलग्न छन् । धादिङ साहित्य समाजमा आबद्ध भएर साहित्यतर्फ अग्रसर भएका हेमराज अर्यालको विभिन्न लेख रचनाहरू प्रकाशित भएका छन् । उनका प्रकाशित कृति **अनरसा** (कवितासङ्ग्रह २०५२) हुन् । त्यस्तै कर्मचारी मिलन केन्द्र धादिङको मुखपत्र **आँखुको सुसेली**, धादिङ साहित्य समाजको मुखपत्र **बिसौनी**, त्रिवेणी साहित्य समाज, धादिङको मुखपत्र **स्पन्दन** लगायतका पत्रिकाहरूमा उनका थुप्रै कविताहरू प्रकाशित भएका छन् । उनलाई विभिन्न मान सम्मान तथा पुरस्कार पनि प्राप्त भएका छन् । ती सम्मान तथा पुरस्कारहरूमा धादिङ साहित्य समाजद्वारा आयोजित कविता प्रतियोगितामा प्रथम, शिक्षक सङ्घ तथा सङ्गठनबाट आयोजित कविता प्रतियोगितामा द्वितीय भएका छन् । शिक्षण पेशामा संलग्न भएर पनि कवि हेमराज अर्याल साहित्य लेखनमा सक्रिय व्यक्तित्त्व हुन् ।[१२८]

## ४.३.८ दीपेन्द्रसिंह थापा

धादिङ साहित्य समाजको वर्तमान कार्यसमितिको सदस्य समेत रहेका दीपेन्द्रसिंह थापाको जन्म वि.सं. २०३५ मंसीर १२ गते भएको हो । पिता नवराज थापा र माता शान्ताकुमारी थापाको पुत्रको रूपमा जन्मिएका दीपेन्द्रसिंह थापाको जन्मस्थान महादेवस्थान-४, धादिङ हो । वि.सं. २०६१ जेठ १५ मा धादिङ साहित्य समाजको सदस्य बनेका उनी प्राध्यापन पेसामा संलग्न छन् । नेपालीमा एम.ए. सम्मको अध्ययन गरेका थापा विशेषतः कविता लेखनमा सक्रिय रहेका छन् ।

नेपाली साहित्यमा पनि सक्रिय कवि दीपेन्द्रसिंह थापाको **जीर्ण पर्खाल** (कवितासङ्ग्रह २०६४)

---

१२७. मिति २०६७/५/२८ गते प्रयास सौरभ श्रेष्ठ स्वयंले दिनुभएको जानकारीबाट ।
१२८. शिशिर शर्मा, (सम्पा.) पूर्ववत्, पृष्ठ ६० ।

प्रकाशित भएको छ । साथै विभिन्न पत्रपत्रिकाहरूमा उनको फुटकर रूपमा कविता, गीत, प्रकाशित भएका छन् । उनको सम्पादनमा प्रकाशित कृति **कविका दृष्टिमा अमरसिंह** (संयुक्त कवितासङ्ग्रह २०६६) हो त्यस्तै उनी नवकविता प्रतिभा पुरस्कार २०५६ बाट सम्मानित भएका पनि छन् । अहिले पनि साहित्य साधनामा सक्रिय दीपेन्द्रसिंह थापा पत्रकारिताको क्षेत्रमा पनि संलग्न रहेका छन् ।[१२९]

## ४.३.९ दामोदर नलाडी

धादिङ साहित्य समाजको आजीवन सदस्य रहेका दामोदर नलाडीको जन्म वि.सं. २०१४ चैत्र २९ गते भएको हो । पिता विष्णुप्रसाद तिमल्सिना र माता गोमा तिमल्सिनाको पुत्रको रूपमा धादिङ जिल्लाको नलाङ ७ मा जन्मिएका नलाडीले नेपाली साहित्यमा स्नातक गरेका छन् ।
शिक्षण पेसाको अतिरिक्त साहित्यतर्फ पनि कलम चलाउने साहित्यकार नलाडीका धेरै फुट्कर रचनाहरू प्रकाशित भएका छन् । पुस्तकाकार कृतिको रूपमा प्रकाशित उनको कृति **नलाङको सुसेली** (कवितासङ्ग्रह) हो त्यसैगरी उनका **बहादुरे** (उपन्यास), **विष्णुमती** (शोककाव्य), **सङ्गालो** (कवितासङ्ग्रह), प्रकाशोन्मुख रहेका छन् । उनले जिल्लास्तरीय कवि गोष्ठीमा प्रथम भई पुरस्कार समेत प्राप्त गरेका छन् । हाल शिक्षण पेसामा संलग्न रहेका साहित्यकार नलाडी साहित्यसाधनामा अनवरत लागिरहेका छन् ।[१३०]

## ४.३.१० हरि खनाल

धादिङ साहित्य समाजको संस्थापक सचिव समेत रहेका हरि खनाल वि.सं. २०२३ श्रावण २ गते धादिङ जिल्लाको मुरली भञ्ज्याङ गा.वि.स. वडा नं. ६ मा जन्मिएका हुन् ।
पिता घननाथ खनाल र माता चन्द्रकुमारी खनालको सुपुत्रको रूपमा जन्मिएका खनालले शिक्षातर्फ एम.फिल., एम.एड. गरेका छन् । निजामती सेवामा संलग्न हरि खनाल साहित्य लेखनमा पनि सक्रिय रहेका छन् । नेपाली साहित्यमा कथा, लघुकथा, कविता र बालकथाहरू प्रकाशित गर्ने साहित्यकार खनालका प्रकाशित कृतिहरूमा **मैयाँ** (समाजिक उपन्यास २०५७), **बाबाको बिहे** (कथा सङ्ग्रह २०६१), **चटकी मामा** (बालकथा सङ्ग्रह २०६३), **प्रशासनका केही आयामहरू** (सहसम्पादन २०६२) आदि हुन् । साथै उनका केही बाल तथा लोकआधुनिक गीतहरू रेकर्ड भएका छन् ।

१२९. शिशिर शर्मा, (सम्पा.) पूर्ववत्, पृष्ठ १२९ ।

१३०. ऐजन, पृष्ठ ५४ ।

साहित्यकार हरि खनाललाई विभिन्न मान सम्मान तथा पुरस्कारहरू प्राप्त भएका छन् । उनले प्राप्त गरेका पुरस्कारहरूमा रेयुकाई पाटन शाखाको राष्ट्रिय लघुकथा प्रतियोगितामा उत्कृष्ट पुरस्कार, प्ररायुसङ्घद्वारा आयोजित लघुकथा प्रतियोगिता २०५७ मा तृतीय पुरस्कार, शिक्षा विभागद्वारा उत्कृष्ट बालगीत लेखनमा पुरस्कार आदि छन् ।

धादिङ साहित्य समाजको आजीवन सदस्य, दोलखा साहित्य सङ्गमको आजीवन सदस्य एवं नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य जस्ता सङ्घ संस्थामा संलग्न हरि खनाल अहिले पनि साहित्य साधनामा सक्रिय छन् ।[१३१]

## ४.३.११ सीता अधिकारी

धादिङ साहित्य समाजको आजीवन सदस्य सीता अधिकारीको जन्म वि.सं. २०४० जेठ ४ गते भएको हो । पिता दयानिधि अधिकारी र स्व.माता शुभकुमारी अधिकारीकी सुपुत्रीका रूपमा धादिङ जिल्लाको सुनौला बजार १ नेवारपानीमा जन्मिएकी सीता अधिकारी पत्रकारिता क्षेत्रमा विशेष सक्रिय रहेकी छिन् ।

आफ्नो पेसाको अतिरिक्त साहित्य साधनामा सक्रिय सीता अधिकारीका विभिन्न कविता, गजल, लेखरचना, गीतिकथाहरू **प्रभात किरण** साप्ताहिक धादिङ, **गोरखापत्र** दैनिक, **राजधानी** दैनिक, **स्पन्दन** साहित्यिक द्वैमासिक, **सिद्धपाइला** लगायत पत्रपत्रिकामा प्रकाशित भएका छन् । पुस्तककारको रूपमा प्रकाशित उनको कृतिमा **स्पन्दनका आवाजहरू** (कविता सङ्ग्रह) हो । उनले विभिन्न पुरस्कार पनि प्राप्त गरेकी छिन् । ती पुरस्कारहरूमा सञ्चारिका प्रोत्साहन पुरस्कार २०६४, उद्योग वाणिज्य सङ्घ धादिङबाट सम्मान, तेक्वान्दो डो जाङबाट कदरपत्र, जिल्लाव्यापी खुल्ला कविता प्रतियोगितामा प्रथम (२०५९) आदि छन् ।

स्नातकोत्तर अध्ययन गर्दै रहेकी सीता अधिकारी हाल पत्रकारिता तथा मानवअधिकारको क्षेत्रमा सक्रिय रहेकी छिन् । आफ्नो पेसाबाहेक उनी हालसम्म साहित्य लेखनतर्फ उत्तिकै जागरुक रहेकी छिन् ।[१३२]

## ४.३.१२ तिलु गुरुङ

धादिङ साहित्य समाजको आजीवन सदस्य तिलु गुरुङको वास्तविक नाम तिलमाया गुरुङ हो । उनी पिता दलबहादुर गुरुङ र माता जमुना गुरुङको सुपुत्रीको रूपमा वि.सं. २०४५ श्रावण

१३१. शिशिर शर्मा, (सम्पा.) पूर्ववत्, पृष्ठ ८९ ।
१३२. शिशिर शर्मा, (सम्पा.) पूर्ववत्, पृष्ठ १८८ ।

२ गते धादिङ जिल्लाको गुम्दी गा.वि.स.मा जन्मिएकी हुन् । साधारण शिक्षामात्र हासिल गरेकी तिलु गुरुङ नेपाली साहित्य सिर्जनामा सक्रिय छिन् । उनी विशेषतः कविता, गीत, गजल आदि क्षेत्रमा कलम चलाउँछिन् । उनका केही कृतिहरू पनि प्रकाशित भएका छन् । ती प्रकाशित कृतिहरूमा **सबलाङ्ग सिर्जना** (कवितासङ्ग्रह २०६०), **आवाजभित्रका वेदना** (२०६१) आदि छन् । यसका साथै विभिन्न पत्रपत्रिकाहरूमा फुट्कर रचनाहरू प्रशस्त मात्रामा प्रकाशित भएका छन् । धादिङ साहित्य समाजको आजीवन सदस्यका अतिरिक्त उनी छलफल चौतारी धादिङका सदस्य, महिला विकास समिति धादिङका सदस्य रहेकी छिन् र अहिले पनि साहित्यलेखनमा उत्तिकै सक्रिय रहेकी छिन् ।[१३३]

## ४.४ निष्कर्ष

साहित्य सिर्जन परम्पराको हिसाबले धादिङ जिल्ला नेपाली साहित्यको प्राथमिककालीन समयसँग जोडिएपनि यहाँ साहित्यिक गतिविधिको प्रतिनिधित्व गर्ने र भाषा साहित्यलाई संरक्षण सम्बर्द्धन गर्ने साहित्यिक सङ्घ संस्थाहरूको अभाव खड्किरहेको बेला वि.सं. २०५४ फागुन १३ गते नीलकण्ठ उ.मा.वि. धादिङबेसीमा १३ जना महानुभावहरूको सक्रियतामा धादिङ साहित्य समाजको गठन भएको हो । गठनपश्चात् **बिसौनी** साहित्यिक कार्यक्रम, गर्दै आएको यस समाजले वि.स. २०५७ श्रावण २३ गते जि.प्र.का. धादिङमा दर्ता गरेर विधिवत मान्यता ग्रहण गरेको हो । साधारण, आजीवन, संरक्षक, सल्लाहकार र मानार्थ सबै गरी जम्मा ९१ जना सदस्य रहेको यस समाजले बेलाबेलामा अधिवेशन गरी नेतृत्व चयन गरेको छ । कार्यसमितिमा अरू पदाधिकारी तथा सदस्यहरू परिवर्तन भएपछि यस समाजको अध्यक्षमा सुरुदेखि हालसम्म डिल्लीरमणशर्मा अर्याल रहँदै आउनुभएको छ । अग्रज अनुज तथा सबै खाले विचार र आस्थाका स्रष्टाहरूको साझा साहित्यिक मञ्च धादिङ साहित्य समाजले हरेक वर्ष संस्था नवीकरण, बैंकमार्फत आर्थिक कारोबार पुरस्कार वितरणको लागि अक्षयकोषको स्थापना गरी विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

राष्ट्रिय प्रतिभाहरूको जयन्तीका अवसरमा विविध साहित्यिक गतिविधि, राष्ट्रिय कवि सम्मेलन, आदिकवि भानुभक्त आचार्यको प्रतिमा स्थापना, मासिक रूपमा बिसौनी कार्यक्रम, बेलाबेलामा कविता प्रतियोगिता, पुस्तकहरूको विमोचन जस्ता कार्यक्रमहरू गरेर धादिङ तथा नेपाली साहित्यको विकासमा यसले ठुलो योगदान पुऱ्याएको छ । धा.सा.स.ले आफ्नो मुखपत्रको रूपमा

१३३. शिशिर शर्मा, (सम्पा.) पूर्ववत्, पृष्ठ १८८ ।

बिसौनी प्रकाशन गर्दै आएको छ । त्यस्तै यसले नवीनबन्धु पहाडीद्वारा सम्पादित एउटा पुस्तक प्रकाशन गरेको देखिन्छ ।

यसरी जिल्लामा उल्लेखनीय गतिविधि गर्नुका साथै धेरै स्रष्टाहरूलाई आफूमा आबद्ध गर्न सफल भएको यस धासासले जिल्लास्तरमा मात्र नभएर राष्ट्रिय स्तरमा नै राम्रो प्रभाव पारेको छ ।

# परिच्छेद : पाँच

# नेपाली साहित्यको विकासमा धादिङ साहित्य समाजको योगदान

## ५.१ पृष्ठभूमि

नेपालको मध्य भागमा अवस्थित पहाडी जिल्ला धादिङको साहित्य सिर्जन परम्परा नेपाली साहित्यको प्राथमिक कालसँग जोडिएको छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका समकालीन पं. चक्रपाणि अर्ज्यालको कान्छा छोरा दैवज्ञकेशरी अर्ज्याल वि.सं. १८६३ मा काठमाडौंबाट निकाला भएपछि उनी धादिङको सुनखानीमा आई बसेका थिए र यहीबाट उनले विभिन्न साहित्यिक रचनाहरू लेखेर धादिङको साहित्यिक अभियान सुरू गरका थिए । त्यहाँबाट धादिङको साहित्य लेखनको सुरूवात भएपनि यसलाई व्यवस्थित गर्ने र विभिन्न साहित्यिक गतिविधि सञ्चालन गर्ने अभिप्रायले वि.सं. २०५४ फागुन १३ गते धादिङका १३ जना महानुभावहरू मिलेर धादिङ साहित्य समाजको दर्ता मिति २०५७ श्रावण २३ गते जि.प्र.का. धादिङमा गरेको छ । दर्ता नं. ३६९ भएको यस समाजले तत्पश्चात् वैधानिकता प्राप्त गरी विभिन्न साहित्यिक गतिविधिहरू गर्दै आएको छ ।

## ५.२ उद्देश्यका आधारमा भएका कामहरू

धादिङ साहित्य समाजले आफ्ना उद्देश्यअनुरुप विभिन्न कार्यहरू गरिरहेको छ । उद्देश्यअनुसार समाजले नेपाली साहित्यका अग्रज साहित्यकारहरू महाकवि लक्ष्मीप्रसाद देवकोटा, आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट, कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम जस्ता विशिष्ट प्रतिभाहरूको जन्म जयन्ती भव्य रूपमा मनाउने कार्य गरिरहेको छ । सोही अवसरमा यस समाजले विभिन्न साहित्यिक प्रतियोगिताहरू पनि सञ्चालन गरिरहेको छ । ती प्रतियोगिताहरूमा मुख्यतः कविता प्रतियोगिता नै अधिक रूपमा सञ्चालन हुने गरेको छ । गठनपश्चात् यस समाजले हरेक महिनाको अन्तिम शनिबार बिसौनी नामको साहित्यिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्थापित प्रतिभा तथा नवप्रतिभा सबै खाले स्रष्टाहरू जमघट पारेर उनीहरूका आफ्ना लेख रचना प्रस्तुत गर्ने अवसर प्रदान गर्न सञ्चालित यस बिसौनी कणर्यक्रमले धादिङको साहित्यिक अभियानमा एउटा महत्त्वपूर्ण जागरण ल्याएको

देखिन्छ । यस कार्यक्रमले कुनाकाप्चामा लुकेर बसेका प्रतिभाहरूलाई महत्त्वपूर्ण अवसर दिएको छ । यस्ता बिसौनी कार्यक्रमहरू प्रत्येक महिना फरक फरक व्यक्तिको संयोजकत्वमा हुने गरेको छ र सो कार्यक्रममा राष्ट्रिय स्तरका स्रष्टा र व्यक्तित्वहरूलाई समेत निम्त्याउने गरेको पाइन्छ ।

स्थापना भएको १ वर्ष पछि वि.सं.२०५५ बाट नै यस समाजले आफ्नो मुखपत्र **बिसौनी**को प्रकाशन सुरु गरेको छ । आफ्नो बिसौनी कार्यक्रममा वाचन गरिएका लेख रचनाहरूलाई समेटेर डिल्लीरमणशर्मा अर्यालको प्रधान सम्पादकत्वमा प्रकाशित हुँदै आएको **बिसौनी**को हालसम्म ६ अङ्क प्रकाशित भएका छन् । भानु जयन्ती, लक्ष्मी जयन्ती, नववर्ष र विजयादशमी तथा शुभ दीपावलीको अवसर पारेर प्रकाशित ती बिसौनीहरूमा धादिङका विभिन्न स्रष्टाहरूका कथा, कविता, निबन्ध, नाटक, गीत, गजल तथा अन्य लेखहरू छापिएका छन् ।

आफूले गर्दै आएका नियमित साहित्यिक कार्यहरूका अलवा यस समाजले वि.सं.२०५७ चैत्र ३ र ४ गते राष्ट्रिय कवि सम्मेलन गऱ्यो । उक्त सम्मेलनमा १९० जना कविहरूको उपस्थिति रहेको थियो । बरिष्ठ साहित्यकार रमेश विकलको प्रमुख आतिथ्यमा सम्पन्न यस कवि सम्मेलनमा गोविन्दराज विनोदी, घनश्याम कँडेल, धनराज गिरी, भीम रानाभाट, भुवनहरि सिग्देल, मनोज गजुरेल, मोदनाथ प्रश्रित, मोहन दुवाल, रविकिरण निर्जीव, शुक्रराज अधिकारी जस्ता स्रष्टाहरूको उपस्थिति रहेको थियो । यसका अतिरिक्त यस समाजले धादिङका विभिन्न स्रष्टाहरूद्वारा लिखित साहित्यिक कृतिहरूको विमोचन गर्ने गरेको छ । ती विमोचित कृतिहरूमा डिल्लीरमणशर्मा अर्यालद्वारा लिखित **थोपल** (खण्डकाव्य) र **अर्याल वंशक्रम,** बाबुकाजी सिलवालद्वारा लिखित **हिमाली ढुकढुकी** (कविता सङ्ग्रह), दामोदर नलाङीको **नलाङकी सुसेलीहरू** (कवितासङ्ग्रह) हुन् ।

अग्रज साहित्यकारहरूलाई सम्मान गर्ने क्रममा यस समाजले वि.सं. २०५५ मा आदिकवि भानुभक्त आचार्यको प्रतिमा निर्माण गरी उद्घाटन समेत गरेको छ । यस समाजको तत्कालीन उपाध्यक्ष बद्री दाहालको संयोजकत्वमा गठित निर्माण समितिद्वारा निर्माण गरिएको भानुप्रतिमाको राष्ट्रकवि माधवप्रसाद घिमिरेबाट समुद्घाटन गरिएको थियो । उक्त समुद्घाटन कार्यक्रममा राष्ट्रिय स्तरका अन्य व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । समुद्घाटन कार्यक्रमपछि दिनुभएको लिखित शुभकामना सन्देशमा राष्ट्रकवि घिमिरेले धादिङले आजैदेखि

सांस्कृतिक पुनर्जागरण सुरू गरेको र धादिङ अब साहित्यकारहरूको तीर्थस्थल बनेको भावना व्यक्त भएको थियो ।

धादिङको साहित्यिक गतिविधिको खोजी गरी त्यस सम्बन्धमा प्रचार प्रसार गर्न पुस्तक प्रकाशन गर्ने अभिप्रायका साथ यस समाजले धादिङका वरिष्ठ साहित्यकार एवम् यसै समाजका अध्यक्ष डिल्लीरमणशर्मा अर्यालको सम्बन्धमा नवीनबन्धु पहाडीद्वारा सम्पादित पुस्तक **सिर्जना, साधना र चेतनाका त्रिवेणी डिल्लीरमणशर्मा अर्ज्याल** प्रकाशित गरेको छ । यसमा धादिङका एक साहित्यिक धरोहर उनै अर्ज्यालको जीवनी, व्यक्तित्व र कृतित्वको सम्बन्धमा धादिङका विभिन्न व्यक्तिहरूले गरेका टिप्पणी सङ्कलित छन् ।

धादिङमा कुनै पनि साहित्यिक पुरस्कारहरू स्थापना नभइरहेको अवस्थामा यस समाजले **दैवज्ञ स्रष्टा सम्मान** नामक रू एक लाख अक्षयकोष भएको पुरस्कार स्थापना गरेको छ । धादिङ भित्रका तथा बाहिरका सर्जकका कृतिहरूलाई समेत प्रदान गर्ने उद्देश्यले स्थापित यस पुरस्कारबाट हालसम्म कसैलाई सम्मानित गरिएको छैन ।

यस समाजले जिल्लाका अन्य सङघ संस्थाहरूसँग पनि मिलेर कार्य गरिरहेको छ । जिल्ला विकास समिति धादिङसँग मिलेर भानु प्रतिमा स्थापना गरेको यस समाजले पुरस्कार स्थापनाको लागि पनि विभिन्न दाताहरूसँग सहयोग जुटाइरहेको छ । जिल्लाको अन्य साहित्यिक सङ्घ संस्थाहरूसँग समेत मिलेर विभिन्न साहित्यिक कार्यक्रम गर्दै आएको छ । स्थापनाको हिसाबले तेह्र वर्षे अवधिमा यसले गरेका कार्यहरूमा राष्ट्रिय स्तरका व्यक्तित्वहरूको उपस्थिति हुनु, अग्रज साहित्यकारहरूको सम्झनामा भव्य कार्यक्रमहरू भइरहनु, स्रष्टाका लेख रचनाहरूलाई आफ्नो मुखपत्र **बिसौनी** मार्फत प्रकाशन गरिनुले धादिङमा मात्र नभएर सिङ्गो नेपाली साहित्यमा नै धादिङ साहित्य समाजको योगदान झल्कन्छ ।

## ५.३ जिल्लामा स्थापित साहित्यिक सङ्घ संस्थाका सापेक्षतामा यसले खेलेको भूमिका

धादिङमा वि.सं. २०५४ देखि नै औपचारिक रूपमा विभिन्न साहित्यिक सङ्घ संस्थाहरू स्थापना हुँदै आएका हुन् । हालसम्म जिल्लामा दर्ता भएका, दर्ता नभएका विगतमा साहित्यिक कार्यक्रम गरेका तर हाल निष्क्रिय रहेका, गैह्र साहित्यिक उद्देश्यले स्थापना भएका विभिन्न साहित्यिक सङ्घ संस्थाहरू रहेका छन् । ती सङ्घ संस्थाहरूमा गोधूलि साहित्य समाज, पाविल साहित्य परिवार, त्रिवेणी साहित्य समाज,  पृथक अभियान नेपाल, स्रष्टा अभियान धादिङ, भानु प्रतिष्ठान

धादिङ, जनता पुस्तकालय, कर्मचारी मिलन केन्द्र धादिङ आदि हुन् । यी संस्थाहरूले बेला मौकामा सहित्यिक कार्यक्रम, अन्तर्क्रिया, पुस्तक प्रकाशन, साहित्यिक पत्रिका प्रकाशन गर्दै जिल्लाको साहित्यिक विकासमा र सिङ्गो नेपाली साहित्यको विकासमा धेरथोर योगदान दिएका छन् । यी सङ्घ संस्थाहरूको सापेक्षतामा धादिङमा धेरै गतिविधि सञ्चालन गर्ने साहित्यिक संस्था धादिङ साहित्य समाज हो । वि.सं. २०५४ मा गठन भएको यस समाजले विविध साहित्यिक गतिविधि सञ्चालन गर्दै आफूलाई सक्रिय साहित्यिक संस्थाको रूपमा स्थापित गरेको छ ।

नियमित साधारण सभा, बैंकमार्फत आर्थिक कारोबार, पुरस्कार वितरणार्थ दैवज्ञ स्रष्टा सम्मान नामक अक्षय कोषको स्थापना, हरेक वर्ष संस्था नवीकरण गरेर यस समाजले संस्थालाई सुदृढ बनाउँदै लगेको छ । खुल्ला छलफल तथा लोकतान्त्रिक तौरतरिकाअनुसार नेतृत्व चयन, प्रत्येक वर्ष नयाँ नयाँ सदस्यहरूलाई संस्थामा आमन्त्रण गरी समसामयिक विषयमा साहित्यिक क्रियाकलाप सञ्चालन गर्नु यसका सबल पक्ष हुन् । त्यस्तै संस्थाप्रति अग्रज तथा अनुजको सम्मान र बढ्दो आकर्षण हुनुले पनि यसको भविष्य उज्ज्वल देखिन्छ । जिल्लामा स्थापित कतिपय साहित्यिक सङ्घ संस्थाहरूले नियमित कार्यक्रम गर्न सकेका छैनन् । पुस्तक प्रकाशनको हिसाबले पनि यो समाज अगाडि छ । त्यस्तै यसले आफ्नो मुखपत्र **बिसौनी**को प्रकाशनलाई पनि निरन्तरता दिने क्रममा रहेको छ ।

## ५.४ धासासको शक्ति र सीमा

धादिङ साहित्य समाज धादिङको पहिलो साहित्यिक संस्था हो । यसले आफ्नो स्थापना कालदेखि नै विविध साहित्यिक क्रियाकलाप गर्दै नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएको छ । यस संस्थामा आबद्ध सदस्यहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहिचान गराएका छन् । यस संस्थाका मानार्थ सदस्य नवराज लम्साल अन्तर्राष्ट्रिय स्तरका वरिष्ठ पत्रकारका साथै नेपाली कविता साहित्यका महत्त्वपूर्ण साधक हुन् । त्यस्तै यस समाजका वर्तमान अध्यक्ष डिल्लीरमणशर्मा अर्याल वरिष्ठ भाषाविद तथा साहित्यकार हुन् । त्यसै गरी यस समाजका आजीवन सदस्य एवम् वर्तमान सचिव नवीनबन्धु पहाडी उदाउँदो साहित्यकार हुन् भने बद्री दाहाल 'भस्मासुर', बाबुकाजी सिलवाल, हरि खनाल, हेमराज अर्याल, प्रयास सौरभ श्रेष्ठ जस्ता स्रष्टाले राष्ट्रिय स्तरमा आफ्नो पहिचान कायम गरेका छन् ।

स्थानीय स्तरमा राम्रो परिचय स्थापित गर्न सफल साहित्यकारहरू दीपेन्द्रसिंह थापा, कल्पना अधिकारी, सीता अधिकारी, गोविन्द बुढाथोकी, तिलु गुरुङ, दामोदर नलाडी, रमेश अधिकारी जस्ता प्रतिभाहरू यस समाजमा आबद्ध रहेका छन् जसले युवापुस्ताको नेतृत्व गरिरहेको छ । यस समाजमा सफल उद्यमीहरू पनि आबद्ध छन् । शान्तविक्रम बाँनिया, कल्पना अधिकारी यस लहरमा पर्दछन् । यसबाहेक थुप्रै नवप्रतिभाहरू यस समाजमा आबद्ध भएका छन् ।

जिल्लामा स्थापित साहित्यकार तथा धेरै नवप्रतिभाहरू यसमा आबद्ध हुनु, धेरै साहित्यिक गतिविधि सञ्चालन गर्नु, यसले आयोजना गरेको साहित्यिक कार्यक्रमहरूमा राष्ट्रिय स्तरको महत्त्वपूर्ण व्यक्तित्वहरूको सहभागिता हुनु, सबै खाले आस्था र विचारका प्रतिभाहरूको साझा मञ्चको रूपमा विकास हुनु यस समाजका शक्ति हुन् ।

धासासले परम्परागत रूपमा मनाउँदै आएका जयन्तीहरूलाई विविध कार्यक्रम गर्दै निरन्तरता दिनु तर अन्य प्रतिभाहरूको जयन्तीमा कुनै कार्यक्रम नराखिनु यसका सीमा हुन् भन्न सकिन्छ । बालकृष्ण सम, गोपालप्रसाद रिमाल, भूपी शेरचन, पारिजात जस्ता राष्ट्रिय व्यक्तित्वको जयन्ती मनाउनेतिर यसको ध्यान पुग्न सकेको देखिदैन । कुनै पनि कार्यक्रम सञ्चालन गरेपछि त्यसको समीक्षा गर्ने गरेको खासै पाइँदैन । त्यस्तै यस समाजको बारेमा राष्ट्रिय स्तरसम्म प्रभावकारी रूपमा प्रचार प्रसार हुन सकेको छैन । यसैगरी आफूले प्रकाशन गरेका पुस्तक तथा पत्रपत्रिकाहरूको व्यवस्थित भण्डार गर्न नसक्नु यसको कमजोरी हो । जिल्लामा धेरै साहित्यिक गतिविधि गर्ने संस्था भएर पनि सञ्चार माध्यममा जति स्थान ओगट्नु पर्ने हो, त्यति पाइदैन । आर्थिक अभावको कारण यसले आफ्नो कार्यालय व्यवस्थित गर्न नसकेको देखिन्छ । यी सबै यसका सीमा हुन पुगेका छन् ।

साहित्य सिर्जनालाई प्राविधिक कुराले छेक्न सक्दैन । जिल्लामा साहित्यिक गतिविधि सञ्चालन गर्न यसले निर्वाह गरेको भूमिका उल्लेखनीय छ । जिल्लाको पुरानो साहित्यिक संस्था भएको नाताले यस समाजबाट अझ धेरै रचनात्मक क्रियाकलापको अपेक्षा गर्नु अन्यथा हुँदैन । आफ्नो सीमित साधन र स्रोतबाट यस समाजले जे जति कार्य गर्न सक्यो, त्यसैमा यस संस्थाको ऐतिहासिक महत्त्व झल्कन्छ ।

## ५.५ निष्कर्ष

भाषा र साहित्यको सेवा गर्ने हेतुले वि.सं. २०५४ फागुन १३ गते धादिङ साहित्य समाजको गठन भएको हो । यसले आफ्ना उद्देश्यअनुरूप साहित्य सिर्जनामा प्रोत्साहन गर्ने, भाषा र साहित्यको क्षेत्रमा अध्ययन अनुसन्धान कार्यहरू गर्ने, सामयिक रूपमा साहित्यकारहरूको भेला गरी विभिन्न गोष्ठी तथा प्रतियोगिता आयोजना गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ । जिल्लामा स्थापित अन्य साहित्यिक सङ्घ संस्थाको तुलनामा यस समाजले धेरै साहित्यिक गतिविधिहरू सञ्चालन गरिरहेको छ । साहित्यप्रति रुचि भएका सबै व्यक्तिहरूलाई खुल्ला आमन्त्रण गरेर यस समाजले आफ्नो संस्थामा सङ्गठित गरिरहेको छ जसको कारण जिल्ला भित्र र बाहिरका धेरै स्रष्टाहरू यसमा आबद्ध हुन पुगेका छन् । सबै विचार र आस्थाका स्रष्टाहरूको साझा मञ्चको रूपमा स्थापित यस समाजका विभिन्न साहित्यिक गतिविधिहरूले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएको भन्न सकिन्छ ।

# परिच्छेद ६

# उपसंहार

विभिन्न जातजातिको मिश्रित थलोको रूपमा रहेको धादिङ जिल्ला नेपालको मध्य भागको एक पहाडी जिल्ला हो । यो जिल्ला भौगोलिक, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय हिसाबले महत्त्वपूर्ण छ । नेपालको राजधानी काठमाडौंसँग जोडिएको यस जिल्लाको कतिपय स्थानहरू राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको एकीकरण कार्यहरूसँग जोडिएको पाइन्छ । आंशिक सहरी सुविधा भएको, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, उद्योग, मनोरञ्जन आदिको राम्रै पूर्वाधार भएको यस जिल्लामा विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, रीतिरिवाज मान्ने सम्प्रदायका मानिसहरूको बसोबास रहेको छ । सामाजिक, धार्मिक र राजनीतिक रूपमा पनि छुट्टै पहिचान बोकेको यो जिल्ला कृषि, पशुपालन र वनजङ्गल संरक्षण आदिको दृष्टिले अगाडि रहेको छ । यहाँका मानिसहरूको सामाजिक, सांस्कृतिक जनजीवनमा एकरूपता छैन । विविध खाले संस्कृति अपनाए पनि यहाँका मानिसहरू एकताबद्ध रूपमा बसोबास गरेका छन् ।

धादिङ जिल्लाको साहित्यिक परम्परा लामो रहेको छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको समकालीन पं. चक्रपाणि अर्ज्यालका कान्छा छोरा दैवज्ञकेशरी अर्ज्यालबाट नै धादिङको साहित्य परम्परा सुरु भएको हो । यिनी काठमाडौंबाट निकाला भएपछि धादिङको सुनखानीमा आई बसे र त्यहीँबाट साहित्य लेखन आरम्भ गरेका हुन् । यिनले रचना गरेको **गोरक्षयोगशास्त्र** (१८७७) **अश्वशुभाशुभ परीक्षा** नै धादिङको पहिलो साहित्यिक कृति मानिएको छ । धादिङको साहित्य सृजन परम्परालाई हेर्दा प्राथमिककालीन साहित्यकारहरूमा दैवज्ञकेशरी अर्ज्याल, विद्यारण्यकेशरी अर्ज्याल रहेका छन् भने माध्यामिककालीन साहित्यकारहरूमा दानराज लामिछाने, वीरेन्द्रकेशरी अर्ज्याल, कुलचन्द्र गौतम, होमनाथ खतिवडा, भवानीप्रसाद खतिवडा, कुञ्जविलास गौतम, कृष्णप्रसाद रेग्मी जस्ता प्रतिभाहरू रहेका छन् । त्यस्तै आधुनिक कालको पहिलो लहरमा केशवराज पिंडाली, पूर्णप्रसाद ब्राह्मण, कृष्णप्रसाद चापागाई, केवलपुरे किसान आदि पर्दछन् भने पछिल्लो चरणमा डिल्लीरमणशर्मा अर्याल, कृष्ण गौतम, जैनेन्द्र जीवन, घनश्याम कँडेल, टी.एन. गोपीकृष्ण अधिकारी, बलदेव अधिकारी जस्ता देखा पर्दछन् । त्यसभन्दा पछि देखा परेका अन्य प्रतिभाहरूमा रामहरि लम्साल, नवीनबन्धु पहाडी, बद्री दाहाल, नवराज लम्साल, रमेशचन्द्र अधिकारी, रामचन्द्र लम्साल आदि रहेका छन् । यसरी धादिङको साहित्यिक परम्परालाई अगाडि

बढाउन यी प्रतिभाहरू लगायत अन्य थुप्रै नवप्रतिभाहरूले महत्त्वपूर्ण योगदान गरेको देखिन्छ । ती स्रष्टाहरूले आफ्ना रचनाहरू पुस्तकाकारको रूपमा प्रकाशित गरेका छन् भने कतिपय पत्रपत्रिकामा पनि प्रकाशित भएका छन् । २०३६ सालमा भैरवी मा.वि.बाट प्रकाशित **भैरवी** पत्रिकाले साहित्यका लेख रचनालाई स्थान दिएपछि पत्रपत्रिकामा साहित्यको सुरुवात भएको हो र अहिले विभिन्न साहित्यिक पत्रिका तथा अन्य समाचारमूलक पत्रिकाहरुले साहित्यिक रचनाहरूलाई नियमित रूपमा छाप्दै आएको छ ।

जिल्लामा साहित्यिक सङ्घ संस्थाको इतिहास हेर्दा त्यति लामो देखिदैन । वि.सं.२०५४ मा बेनीघाटका उत्साही युवाहरूबाट गोधूलि साहित्य समाजको गठन भएर यसले **गोधूलि** नामक हवाइ पत्रिका प्रकाशन गरेपनि हाल यो समाज निष्क्रिय छ । त्यसभन्दा अघि नै जनता पुस्तकालयले वि.सं. २०४९ देखि विभिन्न साहित्यिक गतिविधि सञ्चालन गरेको बुझिन्छ । यसले **बिन्दुकेशरी** नामको स्मारिका पनि प्रकाशन गरेको छ । त्यस्तै यस जिल्लामा गठन भएका अन्य सङ्घ संस्थाहरूमा पाविल साहित्य परिवार, त्रिवेणी साहित्य समाज, पृथक अभियान नेपाल, स्रष्टा अभियान धादिङ, भानु प्रतिष्ठान धादिङ आदि हुन् । यी संस्थाहरूमध्ये वि.सं.२०५६ मा जिल्लाको दक्षिण भागमा गठन भएको पाविल साहित्य परिवारले स्थानीय प्रतिभाहरूको खोजी गरी साहित्यिक गतिविधिलाई अगाडि बढाउने प्रयास गरेपनि केही समय पछि यो परिवार निस्क्रिय बन्न पुगेको देखिन्छ । वि.सं. २०५५ मा गठन भएको त्रिवेणी साहित्य समाजले भने जिल्लाको साहित्यिक गतिविधिलाई केही उठाउन कोसिस गरिरहेको छ । हालै मात्र गठन भएको पृथक अभियान नेपाल जुर्मुराएर उठेको छ । यसले आफ्नो गठन लगत्तै २०६५ सालमा धादिङका कविहरूलाई समेटेर **धादिङका कवि प्रतिभा** नामक पुस्तक प्रकाशन गऱ्यो भने हाल विभिन्न साहित्यिक अभियानमा यो संस्था जुटिरहेको छ । गैह्र साहित्यिक उद्देश्यले स्थापित भएको कर्मचारी मिलन केन्द्र धादिङले वर्षेनी **आँखुको सुसेली** नामक मुखपत्र प्रकाशन गरेर त्यहाँ साहित्यलाई यथेष्ट स्थान दिएको पाइन्छ ।

यसरी धादिङको साहित्यिक अभियानमा केही साहित्यिक सङ्घ संस्थाहरू निष्क्रिय भएपनि केही भने सक्रिय रूपबाट अगाडि बढिरहेका छन् ।

साहित्य सिर्जन परम्पराको हिसाबले धादिङ जिल्ला नेपाली साहित्यको प्राथमिककालीन समयसँग जोडिएको भए पनि यहाँ साहित्यिक गतिविधिको प्रतिनिधित्व गर्ने र भाषा साहित्यलाई संरक्षण र सम्बर्द्धन गर्ने साहित्यिक सङ्घ संस्थाहरूको अभाव खड्किरहेको बेला वि.सं. २०५४ फागुन १३

गते धादिङ जिल्लाको श्री नीलकण्ठ उ.मा.वि. धादिङबेसीमा १३ जना स्रष्टाहरूको सक्रियतामा धादिङ साहित्य समाजको गठन भएको हो । गठनपश्चात् हरेक महिनाको अन्तिम शनिबार **बिसौनी** साहित्यिक कार्यक्रम गर्दै आएको छ । यस समाजको दर्ता वि.सं. २०५७ श्रावण २३ गते जि.प्र.का. धादिङमा भएको हो । आफ्नो उद्देश्यअनुरूप जिल्लाभित्र तथा जिल्ला बाहिरका स्रष्टाहरूलाई संस्थामा आबद्ध गर्ने क्रममा यस समाजको साधारण, आजीवन, संरक्षक, सल्लाहाकार र मानार्थ सबै गरी जम्मा ९१ सदस्य रहेका छन् । यस समाजले वि.सं. २०५८ आषाढमा र २०६१ जेठमा अधिवेशन गरी नेतृत्व चयन गरेको छ । कार्यसमितिमा अरू पदाधिकारी तथा सदस्यहरू परिवर्तन भए पनि यस समाजको अध्यक्षमा सुरुदेखि हालसम्म डिल्लीरमणशर्मा अर्याल रहँदै आउनुभएको छ । यस समाजले हरेक वर्ष संस्था नवीकरण, बैंक मार्फत आर्थिक कारोबार, पुरस्कार वितरणको लागि अक्षयकोषको स्थापना गरी विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ । राष्ट्रिय प्रतिभाहरूको जयन्तीका अवसरमा विविध साहित्यिक गतिविधि, राष्ट्रिय कवि सम्मेलन, आदिकवि भानुभक्त आचार्यको प्रतिमा स्थापना, मासिक रूपमा बिसौनी कार्यक्रम, बेलाबेलामा कविता प्रतियोगिता, पुस्तकहरूको विमोचन जस्ता कार्यक्रमहरू गरेर धादिङ तथा नेपाली साहित्यको विकासमा यसले ठूलो योगदान दिएको छ ।

भाषा र साहित्यको सेवा गर्ने हेतुले यस साहित्य समाजको गठन भएको हुँदा आफ्नो उद्देश्य अनुरूप साहित्य सिर्जनामा प्रोत्साहन गर्ने, भाषा र साहित्यको क्षेत्रमा अध्ययन अनुसन्धान कार्यहरू गर्ने, सामयिक रूपमा साहित्यकारहरूको भेला गरी विभिन्न गोष्ठी तथा प्रतियोगिता आयोजना गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ । आफ्नो नियमित बिसौनी कार्यक्रम बाहेक यस समाजले राष्ट्रिय कवि सम्मेलन, जिल्लाव्यापी कविता प्रतियोगिता, भानुप्रतिमा निर्माण, विभिन्न पुस्तकहरूको विमोचन जस्ता कार्यहरू गर्दै आएको छ । स्थापनाको एक वर्ष पछिनै आफ्नो मुखपत्र **बिसौनी** प्रकाशन गर्दै हालसम्म यसले ६ अङ्कसम्म प्रकाशन गरिसकेको छ । यसमा भानु विशेषाङ्क, लक्ष्मी जयन्ती विशेषाङ्क आदि रहेका छन् । यसका साथै यसले नवीनबन्धु पहाडीद्वारा सम्पादित **सिर्जना**, **साधना** र **चेतनाका त्रिवेणी डिल्लीरमणशर्मा अर्याल** नामक पुस्तक पनि प्रकाशन गरेको छ ।

त्यस्तै यस समाजले स्रष्टाहरूलाई प्रोत्साहित गर्न **दैवज्ञ स्रष्टा सम्मान** नामको पुरस्कार पनि स्थापना गरेको छ । हाल यस समाजमा जिल्लाका राष्ट्रिय रूपमा परिचित स्रष्टाहरू तथा नवप्रतिभाहरू आबद्ध भएका छन् ।

धादिङ जिल्लामा धेरै नै साहित्यिक गतिविधिहरू सञ्चालन गरिरहेको भए पनि यस समाजका विभिन्न कमजोरीहरू रहेका छन् । नियमित रूपमा अधिवेशन हुन नसक्नु, धेरै पुस्तक प्रकाशन गर्न नसक्नु, आफ्नो मुखपत्र **बिसौनी**लाई वार्षिक रूपमा निरन्तर प्रकाशन गर्न नसक्नु यसका कमजोरीहरू हुन् । विशेषतः द्वन्द कालमा यस समाजका गतिविधिहरूमा केही शिथिलता आएको देखिन्छ । पदाधिकारीहरूको तितरबितर र आफ्नो आफ्नो पेसामा आबद्ध भएका कारण यस समाजलाई जीवित राख्ने काम सीमित व्यक्तिबाट मात्र भएको छ । लोकतान्त्रिक आन्दोलन पछि पनि कार्यसमिति एकै ठाउँमा जुट्न नसक्दा यस समाजको गतिविधि अलि कम नै देखिन्छ । हाल यस समाजले आफ्नो गतिविधिलाई सशक्त ढङ्गबाट लाने कोसिस गरिरहेको छ । अग्रज-अनुज तथा सबै खाले विचार, भावना र आस्था बोकेका स्रष्टाहरूको साझा साहित्यिक मञ्चको रूपमा परिचित यस समाजले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ ।

# सन्दर्भ सूची

## (क) सन्दर्भ पुस्तक सूची


अर्ज्याल, डिल्लीरमण **नेपाल दर्शन**, धादिङ : लेखक स्वयम्, २०६७ ।

गाउँले, अधिकारी, बलदेव **त्रिफला**, लेखक स्वयम् २०५९ ।

तामाङ, मानसिंह **आँखुक्षेत्रका तामाङ जाति**, काठमाडौं : अराउण्ड द वर्ल्ड सर्भिसेज प्रा.लि., २०६० ।

थपलिया, बालकृष्ण **चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान**, अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, २०६६ ।

थापा, दीपेन्द्रसिंह **जीर्ण पर्खाल**, धादिङ : लेखक स्वयम्, २०६४ ।

पहाडी, नवीनबन्धु **पहाडीका कविताहरू**, धादिङ : लेखक स्वयम्, २०५८ ।

——————, **सिर्जना, साधना र चेतनाका त्रिवेणी डिल्लीरमणशर्मा अर्ज्याल**, धादिङ : धादिङ साहित्य समाज, साल उल्लेख नभएको ।

'भस्मासुर', दाहाल, बद्री **भस्मासुरका खित्का**, मिश्रा दाहाल, २०५७ ।

शर्मा, शिशिर (सम्पा.) **धादिङका कवि प्रतिमा**, पृथक अभियान नेपाल, २०६५ ।

श्रेष्ठ, प्रयास सौरभ **बिम्ब प्रतिबिम्ब**, धादिङ : लेखक स्वयम्, २०५८ ।

——————, **अजब गजब**, धादिङ : लेखक स्वयम्, २०६० ।

सिलवाल, बाबुकाजी **यात्रा संस्मरण-जुम्ला आक्रमण**, धादिङ : शिव शङ्कर सिलवाल, २०६१ ।

सुवेदी, शंकर **आमा,** धादिङ : रामप्रसाद सुवेदी, २०५९ ।

## (ख) सन्दर्भ पत्रिका सूची


**आँखुको सुसेली**, धादिङ :कर्मचारी मिलन केन्द्र (वर्ष १५, अङ्क ११, २०६७) ।

**उद्बोधन** द्वैमासिक, धादिङ : पाविल साहित्य परिवार (वर्ष १, अङ्क १, २०५९) ।

**गोधूलि** द्वैमासिक, धादिङ : गोधूलि साहित्य समाज (वर्ष १, अङ्क १, २०५४) ।

**जिल्ला गै.स.सं. प्रोफाइल**, धादिङ गै.स.सं. महासङ्घ नेपाल, जिल्ला शाखा धादिङ, पृष्ठ २-३ ।

**जिल्ला वस्तुगत विवरण**, धादिङ, शाखा तथ्याङ्क कार्यालय, मकवानपुर, (२०६३), पृष्ठ ३-४८ ।

**जिल्ला विकास योजना**, जिल्ला विकास समिति धादिङ (२०६४/०६५) पृष्ठ १-६ ।

**धादिङ जिल्लाको संक्षिप्त परिचय**, जिल्ला विकास समिति धादिङ (२०६६) पृष्ठ उल्लेख नभएको

**नयाँ क्षितिज**, धादिङ : नेपाली विषय शिक्षण शिक्षक समिति (वर्ष १, अङ्क १, २०६६) ।

**नागरिक आवाज**, धादिङ : गै.स.सं. महासङ्घ जिल्ला शाखा धादिङ (२०६२) ।

पहाडी, नवीनबन्धु, *गरिमामय माटोका सन्ततिद्वारा सिर्जित धादिङको साहित्यिक इतिहास,* **स्पन्दन**, धादिङ : त्रिवेणी साहित्य समाज (रजत विशेषाङ्क, २०६२) पृष्ठ १-२

**बिन्दुकेशरी** (स्मारिका) धादिङ : जनता पुस्तकालय (२०५१, आश्विन) पृष्ठ ६६-६९ ।

**बिसौनी**, सबै अङ्कहरू, धादिङ : धादिङ साहित्य समाज ।

लम्साल, रामचन्द्र, *धादिङको गरिमा र साहित्यिक सम्पदा,* **ज्ञानज्योति,** धादिङ : नेपाल विद्यार्थी सङ्घ (वर्ष ८, अङ्क ३, २०६१) पृष्ठ २५-३० ।

**शैक्षिक झलक**, धादिङ, जि.शि.का. धादिङ (२०६६) ।

## (ग) सन्दर्भ व्यक्ति सूची

| | |
|---|---|
| डिल्लीरमणशर्मा अर्याल | नीलकण्ठ-५, धादिङ |
| नवीनबन्धु पहाडी | नीलकण्ठ-५, धादिङ |
| बाबुकाजी सिलवाल | नीलकण्ठ-५, धादिङ |
| रमेश अधिकारी | सुनौला बजार, धादिङ |
| राजेन्द्रप्रताप शाह | मैदी-२, धादिङ |
| दीपेन्द्रसिंह थापा | गजुरी, धादिङ |
| प्रयास सौरभ श्रेष्ठ | बेनीघाट-८, धादिङ |
| विश्वराज अधिकारी | नीलकण्ठ-५, धादिङ |

# परिशिष्ट

## परिशिष्ट - १
## व्यक्तिगत विवरण फारम

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको स्नात्तकोत्तर दोस्रो वर्षको शोधार्थी भैरब खान ठकुरीद्वारा गरिएको **नेपाली साहित्यको विकासमा धादिङ साहित्य समाजको योगदान** शीर्षकको शोधपत्र तयार गर्ने क्रममा भराइएको व्यक्तिगत विवरण फारम ।

**क) संक्षिप्त परिचय :**

१) नाम

२) साहित्यिक नाम

३) जन्म मिति

४) स्थायी ठेगाना

५) हालको ठेगाना

६) फोन/ईमेल

७) पिताको नाम

८) आमाको नाम

९) शैक्षिक योग्यता

१०) पेशा

११) साहित्य लेखनको सुरुआत

१२) पहिलो प्रकाशित रचना

ख) प्रकाशित कृतिहरू

ग) मान, सम्मान, पुरस्कार

घ) सामाजिक/साहित्यिक सङ्घ संस्थामा क्रियाशीलता

ङ) लेखनलाई प्राप्त प्रेरणा

च) साहित्य सम्बन्धी दृष्टिकोण

छ) धादिङ साहित्य समाजमा तपाइँको आबद्धता र अहिलेको अवस्था

ज) धादिङ साहित्य समाजले धादिङको साहित्यिक विकासमा र नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदान

झ) अन्य केही भए

..............................

हस्ताक्षर

# परिशिष्ट-२
# धादिङ जिल्ला

